# सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको सम्भावना तथा चुनौतीहरु

## विशेष अध्ययन प्रतिवेदन



## नेपाल राष्ट्र बैंक

### धनगढी कार्यालय

२०८० असार

## भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ बमोजिम बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयमा आफूले गरेको तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले सार्वजनिक रुपमा प्रकाशन र प्रसारण गर्ने गरेको छ । मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् बैंकका प्रदेशस्थित कार्यालयहरुले पनि "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९ सहित)" को व्यवस्था अनुसार प्रादेशिक विषयहरुमा विशेष अध्ययन गर्ने गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० को कार्ययोजना बमोजिम "सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको सम्भावना र चुनौतीहरु" विषयमा विशेष अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस प्रदेशका विभिन्न धार्मिकस्थलहरु मध्ये बैतडी जिल्लाको त्रिपुरा सुन्दरी र मेलौली भगवती मन्दिर, बझाङ, बाजुरा, अछाम र डोटी जिल्लाको खप्तड क्षेत्र, डडेलधुरा जिल्लाको उग्रतारा मन्दिर र परशुराम क्षेत्र, दार्चुला जिल्लाको मालिकार्जुत मन्दिर, डोटी जिल्लाको शैलेश्वरी मन्दिर, डडेलधुरा जिल्लाको उग्रतारा मन्दिर, कैलाली जिल्लाको बेहडा बाबा मन्दिर, कञ्चनपुर जिल्लाको सिद्धबाबा मन्दिरहरुमा प्रश्नावली सर्वेक्षणका माध्यमबाट धार्मिक पर्यटनसँग जोडिएर आउने विषयहरुसँग सम्बन्धित तथ्याङ्क संकलन एवम् विश्लेषण गरी यो प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क, विवरणहरु उपलब्ध गराई सहयोग गर्नुहुने होटल व्यवसायी, स्थानीय, पर्यटक, स्थानीय तहका जनप्रतिनिधि, यातायात व्यवसायी, मन्दिर व्यवस्थापन, अन्य सरोकारवाला निकायलाई हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदनको तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखन कार्यमा संलग्न यस बैंकका उपनिर्देशक राजन बाबु पाण्डेय, सहायक निर्देशकद्वय ध्रुब कार्की र तुलसा ओझा तथा प्रधान सहायकद्वय ललित कार्की र अर्जुन बहादुर धामीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बिनोद राज लेखक
निर्देशक
नेपाल राष्ट्र बैंक, धनगढी

## विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| | *भूमिका* | i |
| | *तालिकाहरुको सूची* | iv |
| | *चार्टहरुको सूची* | v |
| | *कार्यकारी सारांश* | vii |
| **परिच्छेद - १** | **अध्ययनको परिचय** | **१-१२** |
| | अध्ययनको षृष्ठभूमि | १ |
| | छनोटमा समावेश गरिएका धार्मिकस्थलहरुको संक्षिप्त परिचय | ७ |
| | अध्ययनको उद्देश्य | १२ |
| | अध्ययनको औचित्य/महत्व | १२ |
| | अध्ययनको सीमा | १२ |
| **परिच्छेद - २** | **कृति समीक्षा** | **१३-१४** |
| | परिचय | १३ |
| | अन्तराष्ट्रिय कृतिहरुको समीक्षा | १३ |
| | राष्ट्रिय कृतिहरुको समीक्षा | १४ |
| **परिच्छेद - ३** | **अध्ययनको विधि** | **१५-१९** |
| | परिचय | १५ |
| | अध्ययनको ढाँचा | १५ |
| | तथ्याङ्कको स्रोत | १५ |
| | प्राथमिक तथ्याङ्क संकलन विधि | १५ |
| | नमूना छनोट तथा प्रश्नावलीको ढाँचा | १६ |
| | अर्न्तवार्तामा छनोट भएका मुख्य इकाईहरु | १८ |
| | प्रश्नावलीको प्रिटेष्ट, स्थलगत सर्वेक्षण र अनुगमन | १८ |
| | तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण विधि | १९ |
| **परिच्छेद - ४** | **तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण** | **२०-५०** |
| | सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको प्रस्तुतीकरण | २० |
| | अवलोकनका क्रममा देखिएका विवरण | २० |

| | | |
|---|---|---|
| | धार्मिकस्थलहरुमा आन्तरिक पर्यटकको अवस्था | २३ |
| | धार्मिकस्थलहरुमा पर्यटकस्तरीय होटलको अवस्था | २९ |
| | धार्मिकस्थलहरुमा यातायात सेवाको अवस्था | ३४ |
| | धार्मिकस्थलहरुको व्यवस्थापनको अवस्था | ३५ |
| | धार्मिक पर्यटनले स्थानीय स्तरमा भएको परिवर्तन | ३७ |
| | बजेट विनियोजन | ४३ |
| | धार्मिक पर्यटनको प्रवर्द्धनमा सुदूरपश्चिम सरकारको भूमिका | ४४ |
| | पर्यटकहरुबाट आम्दानी | ४७ |
| | धार्मिकस्थल प्रवर्द्धनका निमित्त भविष्यका योजनाहरु | ४७ |
| | सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको सम्भावना | ४९ |
| | सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको चुनौती | ५० |
| **परिच्छेद - ५** | **निष्कर्ष तथा सुझाव** | **५२-५५** |
| | निष्कर्ष | ५२ |
| | सुझावहरु | ५५ |

## तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका १.१ | सुदूरपश्चिम प्रदेशको प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचकहरु | २ |
| तालिका १.२ | नेपालमा धर्म अनुसारको जनसंख्या | ३ |
| तालिका १.३ | विगत ५ वर्षको धार्मिक पर्यटक आगमनको स्थिति | ४ |
| तालिका १.४ | माग अनुसारको धार्मिक पर्यटन आगमन र औषत बसाई | ५ |
| तालिका १.५ | विगत ५ वर्षको खप्तड राष्ट्रिय निकुञ्जको पर्यटक आगमन संख्या | ५ |
| तालिका १.६ | सुदूरपश्चिम प्रदेशका प्रमुख चाडपर्व तथा मेलाहरु | ६ |
| तालिका १.७ | खप्तड राष्ट्रिय निकुञ्जको क्षेत्रफल बिवरण | ११ |
| तालिका ३.१ | सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीयस्थलहरुको जिल्लागत विवरण | २६ |
| तालिका ३.२ | छनोट गरिएका पर्यटकीय क्षेत्रहरुको नमूना | २६ |
| तालिका ३.३ | तथ्याङ्क संकलन गर्न छनोट भएका आवश्यक नमूना | २७ |
| तालिका ४.१ | सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीय स्थलहरुमा कुल पर्यटक आगमन | ३२ |
| तालिका ४.२ | धार्मिकस्थल भ्रमणको मुख्य उद्देश्य | ३४ |
| तालिका ४.३ | धार्मिकस्थलको भ्रमणमा पर्यटकको बसाइ अवधि | ३६ |
| तालिका ४.४ | स्थान विशेषका आधारमा पर्यटकको खर्च संरचना (प्रतिशत) | ३७ |
| तालिका ४.५ | धार्मिकस्थलमा रहेका प्रति होटलमा रोजगारी संख्या | ३८ |
| तालिका ४.६ | धार्मिकस्थलमा रहेका होटलमा उपलव्ध हुने बेड संख्या | ४० |
| तालिका ४.७ | होटलहरुको औषत मासिक बिक्रीको अवस्था | ४१ |

## चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट ४.१ | सडक सञ्जाल तथा यातायातको स्थिति | २० |
| चार्ट ४.२ | सडकको स्थिति | २१ |
| चार्ट ४.३ | उमेर अनुसार धार्मिक स्थलमा पर्यटक आवागमनको अवस्था | २४ |
| चार्ट ४.४ | पेशा अनुसार धार्मिकस्थलमा पर्यटक आवागमनको अवस्था | २४ |
| चार्ट ४.५ | धार्मिक स्थलसम्म पुग्न मुख्य माध्यमहरुको प्रयोग (प्रतिशतमा) | २५ |
| चार्ट ४.६ | आन्तरिक पर्यटकको भ्रमण खर्च संरचना | २७ |
| चार्ट ४.७ | सिजनमा ठाउँ कम भएर पर्यटकहरुलाई फर्काउनु परेको वा नपरेको | ३० |
| चार्ट ४.८ | धार्मिक स्थलका होटलहरुमा बुकिङ्गको अवस्था | ३० |
| चार्ट ४.९ | धार्मिक स्थलका होटलहरुमा भुक्तानीको माध्यम | ३१ |
| चार्ट ४.१० | होटलहरुको भविष्यको योजना | ३२ |
| चार्ट ४.११ | Chain होटल संग आवद्ध हुन ईच्छुक होटलहरु | ३३ |
| चार्ट ४.१२ | धर्म र जातियताको आधारमा प्रवेश निषेध | ३६ |
| चार्ट ४.१३ | धार्मिक स्थलमा संकलित भेटी, दक्षिणा र प्रसादको स्थिति (रु.लाखमा) | ३७ |
| चार्ट ४.१४ | स्थानीयवासीको उमेर समूह (प्रतिशत) | ३८ |
| चार्ट ४.१५ | सर्वेक्षणमा सहभागी स्थानीयको मुख्य पेशा (प्रतिशत) | ३८ |
| चार्ट ४.१६ | स्थानीय स्तरमा परिवर्तन | ३९ |
| चार्ट ४.१७ | तीर्थस्थल र वरपरका क्षेत्रका पूर्वाधारहरुमा सुधार | ३९ |
| चार्ट ४.१८ | स्थानीय व्यवसायीको व्यापार तथा तीर्थस्थल र वरपरका क्षेत्रमा बजारको विस्तार | ४० |

| | | |
|---|---|---|
| चार्ट ४.१९ | स्थानीय स्तरमा व्यापार, प्राकृतिक सम्पदा र देखासिकी प्रवृत्ति | ४० |
| चार्ट ४.२० | सरकारी सेवाको गुणस्तरमा बृद्धि भएको वा नभएको | ४१ |
| चार्ट ४.२१ | तीर्थस्थल र आसपासका क्षेत्रमा अपराधिक गतिविधि | ४१ |
| चार्ट ४.२२ | तीर्थस्थल र आसपासका क्षेत्रमा बसाई सराई | ४२ |
| चार्ट ४.२३ | लोपोन्मुख जीवजन्तुलाई नकरात्मक प्रभाव | ४२ |
| चार्ट ४.२४ | स्थानीय स्तरमा फोहोरमैला व्यवस्थापन, वन विनास र प्रदुषणको स्थिति | ४२ |
| चार्ट ४.२५ | प्रदुषणका प्रकारमा वृद्धि | ४३ |
| चार्ट ४.२६ | बाढी पहिरो र जलवायु परिवर्तन | ४३ |
| चार्ट ४.२७ | जिल्लागत धार्मिक पर्यटन पूर्वाधार निर्माण संख्या | ४५ |
| चार्ट ४.२८ | धार्मिक पर्यटन पूर्वाधार निर्माणमा जिल्लागत खर्च बिवरण (रु. लाखमा) | ४५ |
| चार्ट ४.२९ | धार्मिक पर्यटनमा वार्षिक खर्च बिवरण (रु.लाखमा) | ४६ |
| चार्ट ४.३० | आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म जिल्लागत धार्मिक पर्यटनमा खर्च रकम (प्रतिशतमा) | ४६ |
| चार्ट ४.३१ | आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म जिल्लागत पर्यटन पदमार्ग निर्माणमा खर्च रकम | ४७ |

## कार्यकारी सारांश

सुदूरपश्चिम प्रदेशमा पहिचान भएका धार्मिकस्थलहरु मध्ये छनोटमा परेका ९ वटा धार्मिकस्थलमा हुने धार्मिक पर्यटकीय गतिविधिमा संलग्न धार्मिक पर्यटक, पर्यटकस्तरीय होटलका सञ्चालक, स्थानीय तथा व्यवसायी, यातायात व्यवसायी, जनप्रतिनिधि, मन्दिर विकास/व्यवस्थापन समिति र प्रदेश रहेका धार्मिक पर्यटनसँग सम्बद्ध निकायहरुबाट धार्मिकस्थलमा भएका विकास तथा पूर्वाधार निर्माण, विकासका लागि गठन गरिएका विकास/व्यवस्थापन समितिहरुको भूमिका साथै, आन्तरिक तथा बाह्य पर्यटकको आवागमनसँग सम्बन्धित प्राथमिक तथा द्वितीय तथ्याङ्क, सूचना तथा विवरण, स्थानीय स्तरमा धार्मिक पर्यटनले पारेको प्रभाव समेत संकलन तथा विश्लेषण गरी तयार पारिएको यस प्रतिवेदनको मुख्य बुँदाहरु देहायबमोजिम रहेका छन् ।

- धार्मिकस्थलहरुको अवलोकनको क्रममा खप्तड क्षेत्र बाहेक अन्य स्थलहरुमा सडक सञ्जाल तथा यातायातका पूर्वाधार रहेको देखिन्छ ।
- धार्मिकस्थलको भ्रमण गर्ने ४६.६७ प्रतिशत आन्तरिक पर्यटकको मुख्य पेशा नोकरी तथा २१.११ प्रतिशत पर्यटकको मुख्य पेशा व्यापार रहेको पाइएको छ ।
- सर्वेक्षणमा सहभागी आन्तरिक पर्यटकहरुमध्ये ५४.४४ प्रतिशतले परिवारका सदस्य सहित धार्मिकस्थलको भ्रमण गरेको देखिएको छ भने परिवारका सदस्यबाहेक अन्य समूहगत रुपमा भ्रमण गर्ने पर्यटक २२.२२ प्रतिशत रहेको पाइएको छ ।
- धार्मिक स्थलको भ्रमण गर्ने २६ देखि ३५ वर्ष उमेर समूहका आन्तरिक पर्यटकहरुको संख्या सबैभन्दा बढी ३६.६७ प्रतिशत रहेको छ भने ५६ देखि ६५ र ६६ देखि ७६ वर्ष भन्दा बढी उमेर समूहका पर्यटकको संख्या सबैभन्दा कम ४.४४ प्रतिशत रहेको छ ।
- सर्वेक्षणमा सहभागी आन्तरिक पर्यटकहरुको औसत भ्रमण अवधि २.६ दिन रहेको पाइएको छ ।
- सर्वेक्षणमा सहभागी ६६.६७ प्रतिशत पर्यटकले आफ्नो मनोकाङ्क्षा प्राप्तिको लागि गरेको भाकल/वाचा पुरा गर्ने उद्देश्यले धार्मिकस्थलको भ्रमण गरेको देखिएको छ ।
- धार्मिकस्थल भ्रमण गर्दा सर्वेक्षणमा सहभागी प्रति पर्यटक औसत खर्च रु.१६,५६७- भएको देखिएको छ ।
- सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरुको कुल भ्रमण खर्चमध्ये यातायातमा सबैभन्दा बढी ४६ प्रतिशत खर्च भएको देखिएको छ भने होटलमा खान तथा बस्न र पूजा सामाग्री, उपहार खर्चका लागि क्रमशः २६ प्रतिशत, १६ प्रतिशत, ६ खर्च भएको देखिएको छ भने अन्य खर्च ६ प्रतिशत रहेको छ ।
- सर्वेक्षणमा सहभागी होटलहरुको मासिक औसत अकुपेन्सी ४० प्रतिशत रहेको छ ।

- धार्मिकस्थल वरपर रहेका होटलले सेवा प्रदान गरे वापत प्राप्त गर्ने भुक्तानीको ३८.३० प्रतिशत भुक्तानी नगदमै, २७.६६ प्रतिशत भुक्तानी QR Code को माध्यमबाट हुने गरेको, १२.७७ प्रतिशत भुक्तानी ईन्टरनेट बैंकिङ्गबाट तथा बाँकी भुक्तानी कार्ड र डिजिटल खल्तीबाट हुने गरेको देखिएको छ ।

- सर्वेक्षणमा सहभागी होटलहरुमध्ये ४२ प्रतिशत होटलहरु केवल सुविधा विस्तार गर्ने र ३९ प्रतिशत होटलहरु क्षमता विस्तार गर्ने योजनामा रहेको देखिएको छ भने १५ प्रतिशत मात्र हालको अवस्थामा यथावत रुपमा होटल सञ्चालन गर्ने योजनामा रहेको देखिएको छ । सर्वेक्षणमा सहभागी ४ प्रतिशत व्यवसायीको होटल व्यवसाय बन्द गर्ने योजना रहेको पाइएको छ ।

# परिच्छेद १ : अध्ययनको परिचय

## अध्ययनको पृष्ठभूमि

१.१ नेपालको सुदूरपश्चिममा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग कि.मि. मध्ये १९ हजार ५ सय ३९ वर्ग कि.मि. अर्थात १३.२७ प्रतिशत क्षेत्रफल ओगटेको छ । प्रशासनिक हिसाबले यस प्रदेशलाई ९ जिल्ला, १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २६ लाख ९४ हजार ७ सय ८३ जना रहेको छ जुन कुल जनसंख्याको ९.२ प्रतिशत हुन आउँछ । यस प्रदेशको कुल जनघनत्व १ सय ९८ जना प्रति वर्ग किलोमिटर र जनसंख्या वृद्धिदर ०.५२ प्रतिशत रहेको छ (आर्थिक सर्वेक्षण २०७९/८०) ।

१.२ यो प्रदेश १ सय ९ मिटरदेखी ७ हजार १ सय ३२ मिटरसम्म उचाई र २८°२२" उत्तरी अक्षांशदेखि ३०°०९" उत्तरी अक्षांश र ८०°०३" पूवी देशान्तरदेखि ८१°२५" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रुपमा अपि हिमाल (७,१३२ मिटर) र होचो भू-भागको रुपमा कैलाली जिल्लामा (१ सय ९ मिटर) रहेको छ ।

१.३ यसमा प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू-भाग ७,९३२.८३ वर्ग कि.मि. (४०.६० प्रतिशत), पहाडी भू-भाग ६,७४८.७७ वर्ग कि.मि. (३४.५४ प्रतिशत) र तराई भू-भाग ४,८५७.३९ वर्ग कि.मि. (२४.८६ प्रतिशत) पर्दछ ।

१.४ सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन । यो प्रदेशका २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेलधुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन् । यस प्रदेशको सिमाना पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा लुम्बिनी प्रदेशको बर्दिया जिल्ला पर्दछ । पश्चिम र दक्षिणमा भारत, उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ ।

१.५ यस प्रदेशमा विद्यालयको संख्या ४ हजार १ सय ५७ रहेको छ भने सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत गरी जम्मा १६ हजार ५ सय १० कार्यरत रहेका छन् । शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थी संख्या ७ लाख ९० हजार ६ सय ५७ रहेको देखिन्छ । त्यसैगरी, शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थी मध्ये ८० प्रतिशत सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने २० प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत छन् (आर्थिक सर्वेक्षण २०७९/८०) ।

१.६ चालु आर्थिक वर्ष २०७९/८० मा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन रु.५३ खर्ब ८१ अर्ब ३४ करोड मध्ये सुदूरपश्चिम प्रदेशको हिस्सा ७ प्रतिशत रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ३३.४ प्रतिशत, १३.५ प्रतिशत र ५३.1 प्रतिशत रहेको छ । साथै, चालु आ.व.मा यस प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १०६३ अमेरिकी डलर रहने अनुमान गरिएको छ (आर्थिक सर्वेक्षण २०७९/८०) ।

१.७ सुदूरपश्चिम प्रदेशको प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचकहरु देहायबमोजिम रहेको छ ।

**तालिका १.१ : सुदूरपश्चिम प्रदेशको प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचकहरु**

| परिसूचक | सुदूरपश्चिम प्रदेश | राष्ट्रिय |
|---|---|---|
| ***प्रशासनिक र जनसाँख्यिक स्थिती*** | | |
| स्थानीय तहको संख्या | ८८ | ७५२ |
| जनसंख्या (प्रतिशतमा) | ९.२ | १०० |
| क्षेत्रफल (प्रतिशतमा) | १३.३ | १०० |
| ***आर्थिक तथा सामाजिक क्षेत्र*** | | |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) | १.९ | २.१६ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा) | ७.० | १०० |
| प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा) | १,०६३ | १,३९९ |
| उद्योगको दर्ता संख्या | १३९ | ८,६५६ |
| लघु, घरेलु तथा साना उद्योगको संख्या | ४९,७८९ | ६,७३,२४४ |
| उद्योगमा लगानी (रु.अर्बमा) | ६०.१ | २७८३.१ |
| जलविद्युत उत्पादन (मेगावाट) | १०७.७२ | २५८४ |
| वन क्षेत्र (प्रतिशतमा) | १६.१ | १०० |
| स्थानीय सडक सञ्जाल (कि.मी) | ५,६०४ | ६६,०५७ |
| विद्यालय संख्या | ४,१५७ | ३६,०३२ |
| ***वित्तीय क्षेत्र*** | | |
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ८४४ | ११,६५६ |
| प्रतिशाखा जनसंख्या | ३,२१२ | २,५१० |
| बीमकको शाखा संख्या | ३०८ | ३,२१५ |
| **प्रदेशगत खर्च (रु.करोडमा)** | २,०८८ | १८,७४८ |
| **प्रदेशगत राजश्व (रु.करोडमा)** | ९१९ | १०,३५३ |

*स्रोत: आर्थिक सर्वेक्षण २०७९/८० ।*

१.८ वि.सं. २००७ साल (सन् १९५१) पछि मात्र नेपाललाई विदेशी पर्यटकहरूका लागि खुला गरिएको हो । साढे सात दशकको अवधिमा नेपालको पर्यटन क्षेत्रमा धेरै परिवर्तन आइसकेको छ । नेपालको पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जन र रोजगारी प्रवर्द्धनका हिसाबले महत्वपूर्ण मानिन्छ । यस हिसाबले नेपालको राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको महत्वपूर्ण भूमिका रहेको छ ।[1]

१.९ नेपालमा पर्यटनको अपार सम्भावना हुँदाहुँदै पनि दक्षिण एसियामा आगमन हुने पर्यटकहरूको कुल सङ्ख्या र पर्यटनबाट हुने लाभको हिस्सा नेपालले एकदमै कम पाउने गरेको छ । केही प्रमुख पूर्वाधार र संयन्त्रगत सुधार ल्याउन सकेको खण्डमा नेपालको पर्यटन क्षेत्रमा ठूलै परिवर्तन ल्याउन सकिने प्रशस्त **सम्भावना रहेको छ । नेपालमा** पर्यटन विकासको विधिवत प्रयास हुन थालेको सन् १९५५ देखि हो ।

[1] नेपालको राष्ट्रिय पर्यटक रणनीतिक योजना (सन् २०१६-२०२५) ।

नेपालको प्रथम पञ्चवर्षीय योजनाको सुरूवातसँगै पर्यटन विकासका लागि पनि जोड दिन थालेको पाइन्छ ।

१.१० नेपाल सांस्कृतिक र धार्मिक विविधताले भरिएको देश हो । यहाँका विभिन्न जातजातिको परम्परा, भेषभूषा, धर्म, रहनसहनअनुसार भिन्नभिन्न मौलिक संस्कृति र विशेषताहरू छन् । जसबाट प्राचीन मानिसहरूको परम्परा, शैली, रहनसहन बुझ्न सकिन्छ । नेपाल भ्रमण गर्ने लाखौं पर्यटकहरूलाई आकर्षण गर्नसक्ने सांस्कृतिक तथा धार्मिक सम्पदा नेपालमा विद्यमान छन् । पशुपति क्षेत्र, बौद्ध, स्वयम्भू, लुम्बिनीजस्ता धार्मिक एवं सांस्कृतिक धरोहरहरू पर्यटकहरूको आकर्षणको केन्द्र बन्ने गरेका छन् ।

१.११ आयातमा निर्भर अर्थतन्त्र रहेको नेपालको वाह्य क्षेत्र सन्तुलनका लागि पर्यटन आय महत्वपूर्ण रहेको छ । धार्मिक पर्यटन समग्र पर्यटन क्षेत्रको महत्वपूर्ण अंग हो । नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण हुनका साथै हिन्दु तथा बौद्ध धर्मावलम्बीहरुको प्रमुख तिर्थस्थल पनि हो । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब ६.७ प्रतिशत योगदान दिँदै आएको नेपाली पर्यटन क्षेत्रमा धार्मिक पर्यटनको महत्वपूर्ण योगदान रहेको छ ।[२] चीन र भारत जस्ता दुई प्रगतिशिल राष्ट्रका विचमा अवस्थित भएकाले पनि नेपालले पर्यटन क्षेत्रबाट तुलनात्मक लाभ लिई बिदेशी मुद्रा आर्जन, रोजगारी सृजना एवम् ग्रामिण समुदायलाई मुलधारमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । त्यस्तै भारतमा हिन्दु धर्म तथा चिनमा बौद्ध धर्म मान्ने जनसंख्याको ठूलो हिस्सा रहेको छ । त्यहाँबाट उल्लेख्य रुपमा धार्मिक पर्यटक भित्र्याउन सकिने सम्भावना रहन्छ ।

१.१२ नेपाल धार्मिक विविधता भएको देशका रुपमा परिचित छ । यसमा सबैभन्दा ठूलो हिस्सा हिन्दु धर्मको (८१.३४ प्रतिशत) रहेको छ भने बौद्ध धर्म मान्ने जनसंख्या दोस्रो ठूलो (९.०४ प्रतिशत) रहेको छ ।

### तालिका १.२ : नेपालमा धर्म अनुसारको जनसंख्या

| *धर्म* | जनसंख्या |
|---|---|
| *हिन्दु* | ८१.१९ |
| *बौद्ध* | ८.२१ |
| *ईस्लाम* | ५.०९ |
| *किराँत* | ३.१७ |
| *इसाई* | १.७६ |
| *अन्य* | ०.६ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

१.१३ नेपाल र भारतबीच धार्मिक, सामाजिक र सांस्कृतिक समानता र दुवै देशका बहुसंख्यक जनताले हिन्दु धर्म मान्ने भएकाले देवी, देवता तथा चाडपर्व समेत समान रहेको छ । चिनबाट धार्मिक पर्यटक कै रुपमा मञ्जुश्री नेपाल आएको जनाईन्छ । रामायण लेख्ने वाल्मीकि, महाभारत लेख्ने बेदव्यास, भगवान सीता र शान्तिका दुत गौतम बुद्धको जन्मस्थलका रुपमा परिचित नेपाल धार्मिक सहिष्णुता भएको देशका रुपमा समेत विश्व मानचित्रमा परिचित छ ।

[२] *Analytical Report Tourism Industry, 2021*

१.१४ सन् २०२२ मा नेपाल भित्रिएका पर्यटक मध्ये ६४.७ प्रतिशत बिदा, मनोरञ्जन, यात्रा, १० प्रतिशत पर्वतारोहण/साहसिक यात्रा/पदयात्रा, १२.९ प्रतिशत तीर्थयात्रा (धार्मिक पर्यटन) र १२.४ प्रतिशत अन्य विभिन्न उद्देश्यले नेपाल भ्रमण गरेका छन् । यात्रा उद्देश्यको आधारमा विगत १० वर्षमा बिदा, मनोरञ्जन, यात्रा, पदयात्रा, पर्वतारोहण तथा तीर्थयात्रासम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात सबैभन्दा उच्च रहेको छ *(Nepal Tourism Statistics, 2022)* ।

**तालिका १.३ : विगत ५ वर्षको धार्मिक पर्यटक आगमनको स्थिति**

| *सन* | *धार्मिक पर्यटक आगमन* | |
|---|---|---|
| | **संख्या** | **अंश (प्रतिशत)** |
| २०१७ | १,४१,०३३ | १५ |
| २०१८ | १,६९,१८० | १४.४ |
| २०१९ | १,७१,९३७ | १४.३६ |
| २०२० | ३५,८९३ | १५.६ |
| २०२१ | ११,१७२ | ७.४ |
| २०२२ | ७९,१४६ | १२.९ |

*स्रोत: संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७९ ।*

१.१५ कुल पर्यटक आगमन संख्याको आधारमा सन् २०२२ मा सबैभन्दा बढी पर्यटक आउने ५ मुलुकमा क्रमशः भारत ३४.१ प्रतिशत, संयुक्त राज्य अमेरिका १२.५ प्रतिशत, बेलायत ७.३ प्रतिशत, अस्ट्रेलिया ४.४ प्रतिशत र बंगलादेश ४.१ प्रतिशत रहेका छन् । यि पाँच मुलुकबाट आएका पर्यटकको संख्या कुल पर्यटकको ६२.४ प्रतिशत रहेको छ । नेपाल भ्रमण गर्ने पर्यटकहरुमा भारतीय पर्यटकहरुको संख्या सबैभन्दा बढी रहेको छ ।[३]

१.१६ नेपाल सरकारको पर्यटन नीति २०६५ को बुँदा नं.९ को उपबुँदा (घ) बमोजिम पर्यटन व्यवसायलाई १३ वटा खण्डमा वर्गीकरण गरी सातौँ नम्बरमा धार्मिक पर्यटनलाई राखिएको छ । यस अन्तर्गत नेपालका धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनको केन्द्रको रुपमा विकास गरी त्यसमा नियमन गरिने कुरा उल्लेख गरिएको छ। भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्ध धर्म, दर्शन एवं अन्तर्राष्ट्रिय शान्ति र आध्यात्मिक शान्ति केन्द्रको रूपमा विकास गरी विश्वव्यापी प्रवर्द्धन गरिने, बुद्धको जीवनीसँग सम्बन्धित लुम्बिनी वरपरका क्षेत्रहरू (तिलौराकोट, रामग्राम, देवदह, कोटीहवा, निग्लिहवा, सगरहवा, अरौराकोट, कुदान, सिसानिया) लाई बौद्ध उप-परिपथ (Buddhist Sub-Circuit) का रूपमा एकीकृत विकास एवं प्रवर्द्धन गरिने साथै प्रमुख धार्मिकस्थलहरूको प्रवर्द्धन गर्नुका साथै विभिन्न धर्मावलम्बीहरूका धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरूको पहिचान गरी धार्मिक पर्यटनको विकास एवं विस्तार गरिने कुरा उल्लेख गरिएको छ ।

१.१७ नेपाल पर्यटन तथ्याङ्क २०२२ अनुसार सन् २०२२ मा नेपालमा कुल विदेशी पर्यटक ६ लाख १४ हजार ८ सय ६९ भित्रिएका थिए । जसमध्ये ५ लाख ९२ हजार ६ सय ३१ जना (९६.४ प्रतिशत) हवाई उडानबाट र २२ हजार २ सय ३८ (३.६ प्रतिशत) स्थलमार्गबाट नेपाल भित्रिएका थिए । सोही वर्षमा

[३] *संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय २०७९ ।*

भित्रिएका कुल विदेशी पर्यटकहरुमध्ये ७९ हजार १ सय ४६ (अर्थात १२.९ प्रतिशत) धार्मिक पर्यटनको उद्देश्यले भित्रिएको देखिन्छ ।

**तालिका १.४ : मार्ग अनुसारको धार्मिक पर्यटन आगमन र औषत बसाई**

| *साल* | *पर्यटक आगमन* | | *हवाई मार्ग* | | *स्थल मार्ग* | | *औषत बसाई अवधि (दिन)* |
|---|---|---|---|---|---|---|---|
| | संख्या | वृद्धि दर | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| २०२० | २,३०,०८५ | -८०.७ | १,८३,१३० | ७९.६ | ४६,९५५ | २०.४ | १५.१ |
| २०२१ | १५०,९६२ | -३४.३ | १,५०,६२५ | ९९.७ | ३३७ | ०.३ | १५.५ |
| २०२२ | ६१४,८६९ | ३०७.३ | ५,९२,६३१ | ९६.४ | २२,२३८ | ३.६ | १३.१ |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय २०७९ ।*

१.१८ सन् २०२२ मा स्थलमार्गबाट आएका कुल २२ हजार २ सय ३८ विदेशी पर्यटकमध्ये यस सुदूरपश्चिम प्रदेशको गड्डाचौकी, कञ्चनपुर नाकाबाट ५३० (अर्थात २.३८ प्रतिशत) विदेशी पर्यटकहरु भित्रिएको देखिन्छ (नेपाल पर्यटन तथ्याङ्क, २०२२) । विदेशी पर्यटक आगमन संख्याको आधारमा दोस्रो ठूलो नाका गड्डाचौकी, कञ्चनपुर भएको तथा यस प्रदेशमा प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरु भएका कारण भारतको उत्तराखण्ड, उत्तर प्रदेश, हिमाचल प्रदेश, हरियाणा तथा अन्य राज्यका धार्मिक तथा अन्य पर्यटकहरुलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको छ ।

१.१९ सुदुरपश्चिम प्रदेशको खप्तड राष्ट्रिय निकुञ्जमा आ.व. २०७४/७५ देखि आ.व.२०७८/७९ सम्म प्रवेश गरेका पर्यटकहरुको विवरण देहायबमोजिम रहेको छ ।

**तालिका १.५ : विगत ५ वर्षको खप्तड राष्ट्रिय निकुञ्जको पर्यटक आगमन संख्या**

| *आर्थिक वर्ष* | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| *पर्यटक आगमन संख्या* | ६८६६ | ३७२० | ७४६ | १६८८ | २२०९ |

*स्रोतः वार्षिक प्रतिवेदन २०७८/७९, खप्तड राष्ट्रिय निकुञ्ज, खप्तड, बाजुरा*

१.२० चाडपर्वहरुले पनि धार्मिक महत्व बोकेका छन् । बडादशैंको नौ दिनसम्म भगवतीको पूजाआजा गरी दशौं दिनमा टिका र जमरा ग्रहण गरिन्छ । त्यस्तै तिहार, तिज, गौरा, होलीलगायतका चाडपर्वहरु पनि धर्मसँग जोडिएका छन् । सुदूरपश्चिम प्रदेशका विभिन्न धार्मिक स्थलहरुमा बर्षेनी मेला लाग्ने गर्दछ र चाडपर्वहरु पनि उत्तिकै हर्षोल्लासकासाथ मनाईन्छ । यस प्रदेशमा विशेषगरी हिन्दु धर्म मान्ने जनसंख्याको बाहुल्यता रहेको छ भने तराईका जिल्लामा आदिवासी थारु समुदायको पनि ठूलो उपस्थिति रहेको छ । यस प्रदेशमा यीनै समुदायसँग जोडिएका चाडपर्व धुमधामका साथ मनाईन्छ । धार्मिक पर्वका साथै विभिन्न मठमन्दिर तथा तिर्थस्थलमा वार्षिक रुपमा लाग्ने मेलाहरु पनि यस प्रदेशका आकर्षणका रुपमा रहेका छन् । यस प्रदेशमा मनाईने चाडपर्वहरु भारतको उत्तराखण्ड प्रदेशसँग मिल्दोजुल्दो देखिन्छ भने भाषा तथा संस्कृतिमा पनि समानता पाईन्छ ।

### तालिका १.६ : सुदूरपश्चिम प्रदेशका प्रमुख चाडपर्व तथा मेलाहरु

| चाडपर्व | अवधि | जिल्ला |
|---|---|---|
| बिशु वर्ष | बैशाख १ गते | प्रदेशका नौ वटा जिल्लामा |
| गौरा पर्व | भाद्र महिनाको पञ्चमी तिथिदेखि कृष्ण अष्टमीसम्म | प्रदेशका नौ वटा जिल्लामा |
| दशै | आश्विन महिनाको शुक्ल प्रतिपदादेखि दशमीसम्म | प्रदेशका नौ वटा जिल्लामा |
| तिहार | कार्तिक कृष्ण त्रयोदशीदेखि ५ दिनसम्म | प्रदेशका नौ वटा जिल्लामा |
| ओल्के पर्व | भदौ १ गते | प्रदेशका नौ वटा जिल्लामा |
| माघे संक्रान्ति | माघ १ गते | प्रदेशका नौ वटा जिल्लामा (विशेषतः थारु समुदायमा) |
| होली | फागु पूर्णिमा | प्रदेशका नौ वटा जिल्लामा |
| अतवारी पर्व | कृष्ण जन्माष्टमी पछिको पहिलो आईतबार | कैलाली तथा कञ्चनपुरका थारु समुदायमा |
| महाशिवरात्री | फागुन कृष्ण चतुर्दशी | प्रदेशका नौ वटा जिल्लामा |
| भुवा पर्व | पुषे औशीको दिन | बझाङ, अछाम, बाजुरा र डोटी |
| खखडेहरा पर्व | चैत १ गते | कैलाली र कञ्चनपुर जिल्लाका राना थारु समुदायमा |
| खप्तड मेला (गंगा दशहरा पर्व) | जेठ/असार (जेठ शुक्ल दशमी) | खप्तड क्षेत्र |
| त्रिपुरा सुन्दरी मेला | कार्तिक शुक्ल अष्टमी र नवमी | बैतडी |
| रामारोशन मेला | चैत महिना | अछाम |
| सूर्मा सरोवर मेला | श्रावण एकादशीदेखि त्रयादशी | बझाङ |
| बान्नीकी चैतली | होली पूर्णिमा देखि चैत शुक्ल पूर्णिमा | बझाङ |
| बडिमालिका मेला | जनै पूर्णिमाको अघिल्लो दिन | बाजुरा |
| उग्रतारा माता मेला | कार्तिक शुक्ल पूर्णिमाको रात र दोस्रो दिन | डडेलधुरा |
| गवला पर्व | नयाँ वर्ष | दार्चुला (व्यासी समुदाय) |
| डोल जात्रा | कृष्ण जन्माष्टमी | कैलाली, कञ्चनपुर |

*स्रोत : स्थलगत सर्वेक्षण*

१.२१ ऐतिहासिक, पुरातात्विक, धार्मिक, एवम् प्राकृतिक महत्वका अद्वितीय स्थलहरुले भरिपूर्ण सुदूरपश्चिम प्रदेशमा पनि धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको छ । यस प्रदेशमा धार्मिक रुपले महत्वपूर्ण मानिएका सात देवी बहिनीको सञ्जाल छ भने व्यास, परशुराम, खप्तड बाबाले तपस्या गरेका पवित्र धाम, कैलाश मानसारोवर जाने मुख्य द्वार लगायत प्रख्यात मठ-मन्दिरहरु छन् । अतिथि देबो भवः प्रदेशवासीको मूल मन्त्र नै हो। प्रदेशका अधिकांश धार्मिक स्थल उच्च पहाडी भेगमा अवस्थित रहेकाले तिर्थयात्रा संगसंगै पदयात्रा तथा पर्वतारोहणको पनि सम्भावना रहेकोले यस्ता उद्देश्यले भ्रमण गर्ने पर्यटकहरुलाई पनि प्रदेशले सँगसँगै आकर्षण गर्नसक्ने देखिन्छ ।

१.२२ यस्ता प्रचुर सम्भावना हुँदाहुँदै पनि आवश्यक पर्यटकीय पूर्वाधारको कमी, सडक सञ्जालको अभाव एवम् प्रचार प्रसार नहुँदा यस प्रदेशको पर्यटन क्षेत्रको विकासले आशातित् गति भने लिनसकेको छैन । बमोजिम यस प्रदेशमा पर्यटकीय उद्योग स्थापनाको अनुपात १२.१ प्रतिशत छ जुन मधेश प्रदेश

पछिको दोस्रो कम हो ।[४] त्यस्तै, पर्यटन उद्योगमा कार्यरत कुल जनशक्तिको ४.६ प्रतिशत जनशक्ति मात्र यस प्रदेशमा कार्यरत छन् । तसर्थ, यस प्रदेशलाई पर्यटकीय हबको रुपमा स्थापित गरी प्रदेशको महत्वपूर्ण पाटो धार्मिक पर्यटनको विकास गरी समग्र प्रदेशलाई समृद्ध बनाउन सकिने अथाह सम्भावना रहेको छ ।

## छनौटमा समोवश गरिएका धार्मिकस्थलहरुको संक्षिप्त परिचय

### (क) त्रिपुरा सुन्दरी मन्दिर, बैतडी



*तस्बिर : त्रिपुरा सुन्दरी मन्दिर, बैतडी ।*

१.२३ सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडी स्थित दशरथचन्द नगरपालिका वडा नं. ८ मा अवस्थित त्रिपुरा सुन्दरी मन्दिर १४/१५ औं शताब्दीतिर स्थापना भएको मानिन्छ । यो स्थल बैतडी जिल्लाको सदरमुकाम बैतडीबाट पश्चिम दिशामा पर्दछ र त्यहाँबाट करिब ३ कि.मि.टाढा छ । जिल्ला सदरमुकामबाट यहाँ आउन गाडीबाट १०-२० मिनेट र पैदल १ घण्टा भन्दा कम समय लाग्दछ। यहाँ पुग्ने सडक बाटोको प्रकृति पिच छ । जिल्लाको सदरमुकामबाट यहाँ आउन प्रयोग गरिने मुख्य बाटो गोठालापानी हुँदै सुन्दरखाली त्रिपुरासुन्दरी हो । यस जिल्लाको सदरमुकाम पुग्न कैलाली जिल्लाको अत्तरीयाबाट महाकाली राजमार्ग हुँदै करिब १० घण्टा लाग्छ भने विकल्पमा काठमाडौंदेखि धनगढीसम्म ७० मिनेट हवाईयात्रा गरी त्यहाँबाट १७६ कि.मि उत्तरपश्चिम यात्रा गरेर बैतडी पुग्न सकिन्छ । जिल्ला सदरमुकामबाट करिब तीन किलोमिटर पश्चिमतर्फ गोठालापानी-झुलाघाट सडक खण्डको छेउमा रहेको उक्त मन्दिर रणशैनी भगवतीको नामले समेत चिनिन्छ ।



*तस्बिर : मेलौली भगवती मन्दिर, बैतडी ।*

### (ख) मेलौली भगवती मन्दिर, बैतडी

१.२४ मेलौली भगवती मन्दिर सात बहिनी भगवती शक्ति पीठमध्ये एक मन्दिर मानिन्छ । धनगढीबाट बैतडी जिल्लाको सदरमुकामसम्मको दुरी २१४ कि.मि रहेको छ ।

---

[४] *Analytical Report Tourism Industry (CBS 2021)*

यसको अवस्थिति बैतडी पाटन नगरपालिका बाट दक्षिण पश्चिममा करिब ३३ किमिको दुरीमा छ। यस मन्दिर परिसरको जग्गाको क्षेत्रफल १ सय ३४ रोपनी छ । विशाल दुवोचौरमा आकर्षक शिखरशैली भित्रपर्ने प्यागोडा शैलीमा निर्मित यस मन्दिर जनश्रूती अनुसार १८ औं शताब्दी तिर निर्माण गरिएको हो । प्रसिद्ध शक्तिपीठका रुपमा मानिएको मेलौली भगवतीको मुख्य पूजा र जात्रा प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्दशी र पूर्णिमाको दिन हुने गर्छ । पछिल्लो समय सडक पुगेपछि भक्तजनलाई सजिलो भएको छ । जिल्ला सदरमुकाम बाट यहाँ आउन प्रयोग गरिने मुख्य सडक गोठालापानी, पाटन, सलेना, मेलौली हो ।

**(ग) खप्तड क्षेत्र (बाजुरा, बझाङ, अछाम, डोटी)**

१.२५ सुदूरपश्चिम प्रदेशका चार पहाडी जिल्लाहरु बझाङ्ग, बाजुरा, डोटी र अछामको संगम स्थलमा अवस्थित खप्तड क्षेत्र २२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । समुद्री सतहदेखी २४०० देखि २७०० मिटर उचाईमा फैलिएको खप्तड क्षेत्रको बिचमा १२,००० फिट अग्लो खप्तड लेक रहेको छ। पचास बर्ष पहिले महान दार्शनिक, चिकित्सक, बैज्ञानिक र ज्योतिषका रुपमा प्रख्यात खप्तड बाबाले तपस्या गरेको यस स्थानमा खप्तड बाबाको कुटी, त्रिवेणी नदी र सोको वरीपरी २२ वटा पाटन र ५३ वटा थुम्काहरु समेत रहेका छन् । यस क्षेत्रमा लाग्ने विभिन्न सांस्कृतिक मेलामध्ये गंगा दशहरा मेलामा हजारौ तिर्थयात्री भेला हुने गर्दछन् । मेलामा सुदूरपश्चिमको प्रसिद्ध हुड्के नाँच र देउडा हेर्न लाखौको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक जम्मा हुने गर्दछन् ।



*तस्बिर : खप्तड क्षेत्र ।*

**तालिका १.७ : खप्तड राष्ट्रिय निकुञ्जको क्षेत्रफल बिवरण**

| क्र.सं. | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | डोटी | ८९.९३ | आंशिक भु-भाग |
| २ | बझाङ्ग | ८४ | आंशिक भु-भाग |
| ३ | अछाम | ४४.२० | आंशिक भु-भाग |
| ४ | बाजुरा | ६.८७ | आंशिक भु-भाग |
| | **जम्मा** | **२२५** | |

*(स्रोत: खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८/७९)*

### (घ) परशुराम धाम, डडेलधुरा



*तस्बिर : परशुराम धाम, डडेलधुरा ।*

१.२६ स्कन्दपुराणको मानसखण्डमा उल्लिखित **'सबै तीर्थ पटक-पटक, परशुरामधाम एकपटक'** भन्ने भनाइले नै परशुरामधामको धार्मिक महत्व दर्शाउँछ । डडेलधुरा जिल्लाको दक्षिण-पश्चिम तथा डडेलधुरा तथा कञ्चनपुर जिल्लाको सीमानामा अवस्थित परशुरामधाम डडेलधुरा बजारदेखि करीब १०० कि.मि. टाढा रहेको छ भने अत्तरिया-डडेलधुरा (भीमदत्त पन्त राजमार्ग) को बुडर, डोटी देखि करिब ४२ कि.मि. टाढा रहेको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण यो पवित्र तीर्थस्थल क्षेत्र एला र श्यामा नदीको संगममा अवस्थित रहेको छ । परशुरामधाम साविकका शीर्ष र जोगबुढा गाँउविकास समिति मिलाएर बनेको परशुराम नगरपालिकाको वडा नं. ५ मा रहेको छ । यस क्षेत्रमा यज्ञादिसँगै विवाह, व्रतबन्ध आदि संस्कार र अनुष्ठान गर्ने गरिन्छ । रथ पूजनको विशेष महत्व रहेको छ । विष्णु कुण्डमा विष्णु, वामदेव, कुण्डमा शिव, परशुराम कुण्डमा परशुराम भगवानको पूजा र नदीतटमा रहेको शिवलिंगमा शिवपूजनको विशेष महत्व रहेको छ ।

### (ङ) उग्रतारा मन्दिर, डडेलधुरा



*तस्बिर : उग्रतारा मन्दिर, डडेलधुरा ।*

१.२७ उग्रतारा भगवती मन्दिर सुदूरपश्चिमकै ठूलो तथा प्रसिद्ध शक्तिपिठ मानिन्छ। यो मन्दिर डडेलधुरादेखि ४ किलोमीटर पश्चिमपट्टी रहेको छ। यो मन्दिरलाई नेपालको सुदूरपश्चिमका नौ भगवती मन्दिरहरूमध्ये एक मन्दिर मानिन्छ । डडेलधुरा जिल्लाको अमरगढी नगरपालिकामा पर्ने प्रसिद्ध मन्दिर, बागबजारबाट करिब ५ कि.मि. टाढा डडेलधुरा, बैतडी राजमार्गको पश्चिम पटीको अग्लो विशाल तथा रमणीय फाँटमा रहेको छ । यस उग्रतारा भगवती मन्दिरमा कार्तिक शुक्ल पूर्णिमाको दिन महापूजा तथा ठूलो जात्रा लाग्ने गर्दछ। वर्षमा एक पटक भव्य रूपमा लाग्ने उग्रतारा माताको दर्शन गरे दैवीप्रकोप नहुने, सुख प्राप्ति हुने, मनोकामना पुरा हुने जनविश्वास छ ।

### (च) सिद्धनाथ मन्दिर, कञ्चनपुर



*तस्बिर : सिद्धनाथ मन्दिर, कञ्चनपुर ।*

१.२८ चन्द्रेश्वर महादेव (सिद्धबाबा) को स्थान माता पूर्णागिरीका सामुन्ने दक्षिण दिशामा रहेको छ । माता पूर्णागिरी र सिद्धबाबाको पुण्यस्थलमा करीब ३ देखि ४ कि.मी.को लम्बाईसम्म महाकाली नदी मौनब्रत धारण गरेर शान्त धारामा बाह्रै महिना अविराम बगिरहेकी छिन् । यो ठूलो नदी, माता र बाबाको क्षेत्रमा बाधा नपुऱ्याई शान्त बगिरहनु पनि धेरै ठूलो चमत्कार हो । शिव र शक्तिको यस्तो अनुपम संयोग र मनोहर दृश्य सर्वत्र देख्न पाइँदैन । पूर्णागिरी माताको स्थानमा भक्तजनहरुले बजाइराखेको शंख-घण्टीहरुको ध्वनी सिद्धबाबाको स्थान नजिकै स्पष्ट सुनिन्छ । वि.सं. २०४८ सालमा श्री सिद्धनाथ मन्दिर संरक्षण समिति, ब्रह्मदेवको विधिवत स्थापना भई मन्दिरको संरक्षण र सम्वर्द्धनको काम गरिरहेको छ । उक्त समितिले मन्दिरको भूमीको व्यवस्थापन र संरक्षणका साथै बजार व्यवस्थापन, वृहत यज्ञशाला, यज्ञमण्डप, धर्मशाला, शौचालय, स्नान गृह तथा स्थानीय स्तरका बाटोहरुको निर्माण र जेहेन्दार छात्र-छात्राहरुलाई छात्रवृत्ति समेत प्रदान गरिरहेको छ ।

### (छ) मालिकार्जुन मन्दिर, दार्चुला



*तस्बिर : मालिकार्जुन मन्दिर, दार्चुला*

१.२९ दार्चुला जिल्ला मालिकार्जुन गाउँपालिका वडा नम्बर ३ मा अवस्थित राष्ट्रकै सातौं धाम शिखर मालिकार्जुन धामको मन्दिर रमणीय तथा धार्मिक पर्यटकीय स्थल हो । मालिकार्जुन मन्दिर सदरमुकाम खलंगाबाट ५० किलोमिटरको सडक दुरीमा रहेको छ । शिवपुराण लगायत विभिन्न पौराणिक धार्मिक ग्रन्थहरुमा देवाधिदेव महादेवका १२ ओटा ज्योतिर्लिंङग मध्ये एउटा ज्योतिर्लिंङगको रुपमा मालिकार्जुन मानिएको छ । मालिकार्जुन मन्दिर भगवान शिवलाई देवाधिदेव महादेवका रुपमा लिइने भएकोले मालिकार्जुनको बाँस स्थानलाई देवताहरुको राजधानी पनि भनिन्छ । धार्मिक एवं पूरातात्विक महत्वले भरिपूर्ण मालिकार्जुन मन्दिरमा हरेक दिन श्रद्धालु भक्तजनहरु आउने र पूजाआजा गर्ने गर्दछन् । नेपाल सरकारले २०६५ सालमा राष्ट्रकै सातौ धाम भनेर घोषणा गरेको जिल्लाकै प्रमुख धामीक पर्यटकीय स्थल मालिकार्जुन मन्दिरमा विशेषगरी भदौमा गौरा पर्व र कार्तिक, मंसीर महिनामा विशाल जात्रा लाग्ने गरेको छ ।

### (ज) शैलेश्वरी मन्दिर, डोटी



*तस्बिर : शैलेश्वरी मन्दिर, डोटी ।*

१.३० सुदूरपश्चिमकै प्रसिद्ध धार्मिक ऐतिहासिक तथा पर्यटकीय तीर्थस्थल शैलेश्वरी मन्दिर डोटी जिल्ला सिलगढी दिपायल नगरपालिका वडा नं. १ शैलेश्वरीमा अवस्थित छ। यो मन्दिर यस क्षेत्रकै प्रमुख धार्मिक स्थल रुपमा रहेको छ। शैलेश्वरी मातालाई साक्षत देवीको उपमा दिइन्छ। यो मन्दिलाई नेपालको सुदूरपश्चिमका नौ भगवतीहरूका मन्दिरहरूमा एक मन्दिर मानिन्छ । यहाँ प्रत्येक १२ वर्षमा कोटीहवन महायज्ञ लाग्ने गर्छ। १ सय ४४ वर्षमा महाकोटी हवन महायज्ञ लाग्छ । प्यागोडा शैलीमा निर्मित यो मन्दिर कलात्मक र आकर्षक छ। शैलेश्वरी परिसरमा अन्य सात वटा मन्दिरहरु पनि छन । जसमा हनुमान कुण्ड, शिव मन्दिर, गणेश मन्दिर, भैरव मन्दिर, मष्टा मन्दिर र चण्डेश्वरी मन्दिर छन। यो मन्दिरमा प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाको दिनमा मेला लाग्ने गर्छ। यहाँ पूजा गरे मनोकामना पुरा हुने विश्वास रहेको छ।

### (झ) बेहडाबाबा मन्दिर, कैलाली



*तस्बिर : बेहडाबाबा मेला, कैलाली ।*

१.३१ कैलाली जिल्लाको प्रसिद्ध धार्मिकस्थलको रुपमा रहेको बेहडाबाबा मन्दिर धनगढी उपमहानगरपालिका - १६ स्थित रामपुर गाँउमा रहेको छ । धनगढीबाट बेहडाबाबा मन्दिर पुग्नको लागि कच्ची र पक्की बाटो गरी करीब १७ किमीको यात्रा गर्न गाडीमा करीब ४५ मिनेट समय लाग्ने गरेको छ। करीब २ हेक्टर क्षेत्रफल मन्दिर एरिया तथा करीब ३६ हेक्टरमा महादेव ताल र वन क्षेत्र ओगटेको नेपाल र भारतका दर्शनार्थीहरुको आस्थाको धरोहरको रुपमा परिचित यस मन्दिरमा दुवै देशका दर्शनार्थीहरुले दर्शन गर्दै आएका छन्। बेहडाबाबा मन्दिरमा वर्षभरि नित्यपूजा (बिहान र बेलुका) हुने गरेको भएतापनि सोमबार र शनिबार उल्लेख्य संख्यामा भक्तजनहरुको उपस्थिति हुने गरेको छ । बेहडाबाबालाई भारतीयहरुले कुलदेवताको रुपमा मान्ने गरेका छन। तसर्थ, यस क्षेत्रमा लाग्ने गंगादशहरा, महाशिवरात्री, माघे संक्रान्ति, दशैं र चैते दशैं मेलामा निकै संख्यामा भारतीय पर्यटक सबैभन्दा बढी अवलोकन गर्न पुग्छन्। मन्दिर व्यवस्थापन समितिका अनुसार स्वदेशी र विदेशी गरी वार्षिक करीब ५-६ लाख जतिले बेहडाबाबाको दर्शन गर्ने गरेका छन ।

## अध्ययनको उद्देश्य

१.३२ अध्ययनको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशका महत्वपूर्ण धार्मिक पर्यटकीय स्थलहरुको अद्यावधिक जानकारी हासिल गरी यस प्रदेशमा धार्मिक पर्यटनको सम्भावना, चुनौती तथा समाधानका उपाय पहिचान गर्नु रहेको छ। अध्ययनका विशेष उद्देश्यहरु तपसिलबमोजिम रहेका छन्।

१. सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटकीय स्थलहरुको वस्तुस्थिति एवम् पर्यटकीय पूर्वाधारहरुको उपलब्धताको स्थिति अद्यावधिक गर्ने।
२. पर्यटकहरु प्रवाहित सेवा एवम् उपलब्ध पूर्वाधारहरुबाट कत्तिको सन्तुष्ट छन् भन्ने बारेमा जानकारी हासिल गर्ने।
३. धार्मिक पर्यटनका कारणले स्थानीय जनतामा परेको सामाजिक, आर्थिक तथा वातावरणीय प्रभाव विश्लेषण गर्ने।
४. यी धार्मिक स्थलहरुको विकासले ल्याउने आर्थिक वित्तीय विकासका सम्भावना र चुनौतीका पाटोहरु उजागर गर्ने।

## अध्ययनको औचित्य/महत्व

१. पर्यटन प्रवर्द्धन तथा विकासमा अन्य प्रदेशको तुलनामा पछाडि रहेको सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटन क्षेत्रको वस्तुस्थिति अध्ययन गरी सो क्षेत्रका सम्भावना एवम् चुनौतीहरु, पर्यटन पूर्वाधारको उपलब्धता, सेवा सुविधाको गुणस्तरको विश्लेषणमा सहयोग पुग्ने।
२. सम्भावित पर्यटकहरुलाई भ्रमण योजना बनाउन सहयोग पुग्ने।
३. सम्बन्धित सरोकारवाला निकायहरुलाई धार्मिक पर्यटन विकास सम्बन्धी नीति नियम, कार्य योजना निर्माणमा सहयोग पुग्ने।
४. समुदाय स्तरमै धार्मिक पर्यटन क्षेत्रमा सक्रिय सहभागिता वृद्धि गर्न, समुदायमा मनाईने चाडपर्व तथा मेला प्रवर्द्धन गर्न, धार्मिक पर्यटकीय गन्तव्य विकास गर्न सहयोग पुग्ने।
५. धर्मिक पर्यटन संगै पर्यटनका अन्य क्षेत्रहरु इको टुरिजम, एडभेन्चर टुरिजम, ग्यास्ट्रोनोमी टुरिजमजस्ता क्षेत्र समेत प्रवर्द्धन गर्न सहयोग पुग्ने।

## अध्ययनको सीमा

१. सीमित जनशक्ति, समय र स्रोतको कारण अध्ययनमा विभिन्न जिल्लामा भएका सम्पूर्ण धार्मिकस्थलहरुको जानकारी, सम्भावना र चुनौतीका विषयमा अध्ययन गरिएको छैन।
२. नमूना छनोटमा सहभागीको सानो संख्याबाट प्राप्त विवरणको आधारमा सुदूरपश्चिम प्रदेशको समग्र धार्मिक पर्यटनको अवस्थाको यथार्थपरक चित्रण नगर्न सक्दछ।
३. उत्तरदाताहरूबाट प्राथमिक जानकारी स्व-घोषणाको आधारमा सङ्कलन गरिएको छ। उत्तरदाताहरूको पूर्वाग्राही रायले परिणामहरूलाई प्रभाव पार्ने सम्भावना रहन्छ।
४. छनौट गरिएका कतिपय धार्मिक स्थलहरुमा पर्यटक आवागमनको अभिलेख नराखिएको हुँदा प्रदेशको समग्र धार्मिक पर्यटन आवागमनको अवस्थाको यथार्थपरक चित्रण नहुन सक्दछ।

# परिच्छेद २ : कृति समिक्षा

## परिचय

२.१ यस खण्डमा यसअघि यस विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न अनुसन्धानात्मक कृतिहरुको अध्ययन र ती कृतिहरुले समेटेका क्षेत्र तथा अवधारणालाई संक्षेपमा व्याख्या गरिएको छ ।

## अन्तराष्ट्रियस्तरका कृतिहरुको समीक्षा

२.२ UNWTO (2020) का अनुसार सन् २०१८ मा विश्व पर्यटन बजारमा आन्तरिक पर्यटनको हिस्सा अन्तर्राष्ट्रिय पर्यटनभन्दा ६ गुणा ठूलो रहेको देखिएको छ भने सन् २०१८ मा लगभग ९ अर्ब संख्या बराबरको आन्तरिक भम्रण भएको अभिलेख राखिएको छ । जसमध्ये ५० प्रतिशत भ्रमण एशिया र प्यासिफिक मुलुकहरुमा भएको थियो । उक्त प्रतिवेदन अनुसार विश्वको सबैभन्दा ठूलो आन्तरिक पर्यटनको बजार क्रमशः भारत, चीन र अमेरिका रहेको छ जहाँ जनसंख्याको ठूलो हिस्सा आन्तरिक यात्रा तथा घुमघाममा निस्कन्छन् । विश्वमा अन्य आन्तरिक पर्यटन बजार ठूलो भएका देशहरु क्रमशः अष्ट्रेलिया, स्पेन, दक्षिण कोरिया र फ्रान्स आदि पर्दछन् । जहाँ प्रति व्यक्ति औसतमा ३ वा ५ वटा आन्तरिक भ्रमण र घुमघाम (Domestic trip) गर्ने गर्दछन् ।

२.३ UNWTO (2017) का अनुसार प्रत्येक वर्ष ३३ करोड देखि ३६ करोड मानिसहरु कुनै न कुनै आस्थामा आधारित धार्मिक तथा पवित्रस्थलहरुको भ्रमण गर्ने गर्दछन् । धार्मिक पर्यटन वा आध्यात्मिक पर्यटन वा आस्थामा आधारित पर्यटन, पर्यटनको महत्वपूर्ण हिस्सा बनेको छ जुन द्रुत गतिमा विस्तार भैरहेको छ । अमेरिकामा धार्मिक पर्यटकहरुमध्ये ६० प्रतिशत वा सोभन्दा बढी हिस्सा पोस्ट ग्राजुएट शिक्षा लिएका छन् भने ५० प्रतिशत वा सोभन्दा बढी घरपरिवारको वार्षिक आय USD ७५ हजारभन्दा बढी रहेको छ भने ७० प्रतिशत वा सोभन्दा बढी विवाहित मानिसहरु धार्मिक पर्यटकहरु रहेका छन् । (Griffin & Raj, 2017)

२.४ धर्म, संस्कृति तथा चाडपर्वले कुनै पनि राष्ट्रको ब्रान्ड (Nation brand) लाई समेत प्रतिनिधित्व गर्ने गर्दछ । जस्तैः क्याथोलिसिजमले इटाली, स्पेन र पोर्चुगललाई चिनाएको छ भने ईस्लाम धर्मले साउदी अरेवियालाई चिनाएको छ । साथै, ला टोमाटिना पर्व र गोरु दौड प्रतियोगिताले स्पेनलाई चिनाएको छ । (Rojas-Mendez, 2010) त्यस्तै Yadav et.al. (2010) ले भारतमा गरेको एक अध्ययनले लोटस मन्दिरले अप्रत्यक्ष रुपमा भारतलाई पर्यटकीय गन्तव्यका रुपमा परिचित गराएको र यस मन्दिरको सुन्दरताले आन्तरिक तथा बाह्य दुवैलाई आकर्षित गरेको देखाएको छ । ताईवानको Yanshuei Fireworks Festival स्थानीय रितीरिवाजको रुपमा शुरु भएतापनि हाल यस पर्वले ताईवानलाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा परिचित गराएको छ । (Cheng et al., 2015) चाडपर्वहरुले दिगो स्थानीय आर्थिक विकासका अवसरहरु खोल्ने र साँस्कृतिक र सामाजिक मान्यताको साथसाथै पर्यटन विकास, क्षेत्रीय अर्थतन्त्रमा सुधार ल्याउन, सहरको इमेज बनाउन, मौसमी पर्यटन विस्तार गर्न सहयोग गर्ने गर्दछन् । (Okech, 2011)

२.५ अध्ययन विधिहरु अन्तर्गत Kartal et.al. (2015) ले टर्कीको मनिसा क्षेत्रमा धार्मिक पर्यटनको सम्भाव्यता बढाउन र पर्यटकीय अनुभव सुधार गर्न विज्ञहरुको अन्तरवार्तालाई तथ्यांक संकलनको माध्यम बनाएका छन् भने Tripathi et. al. (2010) ले अमृतसरको स्वर्ण मन्दिरमा पर्यटकीय अनुभव अभिवृद्धि गर्ने तत्वहरुको पहिचान गर्न का लागि Structured प्रश्नावलीको माध्यमबाट स्वर्ण मन्दिर भ्रमण गर्ने पर्यटक समूह मार्फत जानकारी लिएका छन् । त्यस्तै Orekat (2016) ले जोर्डनको धार्मिकस्थलहरुमा भ्रमण गर्न आएका आगन्तुकहरुको अनुभवबारे जाँच गर्न प्रश्नावली र अन्तरवार्ताको माध्यम अपनाएका छन् ।

२.६ धार्मिक सम्पदाका क्षेत्रहरुमा भ्रमणकर्ताको अनुभवलाई असर गर्ने कारक तत्वमा निजको आध्यात्मिकता रहने गर्दछ । सामान्यतया: आगन्तुकहरु एक अर्कासँग धार्मिक अनुभव साटासाट गरी अन्तरक्रिया गर्न इच्छुक देखिन्छन् । आगन्तुकहरुको धार्मिकस्थलको आध्यात्मिक र साँस्कृतिक मूल्य मान्यतासँगको संलग्नताको स्तर कर्मचारीको कार्यसम्पादन र विशेषत: भ्रमण गाईडहरुको धार्मिकस्थलको व्याख्यामा बढी निर्भर हुने गरेको छ । (Orekat, 2016). त्यस्तै धार्मिक पर्यटन प्रवर्द्धन र विकासका निमित्त क्षेत्रीय संगठनका राष्ट्रहरुबीच समन्वयिक र एकीकृत पहलको पनि आवश्यकता देखिएको छ । जस्तै: Chow & Oregan (2015) ले ASEAN राष्ट्रहरु (कम्बोडया, इन्डोनेशिया, लाओस, मलेशिया, फिलिपिन्स, म्यानमार, सिंगापूर, थाईल्यान्ड, ब्रुनाई र भियतनाम) मा रहेका बौद्धिक धार्मिक स्थलहरु प्रति अन्तर्राष्ट्रिय पर्यटकको आर्कषणका सम्बन्धमा अध्ययन गर्दा त्यस क्षेत्रमा बौद्ध धर्मसँग सम्बन्धित मन्दिरहरु मात्र नभई योगा, परम्परागत उपचार पद्धति, स्पा, ध्यान केन्द्र एवम् धर्मसँग सम्बन्धित त्यस क्षेत्रको ईतिहास र कलाले बौद्ध तथा गैर बौद्ध पश्चिमा पर्यटकहरुलाई समेत आकर्षित गरेको देखिएको छ ।

## राष्ट्रियस्तरका कृतिहरुको समीक्षा

२.७ नेपालमा सन् १९२२ देखि सन् २०१० सम्मको अवधिमा कुल पर्यटक आगमनमा धार्मिक पर्यटकको वार्षिक बृद्धिदर significant रहेको देखिएको छ । कुल पर्यटक आगमन संख्यामा धार्मिक पर्यटकको अनुमानित वार्षिक बृद्धिदर ०.४६ प्रतिशत रहेको छ भने यो अनुपात बढ्दो प्रवृत्तिमा रहेको छ । (Sutihar, 2010).

२.८ नेपाल राष्ट्र बैंक, (२०२१) अनुसार कोशी प्रदेशका ४ वटा धार्मिकस्थलहरु (ठूलो पाथिभरा मन्दिर, सानो पाथिभरा मन्दिर, हलेसी महादेव तथा बराह क्षेत्र) वरपर रहेका पूजा सामाग्री तथा हस्तकला व्यवसाय संचालन गर्ने ९० प्रतिशत व्यवसायीको व्यवसाय संचालन गर्ने मुख्य आधार धार्मिक पर्यटन रहेको छ ।

२.९ धार्मिक क्षेत्रको बजारीकरण गर्ने विधि तथा बजारीकरणका उपकरणको छनौटसँग सम्बन्धित Gurung (2016) ले गरेको एक अध्ययनमा लुम्बिनी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न बजार अनुसन्धान, रणनीति र मिश्रणको व्याख्याका साथै सामाजिक सञ्जालको माध्यमबाट हुने बजारीकरणले उपभोक्ता व्यवहारलाई पार्ने प्रभाव व्याख्या गरिएको छ ।

# परिच्छेद ३: अध्ययनको विधि

## परिचय

३.१ यस खण्डमा अध्ययन प्रतिवेदन तयार पार्न अपनाइएका सम्पूर्ण प्रकृया तथा विधिको व्याख्या गरिएको छ । अध्ययनको ढाँचा, अध्ययनको स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषण विधिजस्ता विषयहरु यस खण्डमा समावेश गरिएको छ ।

## अध्ययनको ढाँचा

३.२ यो अध्ययन सुदूरपश्चिम प्रदेशका मुख्य धार्मिक स्थलहरुमा केन्द्रित छ । यो अध्ययनमा तथ्याङ्क संकलन गर्ने कार्यका लागि सर्वेक्षण ढाँचा (Survey Research Design) प्रयोग गरिएको छ । तथ्याङ्क संकलनका लागि विभिन्न स्थलहरुमा भ्रमणमा रहेका धार्मिक पर्यटक लगायत सम्बन्धित सरोकारवालालाई संरचित प्रश्नावली (Structured Questionnaire) तथा असंरचित प्रश्नावली (Unstructured Questionnaire) मार्फत तथ्याङ्क संकलन गरिएको छ । समय सीमाका कारण तथा तथ्याङ्क विश्लेषण सहज बनाउनका निमित्त सर्वेक्षणमा विशेषत: Closed Questions अर्थात् केही निश्चित उत्तरहरु मध्येबाट रोज्नुपर्ने गरी प्रश्नहरु सोधिएको छ । केही Open Questions पनि Closed Questions ले सम्बोधन नगरेका क्षेत्रहरु समेट्नका निमित्त सोधिएका छन् । क्षेत्रको वस्तुस्थितिको विश्लेषण गर्नका लागि व्याख्यात्मक पद्धति (Descriptive Research) को अवलम्वन गरिएको छ ।

## तथ्याङ्कको स्रोत

३.३ यस अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन अवलोकन तथा पर्यटक, होटल व्यवसायी, सवारी साधन व्यवसायी, स्थानीयवासी, मन्दिर व्यवस्थापन समिति, तथा स्थानीय तहका प्रतिनिधि (वडाअध्यक्ष) लाई प्रश्नावलीका माध्यमबाट गरिएको छ । त्यस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुबाट विभिन्न समयमा प्रकाशित अध्ययन प्रतिवेदनहरु, जानकारी पुस्तिका, आधिकारीक वेबसाईट, पत्रपत्रिका इत्यादिबाट द्वितीय तथ्याङ्कसँग सम्बन्धित सूचना तथा जानकारीहरु संकलन गरिएको छ ।

## प्राथमिक तथ्याङ्क संकलन विधि

### (क) अवलोकन

३.४ अध्ययनमा नमूनाका रुपमा छनौट भएका प्रदेशका नौ वटा जिल्ला कै धार्मिक स्थलहरुमा अवलोकन भ्रमण गरी सो क्षेत्रमा देहायबमोजिम आवश्यक पूर्वाधार र सेवा सुविधाको उपलब्धताका सम्बन्धमा अध्ययन गरिएको छ :

- सडक सञ्जाल तथा यातायात
- ३ कि.मि क्षेत्र वरपरका होटल तथा लज
- विद्युत

- स्वास्थ्य सुविधा
- शुद्ध पिउने पानी
- विश्राम स्थल
- शौचालय
- बजार
- सुरक्षा निकाय
- पर्यटकीय जानकारी इकाई
- पार्किङ्ग क्षेत्र आदि

(अवलोकनका लागि चेकलिष्ट तयार गरी अनुसुची-२ मा प्रस्तुत गरिएको छ ।)

## (ख) प्रश्नावली सर्वेक्षण

३.५ स्थलगतरुपमा गरिएको प्रश्नावली सर्वेक्षणमा आधारित भई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । धार्मिक पर्यटकहरु, मन्दिर व्यवस्थापन वा विकास समिति/पूजारी, स्थानीय स्तरमा सञ्चालित पर्यटकस्तरीय होटल व्यवसायी, सवारीसाधन व्यवसायी, स्थानीय तहका प्रतिनिधि तथा स्थानीयवासीलाई अलगअलग प्रश्नावली मार्फत् तथ्याङ्क संकलन गरिएको छ ।

## नमूना छनौट तथा प्रश्नावलीको ढाँचा

३.६ सुदूरपश्चिम प्रदेशका सम्पूर्ण जिल्लाका प्रमुख धार्मिक स्थलहरुको देहाय बमोजिम सूची बनाई “नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५” को तालिका २१, सुदूरपश्चिम प्रदेश पर्यटन गुरुयोजना २०७९/८०-०८९/९० तथा सरोकारवाला अन्य निकायहरुबाट प्राप्त जानकारी तथा सूचनाको आधारमा धार्मिकस्थलहरुको नमूना छनोट गरिएको छ ।

### तालिका ३.१ : सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीयस्थलहरुको जिल्लागत विवरण

| क्र.सं | जिल्ला | धर्मिक पर्यटकीय स्थल | संख्या |
|---|---|---|---|
| १ | अछाम | रामारोशन क्षेत्र, खप्तड राष्ट्रिय निकुञ्ज, बैद्यनाथ धाम, जिम्रादी धाम पर्यटकीय क्षेत्र, सिद्धेश्वरनाथ मन्दिर, कुन्ठेश्वर काल भैरव, त्रिपुरा देवी मन्दिर | ७ |
| २ | बैतडी | त्रिपुरा सुन्दरी मन्दिर, मेलौली भगवती मन्दिर, निंगलासैनी मन्दिर, डिलासैनी मन्दिर, जगन्नाथ धाम, ईश्वरीगंगा धाम, पाताल भुमेश्वर मन्दिर, देहीमाण्डु, शिवनाथ मन्दिर, पञ्चदेवल मन्दिर | १० |
| ३ | बझाङ | खप्तड क्षेत्र, सुर्मादेवी मन्दिर, तातोपानी, तपोबन | ४ |
| ४ | बाजुरा | बडिमालिका मन्दिर, खप्तड राष्ट्रिय निकुञ्ज, त्रिवेणी क्षेत्र, बुढीनन्दा मन्दिर, कालिका कैलाश मन्दिर | ५ |
| ५ | दार्चुला | मलिकार्जुन मन्दिर, गोकुलेश्वर मन्दिर, तपोबन धाम | ३ |
| ६ | डोटी | शैलेश्वरी मन्दिर, खप्तड राष्ट्रिय निकुञ्ज, त्रिवेणी धाम, बडीकेदार धाम, बिर बेताल मन्दिर | ५ |
| ७ | डडेलधुरा | उग्रतारा मन्दिर, परशुराम मन्दिर, भागेश्वर मन्दिर, घटाल क्षेत्र | ४ |
| ८ | कैलाली | बेहडा बाबा मन्दिर, जोखर बाबा (ताल) मन्दिर, घोडाघोडी मन्दिर (ताल), शिवपुरी धाम, गोदावरी धाम, बर्दगोरिया मन्दिर धाम | ६ |
| ९ | कञ्चनपुर | सिद्धबाबा मन्दिर, बैजनाथ मन्दिर, शिव लिङ्गेश्वर धाम, भम्केनी धाम, ब्रह्मदेव धाम | ५ |

*स्रोतः प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९)।*

३.७ सुदूरपश्चिम प्रदेशका प्रमुख धार्मिकस्थल पर्नेगरी देहाय बमोजिमका धार्मिक स्थलहरुलाई नमूनाका रुपमा छनौट गरिएको छ ।

### तालिका ३.२ : छनोट गरिएका पर्यटकीय क्षेत्रहरुको नमूना

| क्र.सं | धर्मिक पर्यटकीय स्थल | जिल्ला |
|---|---|---|
| १ | त्रिपुरा सुन्दरी मन्दिर | बैतडी |
| २ | मेलौली भगवती मन्दिर | बैतडी |
| ३ | खप्तड क्षेत्र | बझाङ्ग, बाजुरा, अछाम, डोटी |
| ४ | परशुराम क्षेत्र | डडेलधुरा |
| ५ | मालिकार्जुन मन्दिर | दार्चुला |
| ६ | शैलेश्वरी मन्दिर | डोटी |
| ७ | उग्रतारा मन्दिर | डडेलधुरा |
| ८ | बेहडा बाबा मन्दिर | कैलाली |
| ९ | सिद्धबाबा मन्दिर | कञ्चनपुर |

३.८ अध्ययनको उद्देश्य पुरा गर्न छनोट गरिएका देहाय बमोजिमका स्थलहरुबाट Judgemental Sampling Method को प्रयोग गरी कुल २३४ नमूना संख्या छनौट गरिएको छ ।

### तालिका ३.३ : तथ्याङ्क संकलन गर्न छनोट भएका आवश्यक नमूना

| क्र.सं | तथ्याङ्क संकलन गरिने क्षेत्र | नमूना संख्या | छनोट भएको स्थान | कुल नमूना संख्या |
|---|---|---|---|---|
| १ | स्थानीय स्तरमा सञ्चालित पर्यटक स्तरीय होटल | २ | ९ | १८ |
| २ | सवारी साधन व्यवसायी | २ | ९ | १८ |
| ३ | पर्यटक | १० | ९ | ९० |
| ४ | स्थानीय | १० | ९ | ९० |
| ५ | मन्दिर व्यवस्थापन/विकास समिति | १ | ९ | ९ |
| ६ | स्थानीय तहका प्रतिनिधि (वडाअध्यक्ष) | १ | ९ | ९ |
| | **जम्मा** | **२६** | | **२३४** |

३.९ अध्ययनको मूल उद्देश्यलाई केन्द्रविन्दुमा राखी प्रश्नावलीको ढाँचा तयार गरिएको छ। अध्ययनका विशेष उद्देश्यहरुलाई पुरा गर्ने गरी आधिकारिक निकायहरुबाट अद्यावधिक विवरण संकलन गर्ने, विभिन्न पक्षहरुबाट धार्मिक पर्यटकीय सम्भाव्यताहरुलाई प्रतिविम्बित गर्ने गरी प्रश्नावली तयार गर्ने, हाल उपलब्ध सेवाको अवस्था एवम् सम्भावना तथा चुनौतीहरुको विश्लेषणका आधारमा यस प्रदेशमा धार्मिक पर्यटनको सम्भाव्यता र चुनौतीको विश्लेषण हुने गरी प्रश्नावली तयार गरिएको छ। प्रश्नावलीको नमूना अनुसूची २ देखि ७ सम्म प्रस्तुत गरिएको छ।

### अन्तरवार्तामा छनोट भएका मुख्य इकाईहरु

३.१० खप्तड क्षेत्र तथा शैलेश्वरी मन्दिर परिसरका सुरक्षा निकायका अधिकृत (Major of Nepal Army Unit), NATTA, Farwest Helicopter Charter Service Provider (खप्तड तथा बडीमालिका जस्ता सहज यातायात सुविधा उपलब्ध नभएका स्थानहरुका लागि), उद्योग वाणिज्य संघ, पर्यटन विकास समाज, पश्चिम नेपाल पर्यटन एलायन्स, स्थल सम्बद्ध पर्यटन विकास तथा व्यवस्थापन समिति, सञ्चारकर्मीहरु मार्फत् अध्ययन क्षेत्रका धार्मिक गन्तव्यका बारेमा टेलिफोन तथा स्थलगत अन्तर्वाताद्वारा सूचना तथा जानकारी लिइएको छ।

### प्रश्नावलीको प्रिटेष्ट, स्थलगत सर्वेक्षण र अनुगमन

३.११ विशेष अध्ययनको लागि अध्ययन प्रस्ताव आर्थिक अनुसन्धान विभागबाट स्वीकृत भए पश्चात् प्रश्नावली तयार गरी कैलाली जिल्ला स्थित बेहडाबाबा मन्दिर तथा आसपासका क्षेत्रमा गई प्रश्नावलीको पूर्व-परिक्षण गरिएको थियो। उक्त प्रश्नावलीमा पूर्व-परिक्षण पश्चात् आवश्यक सुधार समेत गरिएको थियो। प्रश्नावलीको प्रिटेस्ट सकिए पश्चात् स्थलगत सर्वेक्षणको लागि नमूना छनोटमा परेका ९ स्थानहरुमा ५ वटा टोली खटिएको थियो। त्यस्तै, स्थलगत सर्वेक्षण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले धनगढी कार्यालयका निर्देशकको नेतृत्वमा बैतडी स्थित त्रिपुरा सुन्दरी मन्दिरको तथ्याङ्क संकलनको कार्यको स्थलगत अनुगमन समेत गरिएको छ।

## तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण विधि

३.१२ स्थलगत सर्वेक्षणबाट संकलित तथ्याङ्क विवरणलाई व्याख्यात्मक (Descriptive) विधि प्रयोग गरी व्याख्या गरिएको छ । पर्यटक, होटल व्यवसायी, सवारी साधन व्यवसायी, स्थानीयवासी तथा मन्दिर व्यवस्थापनबाट प्राप्त प्रश्नावलीलाई जोडेर अनुपात निकाली विश्लेषण गरिएको छ भने स्थानीय तहका प्रतिनिधिबाट प्राप्त प्रश्नावलीको प्रत्येक धार्मिकस्थलका लागि फरक-फरक विश्लेषण गरिएको छ। यस अध्ययनमा आवश्यकता अनुसार गणितीय तथा तथ्याङ्कशास्त्रका उपयुक्त औजारहरुको प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ । यस अध्ययनमा संकलित तथ्याङ्कलाई उपयुक्त तालिका, रेखाचित्र, वृत चित्र आदिको प्रयोग गरी प्रस्तुत गरिएको छ।

# परिच्छेद ४ : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

## सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको प्रस्तुतीकरण

४.१ स्थलगत सर्वेक्षणको क्रममा छनौटमा परेका धार्मिकस्थल वरपर अवलोकनका क्रममा देखिएका पूर्वाधारको स्थिति, सञ्चालित होटलहरु, स्थानीय व्यवसायी, सेवा प्रदायक निकाय (यातायात व्यवसायी, ट्राभल तथा ट्रेकिङ एजेन्सी), आन्तरिक तथा बाह्य पर्यटक, स्थानीय वासी, धार्मिकस्थलसँग सम्बद्ध प्रतिनिधी, विकास समितिहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त जवाफ/प्रतिक्रियाको आधारमा विविध पक्षहरुको विश्लेषण गरी देहायबमोजिम प्रस्तुत गरिएको छ । विश्लेषण गर्ने क्रममा विभिन्न चार्ट, ग्राफ तथा रेखाचित्रको प्रयोग गरिएको छ ।

## अवलोकनका क्रममा देखिएका विवरण

### *धार्मिक स्थलको सडक सञ्जाल तथा यातायातको स्थिति*

४.२ धर्मिक स्थलहरुको अवलोकनको क्रममा खप्तड क्षेत्र बाहेक अन्य स्थलहरुमा सडक सञ्जाल तथा यातायातका पूर्वाधार रहेको देखिन्छ । खप्तड क्षेत्रसम्म पुग्न भने बझाङ्गको दारु गाउँ वा डोटीको झिङ्गग्रानासम्म सडक सञ्जाल तथा यातायातको साधन उपलब्ध छ भने बाँकी पैदल मार्ग रहेको छ ।

चार्ट ४.१ : सडक सञ्जाल तथा यातायातको स्थिति




### *धार्मिक स्थलमा सडकको स्थिति*

४.३ अध्ययनका लागि छनौट गरिएका धार्मिक स्थलहरुमध्ये बेहडाबाबा मन्दिरमा कालोपत्रे सडकसम्म २ कि.मि कच्ची र ग्राभेल सडक रहेको छ। सिद्धनाथ मन्दिरसम्म पुग्न नजिकैको महेन्द्रनगर बजारबाट १३ कि.मि. कालोपत्रे सडक रहेको छ भने ५ कि.मि. कच्ची सडक रहेको छ। परशुराम धाम क्षेत्रमा कालोपत्रे सडकसम्मको दूरी १२ कि.मि. रहेको छ। खप्तड क्षेत्रमा डोटीको झिंग्राना देखि १८ कि.मि. पैदल मार्ग रहेको छ भने बझाङ्गको तमैल (मेल्तडी) सम्म पक्की बाटो रहेको छ । तमैलबाट खोला तरी दारु गाँउसम्म कच्ची बाटो र तत् पश्चात् पैदल मार्ग रहेको छ। अन्य धार्मिक स्थलहरु शैलेश्वरी मन्दिर,

मेलौली मन्दिर, त्रिपुरा सुन्दरी मन्दिर र मालिकार्जुन मन्दिर गरी ५ वटा धार्मिक स्थल सम्मै कालोपत्रे सडक रहेको छ ।

चार्ट ४.२ : सडकको स्थिति




### *धार्मिक स्थलमा ३ कि.मि. क्षेत्र वरपरका होटल तथा लजको उपलब्धता*

४.४ अध्ययनमा छनौटमा परेका धार्मिक स्थलहरुमध्ये बेहडाबाबा मन्दिरमा ३ कि.मि. क्षेत्र वरपर होटल नरहेको पाईयो । यद्यपि, बेहडाबा दर्शनार्थी दर्शन गरी धनगढी स्थित होटलमा बस्ने गरेको पाइयो, त्यसै गरी, सिद्धबाबा मन्दिर वरपर ब्रह्म देव बजारमा ५ देखि ६ वटा होटल तथा लज रहेका छन् । खप्तड क्षेत्रमा एउटा खप्तड होटल, खप्तड विकास समितिद्वारा उपलब्ध गराईएको खाने बस्ने सुविधा एवम् धर्मशालाका कारण खान बस्न भने पहिले भन्दा तुलनात्मक रुपमा सहज भएको छ । शैलेश्वरी मन्दिर र मेलौली मन्दिरमा ३ वटा जति होटल रहेका छन् । बैतडीको त्रिपुरा सुन्दरी मन्दिरमा ३ कि.मि. क्षेत्र वरपर होटल नरहेको भएतापनि ४ कि.मि. क्षेत्रमा जिल्लाको सदरमुकाम गोठालापानि अवस्थित छ जहाँ होटल तथा लजको सुविधा रहेको छ । मालिकार्जुन मन्दिरको ३ कि.मि.क्षेत्र वरपर एउटा मात्र होटल रहेको छ। मौसमी पर्यटन, मेला र चाडबाडका समय मात्र पर्यटकहरुको आवागमन बढी हुनु, पूर्वाधारको कमी, लगानीमा उचित प्रतिफल प्राप्त नहुनु आदि कारणले विशेष गरी पहाडी क्षेत्रका धार्मिक स्थलहरुमा होटलहरुको संख्या कम देखिएको छ ।

### *धार्मिक स्थलमा विद्युत, स्वास्थ्य सुविधा, पिउने पानी तथा विश्राम स्थल र धर्मशालाको अवस्था*

४.५ अध्ययनका लागि छनौट गरिएका धार्मिक स्थलहरु मध्ये खप्तड क्षेत्रमा धर्मशाला बाहेक अन्य पूर्वाधारहरुको सुविधा नरहेको पाईयो । यद्यपि अन्य धार्मिक स्थलहरुमा विद्युत, स्वास्थ्य सुविधा, पिउने पानी, विश्राम स्थल र धर्मशालाको सुविधा रहेको पाईयो । खप्तड क्षेत्रमा भौगोलिक विकटता, सिमित साधन स्रोत, उपयुक्त योजनाको अभाव, योजनाको फितलो कार्यान्वयन, यस क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्न नसक्नु आदि कारणले क्षेत्रको आशातीत् विकास हुन नसकेको देखिन्छ । यस क्षेत्रमा विद्युत, स्वास्थ्य सुविधा, पिउने पानी जस्ता आधारभूत सुविधाको विस्तार गर्नसके धार्मिक पर्यटन मात्र नभई साहसिक पर्यटन, पर्या-पर्यटन, सांस्कृतिक पर्यटन मार्फत् क्षेत्रको आर्थिक विकास गर्न सकिने देखिन्छ ।

### *धार्मिक स्थल र नजिकको बजारबीचको दुरी*

४.६ बेहडाबा मन्दिरबाट ६ कि.मि.दुरीमा चौमाला बजार, सिद्धनाथ मन्दिरबाट नजिकै ब्रह्म देव बजार र १८ कि.मि.को दुरीमा महेन्द्रनगर बजार, परशुरामधाम बाट १२ कि.मि दूरीमा डडेलधुरा बजार, उग्रतारा मन्दिरबाट ६ कि.मि. दुरीमा डडेलधुरा बजार, शैलेश्वरी मन्दिर सदरमुकाममा नै रहेको, मेलौली मन्दिरको १ कि.मि. दुरीमा मेलौली बजार रहेको, त्रिपुरा सुन्दरी मन्दिर बैतडीको ४ कि.मि. क्षेत्रमा गोठालापानी सदरमुकाम रहेको र गोकुलेश्वर बजारबाट २५ कि.मि. को दुरीमा मालिकार्जुन मन्दिर रहेको छ। खप्तड क्षेत्रमा भने १२ कि.मि.पैदल यात्रामा झिंग्राना बजार रहेको छ।

४.७ पहाडी क्षेत्रका धार्मिक स्थलहरुमा धेरैजसो स्थानीय बासी कृषिमा आश्रित हुँदा अन्य व्यवसायमा लगानी गर्ने वातावरण नहुनु, छरिएर रहेको बस्तीका कारण बजार विकास हुन नसक्नु, अपर्याप्त पूर्वाधार, मौसमी पर्यटन आदि कारणले बजार विकास हुन नसकेको देखिन्छ।

### *पर्यटकीय जानकारी इकाई*

४.८ अध्ययनका लागि छनौटमा परेका कुनै पनि धार्मिक स्थलहरुमा पर्यटकीय जानकारी इकाई नरहेको पाईयो। धेरैजसो पर्यटकहरुले स्थानीय होटल, ट्राभल एजेन्सी, स्थानीय चिनजानका ईष्ट मित्र र इन्टरनेट मार्फत् धार्मिक स्थलहरुको बारे जानकारी लिने गरेको पाईयो।

### *पार्किङ्ग लट र पार्किङ्ग क्षमता*

४.९ खप्तड क्षेत्र, त्रिपुरा सुन्दरी मन्दिर र शैलेश्वरी मन्दिरमा पार्किङ्ग लटको व्यवस्था नरहेको पाईयो। बेहडाबा मन्दिरमा ५०० मोटरसाईकल र १०० गाडी पार्किङ्ग क्षमता रहेको पार्किङ्ग लट, सिद्धनाथ मन्दिरमा ५०० वटा मोटरसाईकल राख्ने क्षमता रहेको पार्किङ्ग लट, परशुरामधाममा १ हजार मोटरसाईकल र २०० गाडी पार्किङ्ग क्षमता रहेको, उग्रतारा मन्दिरमा २००० मोटरसाईकल र २०० गाडी पार्किङ्ग क्षमता रहेको, शैलेश्वरी मन्दिरमा १० वटा गाडी र ४ वटा मोटरसाईकल पार्किङ्ग क्षमता रहेको, त्रिपुरासुन्दरी मन्दिरमा २० वटा गाडी र १० वटा मोटरसाईकल पार्किङ्ग क्षमता रहेको छ। मेलौली मन्दिर र त्रिपुरा सुन्दरी मन्दिरमा पर्याप्त पार्किङ्ग क्षमताको पार्किङ्ग लट रहेको छ। खप्तड क्षेत्र भने पैदल मार्ग प्रयोग भई जाने भएकाले पार्किङ्ग सुविधा नरहेको पाईयो।

### *मन्दिर परिसरको सरसफाईको स्थिति र मन्दिरको अवस्था*

४.१० छनौटमा परेका धार्मिक स्थलहरुमध्ये खप्तड क्षेत्र र शैलेश्वरी मन्दिरको सरसफाईको अवस्था बढी सन्तोषजनक पाईयो भने अन्य धार्मिक स्थलहरुको सरसफाईको अवस्था सन्तोषजनक पाईयो। समग्रमा सबै मन्दिरहरुको अवस्था राम्रो रहेको पाईयो।

### *ईन्टरनेट सुविधा र मोबाइल नेटवर्क*

४.११ खप्तड क्षेत्रमा ईन्टरनेट सुविधा उपलब्ध छैन। यद्यपि खप्तड जाँदा प्रयोग हुने पैदल मार्गका केही स्थलहरुमा भने एन टि सि नेटवर्क रहेको छ। अन्य धार्मिक स्थलहरुमा ईन्टरनेट सुविधा रहेको छ।

### *पिकनिक स्पट*

४.१२ त्रिपुरा सुन्दरी, खप्तड क्षेत्र, सिद्धनाथ मन्दिर र मालिकार्जुन मन्दिरमा पिकनिक स्पट नरहेको पाईयो भने अन्य क्षेत्रहरुमा पिकनिक स्पट उपलब्ध रहेको पाईयो ।

### धार्मिक स्थलमा आन्तरिक पर्यटकको अवस्था

४.१३ धार्मिक पर्यटकहरुको आगमन सम्बन्धी तथ्याङ्क संकलन गर्दा उग्रतारा क्षेत्र विकास समिति, परशुराम क्षेत्र विकास समिति तथा खप्तड राष्ट्रिय निकुञ्ज (सेक्टर कार्यालय) झिंग्राना, डोटी बाट प्राप्त मौखिक तथा लिखित सूचना/जानकारी अनुसार आ. व. २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा भ्रमण गर्नेको संख्या ५ लाख ४ हजार पर्यटक रहेको देखिएको छ । उक्त संख्या वार्षिक/अर्ध-वार्षिक र समय समयमा लाग्ने मेलापर्व, जाँत र विशेष पूजा अर्चना आदीका कारण उच्च रहन गएको देखिन्छ ।

**तालिका ४.१ : सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीय स्थलहरुमा कुल पर्यटक आगमन**

| आ.व. | सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटकको संख्या | | | | राष्ट्रियस्तरमा आएका बाह्य कुल धार्मिक पर्यटक | बाह्य कुल धार्मिक पर्यटकमा सुदूरपश्चिम प्रदेशको हिस्सा |
|---|---|---|---|---|---|---|
| | आन्तरिक | बाह्य | कुल | वृद्धिदर | | |
| २०७४/७५ | ३,६२,८३१ | १,५५५ | ३,६४,३८६ | | १,४१,०३३ | १.१० |
| २०७५/७६ | ४,२८,६५३ | १,८१७ | ४,३०,४७० | १८.१४ | १,६९,१८० | १.०७ |
| २०७६/७७ | ८०,७३० | ४१६ | ८१,१४६ | -८१.१५ | १,७१,९३७ | ०.२४ |
| २०७७/७८ | ८१,६८५ | ३५३ | ८२,०३८ | १.१ | ३५,८९३ | ०.९८ |
| २०७८/७९ | ३,०४,१८७ | ८४२ | ३,०५,०२९ | २७१.८१ | ११,१७२ | ७.५४ |
| जम्मा | १२,५८,०८६ | ४,९८३ | १२,६३,०६९ | | ५,२९,२१५ | |
| **हिस्सा** | **९९.६१** | **०.३९** | **१००.००** | **५२.४७** | | |

*स्रोत : विभिन्न मन्दिर व्यवस्थापन तथा विकास समितिहरु **(उग्रतारा क्षेत्र विकास समिति, परशुराम क्षेत्र विकास समिति तथा खप्तड राष्ट्रिय निकुञ्ज (सेक्टर कार्यालय) झिंग्राना, डोटी** ) र नेपाल पर्यटन बोर्ड ।*

४.१४ माथिको तालिका बमोजिम आ.व. २०७४/७५ मा राष्ट्रियस्तरमा आएका बाह्य कुल १ हजार ५ सय ५५ धार्मिक पर्यटकहरुमध्ये सुदूरपश्चिम प्रदेशमा भ्रमण गर्ने पर्यटकको संख्या करिब १.१० प्रतिशत मात्र रहेको देखिएको छ । राष्ट्रियस्तर तथा प्रादेशिक स्तरमा आ.व.२०७४/७५ सालदेखि धार्मिक पर्यटकको संख्या उल्लेख्य रुपमा वृद्धि भइरहेकोमा कोभिड १९ महामारीको कारण आ.व. २०७६/७७ मा सो संख्या घटेको र आ.व.२०७७/७८ पश्चात् अर्थतन्त्र चलायमान भएसँगै पर्यटकको संख्यामा क्रमश वृद्धि भएको देखिन्छ ।

४.१५ यसैगरी आ.व. २०७४/७५ मा उग्रतारा मन्दिर, परशुराम धाम मन्दिर, खप्तड क्षेत्रमा कुल ३ लाख ६४ हजार ३ सय ८६ पर्यटकहरुले भ्रमण गरेको देखिएको छ। आ.व. २०७५/७६ मा यो संख्या कुल ४ लाख ३० हजार ४ सय ७० पुगेका देखिएको छ। आ.व. २०७६/७७ मा भने कोभिड महामारीका कारण सो संख्या उल्लेख्य रुपमा घटेर ८१ हजार १ सय ४६ पुगेको देखिएको छ । साथै, आ.व. २०७७/७८ मा पनि महामारीकै कारण कुल ८२ हजार ३८ पर्यटकहरुले मात्र भ्रमण गरेको पाइएको छ भने आ.व. २०७८/७९ मा भने सो संख्या बढेर ३ लाख ५ हजार उनन्तीस पुगेको देखिएको छ ।

४.१६ यी धार्मिकस्थलहरुमा वर्षेनी आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण बढ्दै गएको छ । स्थानीय समितिसँगको छलफलको क्रममा प्राप्त जानकारी अनुसार खप्तड क्षेत्र बाहेक अन्य क्षेत्रहरुमा विशुद्ध धार्मिक तथा आध्यात्मिक उद्देश्यले आउने पर्यटकको संख्या बढी देखिएको छ भने खप्तड क्षेत्रमा साहसिक पर्यटन, अवलोकन भ्रमण, अध्ययन अनुसन्धान जस्ता उद्देश्यले आउने पर्यटकको संख्या बढी देखिन्छ । त्यसैगरी यातायातको सहज पहुँचको कारण कैलालीस्थित बेहडाबाबा मन्दिर र कञ्चनपुरस्थित सिद्धनाथ मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकहरु अन्य क्षेत्रभन्दा उल्लेख्य संख्यामा आएको देखिन्छ । सिद्धनाथ मन्दिरमा अधिकतम २५ लाखसम्म धार्मिक पर्यटकरु आउने गरेको जानकारी समितिले दिएका छन् । त्यसैगरी, उक्त मन्दिरमा आ.व. २०७८/७९ मा २ लाख आन्तरिक पर्यटक आएको र बाह्य पर्यटकको भने अभिलेख नराखिएको देखिन्छ ।

### *भ्रमण गर्ने पर्यटकको उमेर समूह, भ्रमणको माध्यम तथा उद्देश्य*

४.१७ धार्मिक स्थलको भ्रमण गर्ने २६ देखि ३५ वर्ष उमेर समूहका आन्तरिक पर्यटकहरुको संख्या सबैभन्दा बढी ३६.६७ प्रतिशत रहेको छ भने ५६ देखि ६५ र ६६ देखि ७६ वर्षभन्दा बढी उमेर समूहका पर्यटकको संख्या सबैभन्दा कम ४.४४ प्रतिशत रहेको छ । त्यसैगरी, १६ देखि २५ वर्षभन्दा कम उमेर समूहका पर्यटक २३.३३ प्रतिशत रहेका छन् ।

**चार्ट ४.३ : उमेर अनुसार धार्मिक स्थलमा पर्यटक आवागमनको अवस्था**




### *पेशा अनुसार धार्मिक स्थलमा पर्यटक आवागमनको अवस्था*

४.१८ धार्मिक स्थलको भ्रमण गर्ने ४६.६७ प्रतिशत आन्तरिक पर्यटकको मुख्य पेशा नोकरी रहेको छ भने २१.११ प्रतिशत पर्यटकको मुख्य पेशा व्यापार रहेको छ । त्यसैगरी, बैदेशिक रोजगारमा आवद्ध पर्यटकहरु सबैभन्दा कम ३.३३ प्रतिशत रहेका छन् भने अन्य कृषि र विद्यार्थी पेशामा आवद्ध भएका पर्यटक क्रमश: १४.४४ प्रतिशत, १०.०० प्रतिशत र ४.४४ प्रतिशत रहेका छन् ।

**चार्ट ४.४ : पेशा अनुसार धार्मिकस्थलमा पर्यटक आवागमनको अवस्था**



४.१९ सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरुमध्ये ५४.४४ प्रतिशतले पारिवारिक रुपमा धार्मिकस्थलको भ्रमण गरेका छन् भने पारिवारिक बाहेक अन्य समूहगत रुपमा भ्रमण गर्ने पर्यटकको संख्या २२.२२ प्रतिशत रहेको छ। एकल रुपमा भ्रमण गर्ने पर्यटकको संख्या पनि २२.२२ प्रतिशत रहेको छ भने अन्य १.११ प्रतिशत रहेको छ।

### *धार्मिकस्थल भ्रमणको मुख्य उद्देश्य*

**तालिका ४.२ : धार्मिकस्थल भ्रमणको मुख्य उद्देश्य**

| भ्रमणको मुख्य उद्देश्य | प्रतिशत |
|---|---|
| धार्मिक आस्था/भाकल पुरा गर्न | ६६.६७ |
| घुमघाम/ मनोरन्जन | २४.४४ |
| धार्मिक कार्य (ब्रतबन्ध, पितृकार्य, पूजापाठ, विवाह आदि) | ६.६७ |
| अध्ययन/अनुसन्धान | २.२२ |
| **जम्मा** | **१००.००** |

४.२० सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकले धार्मिकस्थल भ्रमण गर्नुको मुख्य उद्देश्य धार्मिक आस्था तथा मनोकांक्षा प्राप्तिको लागि गरेको भाकल पुरा गर्ने रहेको छ । सर्वेक्षणमा सहभागी भएकामध्ये ६६.६७ प्रतिशत पर्यटकले धार्मिकस्थलको भ्रमण भाकल पुरा गर्ने उद्देश्यले गरेको देखिएको छ। घुमघाम र धार्मिक कार्यहरु जस्तैः ब्रतबन्ध, पूजापाठ, विवाह, श्राद्ध आदि सम्पन्न गर्ने उद्देश्यले भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या क्रमशः २४.४४ र ६.६७ प्रतिशत रहेको छ। अध्ययन अनुसन्धानको उद्देश्यले सबैभन्दा न्यून २.२२ प्रतिशत मात्र पर्यटकहरु भ्रमणमा गएको देखिन्छ।

४.२१ सर्वेक्षणका क्रममा धार्मिकस्थलको भ्रमण गर्न आउने ४४.४४ प्रतिशत आन्तरिक पर्यटकहरुले साथीभाईबाट प्राप्त सूचना तथा जानकारीको आधारमा भ्रमण गरेको पाईयो । बाँकी पर्यटकहरुले धार्मिकस्थलको सम्बन्धमा गरिने प्रवर्द्धनात्मक कार्यक्रम, ईन्टरनेट, पत्रपत्रिका टेलिभिजन र अन्य श्रोतबाट जानकारी प्राप्त गरेको पाईयो । सर्वेक्षणमा सहभागी आन्तरिक धार्मिक पर्यटकहरुले धार्मिकस्थलहरुमा आवतजावतको लागि निजी, सार्वजनिक र विशेष गरी खप्तड क्षेत्रमा पैदल यात्रा गर्ने गरेको पाइएको छ भने रिजर्भ सवारी साधनको माध्यमबाट भ्रमण गर्ने पर्यटकको संख्या अत्यन्त न्यून रहेको देखिएको छ। निजी, सार्वजनिक सवारी साधन, पैदल र रिजर्भ सवारी साधनका माध्यमबाट भ्रमण गर्ने पर्यटक क्रमशः ४३ प्रतिशत, ३८ प्रतिशत , १२ प्रतिशत र ६ प्रतिशत रहेको देखिएको छ।

**चार्ट ४.५ : धार्मिक स्थलसम्म पुग्न मुख्य माध्यमहरुको प्रयोग (प्रतिशतमा)**




*स्रोतः स्थलगत सर्वेक्षण।*

## खप्तड एडभेन्चर हेली टुर

सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक तथा पर्यटकीयस्थल खप्तड र बडीमालिका हेलिकप्टरबाट उल्लेख्य रुपमा भ्रमण गरिने पर्यटकस्थलको रुपमा परिचित छन् । उक्त स्थानहरुमध्ये खप्तड हेलिकप्टरबाट सबैभन्दा धेरै भ्रमण हुने धार्मिक पर्यटकीयस्थलमा पर्दछ । कोभिड महामारीको अन्त्य भएसँगै हेलिकप्टरको माध्यमबाट खप्तड घुम्न जान पर्यटकहरुको आकर्षण देखिन्छ । डोटीको पूर्वीचौकी गाँउपालिका स्थित खप्तड होमस्टेको समन्वयमा विगत ३ वर्ष देखि खप्तड घुम्न जाने पर्यटकका लागि खप्तड एडभेन्चर हेली टुर शुरु गरिएको छ । खप्तड एडभेन्चर्स टुर्स तथा खप्तड होमस्टे झिंग्रानाका प्रबन्ध निर्देशक दिपक बहादुर खड्काबाट प्राप्त जानकारी अनुसार प्रदेशको आन्तरिक पर्यटनमा टेवा पुर्‍याउने र प्रचारप्रसार गर्ने उद्देश्यले समीट एयरसँगको सहकार्यमा हेली टुर आयोजना गरिएको हो ।

गत आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेश सरकार र खप्तड राष्ट्रिय निकुञ्ज प्रवर्द्धक तथा नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा) सुदूरपश्चिम प्रदेश, माउण्टेन हेलिकप्टर र उद्योग वाणिज्य महासंघ, सुदूरपश्चिम तथा होटल व्यवसायी महासंघ सुदूरपश्चिमको सहकार्यमा टुर आयोजना गरिएको थियो ।



स्रोतः पश्चिम टुडे राष्ट्रिय दैनिक ।

उक्त टुरमा खप्तड-दिपायल, झिंग्राना-खप्तड, धनगढी र महेन्द्रनगर देखि झिंग्राना, दिपायल बडिमालिका, दिपायल-खप्तड-बडिमालिका र साफेबगर बडिमालिका लगायत स्थानबाट अवलोकन गर्न जाने व्यवस्था मिलाइएको थियो । यात्रुहरुलाई स्थानको हिसाबले १२ हजारदेखि ४० हजारसम्मका प्याकेजहरु उपलब्ध गराइएको थियो ।

चालु आर्थिक वर्षमा समीट एयरसँगको सहकार्यमा आन्तरिक पर्यटनमा टेवा पुर्‍याउने उद्देश्यले खप्तडको प्रवेशद्वार झिंग्रानाबाट खप्तड जान आउन र दुई दिनको प्याकेज सहितको हेली टुर सञ्चालन गरिएको थियो । प्रायजसो हिँउदेयाममा (माघ/फागुन) हेली टुर आयोजना गर्ने गरिन्छ ।

डोटीको झिंग्रानाबाट खप्तडमा घुमफिरमा जाने यात्रुहरुलाई प्रतिव्यक्ति १० हजारसम्म, दिपायलदेखि खप्तड जाने यात्रुलाई प्रति व्यक्ति १२ हजारसम्म शुल्क लिने गरिएको छ ।

***तालिका : हेली टुर मार्फत खप्तड घुम्ने पर्यटकको संख्या***

| क्र.सं. | आर्थिक वर्ष | पर्यटक संख्या |
|---|---|---|
| १ | २०७७/७८ | ३५० |
| २ | २०७८/७९ | २५० |
| ३ | २०७९/८० | २० |

स्रोतः खप्तड एडभेन्चर्स टुर्स तथा खप्तड होमस्टे, डोटी ।

कोभिड महामारीको अन्त्यसँगै आन्तरिक पर्यटनमा टेवा पुर्‍याउने उद्देश्यले सञ्चालनमा आएको उक्त हेली टुर मार्फत खप्तड घुम्न जाने पर्यटकहरुको संख्यामा ह्रास आएको देखिन्छ ।

### *पर्यटकको भ्रमण अवधि तथा भ्रमण खर्चको संरचना*

४.२२ सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरुको औसत भ्रमण अवधि २.६ दिन रहेको देखिएको छ। छनोटमा परेका स्थानका आधारमा खप्तड क्षेत्र भ्रमण गर्ने पर्यटकको भ्रमण अवधि सबैभन्दा बढी ५ दिन रहेको छ भने सिद्धनाथ बाबा भ्रमण गर्ने पर्यटकको भ्रमण अवधि सबैभन्दा कम १ दिन रहेको छ। सिद्धनाथ मन्दिर सडक यातायातको सहज पहुँच रहेको, सुगम इलाकामा अवस्थित भएको तथा अधिकांश पर्यटक सुदूरपश्चिम प्रदेशमा रहेका जिल्ला तथा भारतको पूर्णागिरीबाट आउने गरेकोले भ्रमण अवधि कम रहेको देखिएको छ। खप्तड क्षेत्रसम्म नै यातायातको पहुँचको अभावले पैदल यात्रा समेत गर्नुपर्ने भएकोले २ दिनभन्दा बढी बाटो अवधि पर्ने हुँदा भ्रमण अवधि अन्य स्थानको तुलनामा बढी देखिएको हो।

**तालिका ४.३ : धार्मिकस्थलको भ्रमणमा पर्यटकको बसाइ अवधि**

| स्थान | प्रति पर्यटक कुल भ्रमण अवधि (दिन) |
|---|---|
| खप्तड क्षेत्र | ५ |
| परशुराम धाम | ४ |
| उग्रतारा मन्दिर | ३ |
| बेहडा बाबा मन्दिर | ३ |
| शैलेश्वरी मन्दिर | २ |
| मालिकार्जुन मन्दिर | २ |
| त्रिपुरा सुन्दरी मन्दिर | २ |
| मेलौली भगवती मन्दिर | १.५ |
| सिद्धनाथ मन्दिर | १ |
| **औसत** | **२.६** |

*स्रोतः स्थलगत सर्वेक्षण।*

४.२३ सर्वेक्षणमा सहभागी धार्मिकस्थलको भ्रमण गरेका पर्यटकहरुको प्रति पर्यटक औसत खर्च रु.१६,५६७- देखिएको छ। स्थान विशेषका आधारमा हेर्दा खप्तड जाने पर्यटकको भ्रमण खर्च सबैभन्दा बढी औषतमा रु. ५८ अजार ४ सय देखिएको छ। उक्त स्थलको भ्रमणमा जाने पर्यटकहरुको भ्रमण अवधि लामो हुने गरेको, पैदल यात्राका क्रममा पानी, औषधी र आवश्यक अन्य वस्तु खरिद गर्नुपर्ने भएको, भरियाले अन्न बोकेर लानुपर्ने भएकाले खाना खर्च अधिक कुने गरेकोले भ्रमण खर्च अधिक देखिएको हो। सबैभन्दा कम भ्रमण खर्च रु.१ हजार ५ सय भने बेहडाबाबा मन्दिरको रहेको छ। यस धार्मिक स्थलमा आउने अधिकांश पर्यटक वरपरका क्षेत्रका रहेका र धार्मिक स्थलसम्म पुग्न यातायात सुविधा सरल र सुपथ हुने भएकाले कम रहेको देखिएको छ।

४.२४ सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरुको कुल भ्रमण खर्चमध्ये यातायातमा सबैभन्दा बढी ४६ प्रतिशत खर्च भएको देखिएको छ भने होटलमा खान तथा बस्न र पूजा सामाग्री, उपहार खर्चका लागि क्रमशः २६ प्रतिशत, १६ प्रतिशत, ६ खर्च भएको देखिएको छ भने अन्य खर्च ६ प्रतिशत रहेको छ।

**चार्ट ४.६ : आन्तरिक पर्यटकको भ्रमण खर्च संरचना**



४.२५ स्थान विशेषका आधारमा खप्तड क्षेत्र र शैलेश्वरी मन्दिरको भ्रमणमा जाने पर्यटकको खर्च सबैभन्दा बढी होटलबास तथा खाना प्रयोजनका लागि भएको पाइएको छ भने सबैभन्दा कम खर्च उपहार खरिद र अन्यमा भएको देखिएको छ। अन्य स्थानको भ्रमणमा जाने पर्यटकको सबैभन्दा बढी खर्च यातायातमा भएको देखिएको छ । छनोटमा परेका सबै धार्मिकस्थलमा पर्यटकले पूजा सामाग्री, उपहार तथा हस्तकलाका सामाग्री खरिदमा गर्ने खर्च भने न्यून रहेको पाइएको छ । भ्रमणमा रहेका पर्यटकहरुले मन्दिरहरुमा चढाउने सामाग्रीहरु घरबाटै वा नजिकैको बजारबाट नै सुपथ मूल्यमा ल्याउने गरेको, पहाडी क्षेत्रहरुका धार्मिक स्थलहरुमा उपहार लगायतका सामाग्री विक्री गर्ने व्यवसाय नै न्यून रहेका कारण पनि पूजा, उपहार सामग्री खरिदमा न्यून खर्च देखिएको हो ।

**तालिका ४.४ : स्थान विशेषका आधारमा पर्यटकको खर्च संरचना (प्रतिशत)**

| **स्थान** | **यातायात** | **होटल र खाना** | **पूजा सामाग्री** | **उपहार खर्च** | **अन्य** |
|---|---|---|---|---|---|
| मालिकार्जुन मन्दिर | २७.५ | २८.५ | १३.५ | ९ | १.४ |
| मेलौली मन्दिर | ३३ | २१ | १६ | १२ | १८ |
| शैलश्वरी मन्दिर | ४४ | ३५.५ | ८.५ | ८ | ४ |
| त्रिपुरा सुन्दरी मन्दिर | २९ | २६ | २४ | ८ | १३ |
| उग्रतारा मन्दिर | ४४ | ३४.५ | ७.२ | ५ | ९.५ |
| खप्तड क्षेत्र | ४० | ४३ | ५ | २ | ११ |
| परशुराम धाम | ५७ | ६ | ३५ | ३ | |
| बेहडा बाबा मन्दिर | ६९ | ५ | २३ | ४ | |
| **औषत** | **४२.९४** | **२४.९४** | **१६.५२** | **६.३७** | **९.४८** |

*स्रोतः स्थलगत सर्वेक्षण ।*

## *आन्तरिक पर्यटकले भोगेको मुख्य समस्याहरु*

- विशेषतः पदयात्रामार्ग प्रयोग गर्ने पर्यटकहरुको पदयात्राका लागि आवश्यक पूर्वाधार, बाटोमा पिउने पानी, थोक तथा खुद्रा पसल, प्रयोग योग्य शौचालय, स्वास्थ्य चौकी, इन्टरनेट तथा स्तरीय पर्यटकीय होटलहरुको सुविधा नभएको । उपलब्ध होटलहरुले पर्यटकहरुको अपेक्षा बमोजिम सेवा प्रवाह नगरेको ।

- मेलाको समयमा मन्दिरहरुमा भिड व्यवस्थापन, जात्राको क्रममा भएको फोहोर व्यवस्थापन, बहुसंख्यक पर्यटकहरुका लागि खाने बस्ने सुविधाको प्रबन्ध मिलाउने कार्य चुनौतीपूर्ण देखिएको ।

- कुनै पनि मन्दिरमा पर्यटकीय जानकारी इकाई नहुँदा पर्यटकहरुलाई धार्मिक स्थल सम्बन्धी पर्याप्त जानकारीको अभाव भएको । परिमाण स्वरुप भ्रमण योजना बनाउन, धार्मिक स्थलको बारे पूर्व तयारी गर्न कठीन भएको । सूचना तथा संकेत चिन्ह नहुँदा पदयात्रीहरुलाई कठीन हुने गरेको ।

- गन्तव्यसम्म पुग्न सहज र सुपथ यातायातको सुविधा, पहाडी क्षेत्रका विमानस्थलहरुमा नियमित हवाई उडान नहुँदा पर्यटकहरुलाई आफ्नो समय अनुकुल भ्रमण योजना बनाउन असहज हुने गरेको ।
- कतिपय मन्दिरहरुमा पूजारीहरुको उपस्थिति नियमित रुपमा नहुँदा आस्थाका लागि मन्दिर आउने भक्तजनहरुलाई पूजा अर्चना लगायतका धार्मिक कार्य गर्न असहज हुने गरेको ।
- बाढी पहिरोको समयमा भौगोलिक असुरक्षा हुने गरेको । यसले गर्दा मौसमी असरका कारण पर्यटकीय आगमन कम हुने गरेको ।
- धार्मिक स्थलहरुमा सरसफाई र आकर्षण व्यवस्थापन सम्बन्धी समस्याहरु रहेको ।
- अन्य क्षेत्रका मानिसहरुलाई धेरै उचाईमा जाँदा श्वास प्रश्वास सम्बन्धी समस्या लेक लाग्ने देखिएको । तर सो लगायत अन्य स्वास्थ्य समस्या सम्बोधन गर्न उचित स्वास्थ्य सुविधाको अभाव देखिएको ।

### धार्मिकस्थलहरुमा पर्यटकस्तरीय होटलको अवस्था

४.२६ यस खण्डमा धार्मिकस्थल वरपर रहेका स्थानीय होटलहरुको कारोवारको अवस्था, होटलको Occupancy को अवस्था, होटलमा रोजगारीको अवस्था, होटलले प्रदान गर्ने सेवा सुविधा तथा होटल सञ्चालनको भविष्यको योजनाको बारेमा प्रस्तुत गरिएको छ ।

### *रोजगारीको अवस्था*

४.२७ सर्वेक्षणमा सहभागी होटलहरुमध्ये बेहडाबाबा मन्दिर धनगढीमा रहेका होटलहरुले सबैभन्दा बढी रोजगारी प्रदान गरेको देखिएको छ भने सिद्धनाथ मन्दिर कञ्चनपुरमा रहेका होटलहरुले सबैभन्दा कम रोजगारी प्रदान गरेको देखिएको छ । बेहडाबाबा मन्दिर नजिकै होटलहरु नभएतापनि मन्दिर बाट चौमाला बजार र धनगढी बजार नजिकै रहेकाले धनगढी स्थित होटलको विवरण लिँदा उक्त संख्या बढी देखिएको हो ।

**तालिका ४.५ : धार्मिकस्थलमा रहेका होटलमा रोजगारी संख्या**

| **स्थान** | **रोजगारी संख्या** |
|---|---|
| खप्तड क्षेत्र | ६ |
| परशुराम धाम | ४ |
| उग्रतारा मन्दिर | २३ |
| वेहडा बाबा मन्दिर | ८२ |
| शैलेश्वरी मन्दिर | ५ |
| मालिकार्जुन मन्दिर | ८ |
| त्रिपुरा सुन्दरी मन्दिर | ४ |
| मेलौली भगवती मन्दिर | ४ |
| सिद्धनाथ मन्दिर | ३ |
| **कुल रोजगारी संख्या** | **१३९** |
| **औषत रोजगारी** | **७.७** |

### *होटलहरुको मासिक औषत अकुपेन्सी*

४.२८ सर्वेक्षणमा सहभागी होटलहरुको मासिक औषत अकुपेन्सी चालीस प्रतिशत रहेको छ। साथै सर्वेक्षणमा सहभागी होटलहरु मध्ये ५९ प्रतिशत होटलहरुले सिजनमा ठाउँ कम भएर पर्यटकहरुलाई फर्काउनु परेको बताए भने बाँकी ४१ प्रतिशत होटलहरुले फर्काउनु नपरेको जानकारी दिए।

**चार्ट ४.७ : सिजनमा ठाउँ कम भएर पर्यटकहरुलाई फर्काउनु परेको वा नपरेको**




*स्रोतः स्थलगत सर्वेक्षण।*

### *होटल सञ्चालनको अवस्था तथा व्यवसाय विस्तारको योजना*

४.२९ छनोटमा परेका धार्मिकस्थल वरपर रहेका ९४.४ प्रतिशत होटलहरुको सञ्चालक पुरुष रहेको देखिएको छ भने शत प्रतिशत व्यवसायीहरु स्थानीयबासी रहेका छन्। औपचारिक रुपमा तालिम लिई होटल सञ्चालन गर्ने होटल व्यवसायी ४१ प्रतिशत रहेको पाइएको छ। अधिकांश होटलहरुमा खाना र आवास दुवैको सुविधा उपलब्ध रहेको पाइएको छ। होटल काउन्टरबाट सोझै बुकिङ्ग गर्ने पर्यटकको संख्या सबैभन्दा बढी ४४ प्रतिशत र टेलिफोनको माध्यमबाट धार्मिकस्थलहरुमा रहेका होटल बुकिङ्ग गर्ने पर्यटकको संख्या ४२ प्रतिशत रहेको देखिएको छ भने ईमेल वा इन्टरनेटबाट होटल बुकिङ्ग गर्ने पर्यटकको संख्या १४ प्रतिशत रहेको देखिएको छ।

**चार्ट ४.८ : धार्मिक स्थलका होटलहरुमा बुकिङ्गको अवस्था**



४.३० धार्मिकस्थल वरपर रहेका होटलले सेवा प्रदान गरेवापत प्राप्त गर्ने भुक्तानीको ३८.३० प्रतिशत भुक्तानी नगद मै, २७.६६ प्रतिशत भुक्तानी QR Code को माध्यमबाट हुने गरेको, १२.७७ प्रतिशत भुक्तानी ईन्टरनेट बैंकिङ्गबाट तथा बाँकी भुक्तानी कार्ड र डिजिटल वालेट जस्तै ईसेवा, खल्तीबाट हुने गरेको देखिएको छ ।

**चार्ट ४.९ : धार्मिक स्थलका होटलहरुमा भुक्तानीको माध्यम**




४.३१ पर्यटकलाई लक्षित गरी धार्मिकस्थल वरपर सञ्चालनमा रहेका होटलहरुमा एकल बेड भएको प्रतिहोटल औसत कोठा संख्या १३ रहेको पाइएको छ भने डवल बेड भएको प्रतिहोटल औसत कोठा संख्या १४ र सोभन्दा बढी बेड भएको प्रतिहोटल औसत कोठा संख्या ३ रहेको पाइएको छ । त्यसैगरी, प्रतिहोटल प्रतिपटक औसतमा ६८ जना पर्यटकलाई सेवा प्रदान गर्नसक्ने क्षमता रहेको पाइएको छ ।

**तालिका ४.६ : धार्मिकस्थलमा रहेका होटलमा उपलव्ध हुने बेड संख्या**

| धार्मिकस्थल | प्रति होटल पर्यटक क्षमता | प्रति होटल एकल बेड भएको कोठा संख्या | प्रति होटल डवल बेड भएको कोठा संख्या | प्रति होटल दुई भन्दा बढी बेड भएको कोठा संख्या |
|---|---|---|---|---|
| खप्तड क्षेत्र | २५४ | | ३ | ३ |
| परशुराम धाम | ८ | ७ | ९ | ३ |
| उग्रतारा मन्दिर | ८ | ९ | ९ | ४ |
| बेहडा बाबा मन्दिर | २८७ | २८ | ५२ | |
| शैलेश्वरी मन्दिर | १० | २ | ११ | |
| मालिकार्जुन मन्दिर | २२ | २५ | २३ | |
| त्रिपुरा सुन्दरी मन्दिर | ५ | ४ | ६ | |
| मेलौली भगवती मन्दिर | १० | | १० | |
| सिद्धनाथ मन्दिर | १३ | | २ | २ |
| **औसत** | **६८** | **१३** | **१४** | **३** |

४.३२ सर्वेक्षणमा सहभागी धार्मिक पर्यटन स्थल वरपर सञ्चालनमा रहेका होटलहरुको औसत मासिक बिक्री रु. १ लाख ४० हजार रहेको छ। सर्वेक्षणमा सहभागीमध्ये हाल कै अवस्थामा होटल सञ्चालन गर्ने योजना बनाएका व्यवसायीको बिक्री रु. ७८ हजार रहेको देखिएको छ भने भविष्यमा सेवा तथा सुविधा विस्तार गर्ने योजनामा रहेका होटल व्यवसायीको औसत मासिक बिक्री ८५ हजार रहेको देखिएको छ। सर्वेक्षणमा सहभागीमध्ये बेहडा बाबा मन्दिर वरपर रहेका होटलहरुको मासिक बिक्री आय सबैभन्दा बढी रु. ५ लाख ५० हजार रहेको पाइएको छ भने सिद्धनाथ मन्दिर वरपरका क्षेत्रहरुको मासिक बिक्री आय सबभन्दा कम रहेको पाइएको छ।

तालिका ४.७ : होटलहरुको औषत मासिक बिक्रीको अवस्था

| स्थान | बिक्री (रु.) |
|---|---|
| खप्तड क्षेत्र | ४,७५,००।०० |
| परशुराम धाम | ७०,०००।०० |
| उग्रतारा मन्दिर | ४०,०००।०० |
| बेहडा बाबा मन्दिर | ५,५०,०००।०० |
| शैलेश्वरी मन्दिर | २,३७,५००।०० |
| मालिकार्जुन मन्दिर | १,५५,०००।०० |
| त्रिपुरा सुन्दरी मन्दिर | १,३५,०००।०० |
| मेलौली भगवती मन्दिर | ७,०००।०० |
| सिद्धनाथ मन्दिर | २१,५००।०० |
| **औषत** | **१,४०,३८८।००** |

*स्रोतः स्थलगत सर्वेक्षण।*

४.३३ बेहडाबाबा मन्दिर वरपर भादा गाउँ होम स्टे बाहेक अन्य होटल तथा लज नभएको र धेरै जसो पर्यटकहरु चौमाला र धनगढी स्थित होटलमा बास बसी एक दिनमै फर्कने गरेको हुँदा धनगढीस्थित होटलको विवरणका कारण अधिक हुन पुगेको। सिद्धनाथ मन्दिरमा भने मेलाको समय मात्र होटलहरुमा पर्यटक आउने र कोभिड महामारी पश्चात् होटल कारोबार खासै नभएको हुँदा कारोवार कम देखिएको।

४.३४ सर्वेक्षणमा सहभागी होटलहरुमध्ये ४२ प्रतिशत होटलहरु केवल सुविधा विस्तार गर्ने र ३९ प्रतिशत होटलहरु क्षमता विस्तार गर्ने योजनामा रहेको देखिएको छ भने १५ प्रतिशत मात्र हालको अवस्थामा यथावत् रुपमा होटल सञ्चालन गर्ने योजनामा रहेको देखिएको छ। सर्वेक्षणमा सहभागी ४ प्रतिशत व्यवसायीको होटल व्यवसाय बन्द गर्ने योजना रहेको पाइएको छ।

### चार्ट ४.१० : होटलहरुको भविष्यको योजना



### *Chain होटल संग आवद्ध हुन चाहने होटलहरु*

४.३५ सर्वेक्षणमा सहभागी होटलहरुमध्ये ११ प्रतिशत होटलहरुले Chain होटल (Franchise) मा आवद्ध हुन चाहेको जानकारी दिए भने बाँकी ८९ प्रतिशत होटलहरुले सोमा आवद्ध हुने चाहना नभएको जानकारी दिए ।

**चार्ट ४.११ : Chain होटल संग आवद्ध हुन ईच्छुक होटलहरु**




### *होटलको रेष्टुरेण्टमा खाना खाने सहभागीहरुको प्रतिशत*

४.३६ ७८ प्रतिशत पर्यटकहरुले होटल कै रेष्टुरेन्टमा खाना खाने गरेको सर्वेक्षणमा सहभागी होटलहरुले जानकारी दिए । कुल पर्यटक संख्याको ११ प्रतिशत मात्र विदेशी पर्यटक आउने गरेको । ७७ प्रतिशत होटलमा शुद्ध शाकाहारी खानाको व्यवस्था रहेको र बाँकी २३ प्रतिशतमा नरहेको देखिन्छ ।

### *होटल व्यवसायका मुख्य समस्याहरु*

- सडक, खानेपानी, विद्युत सञ्चार जस्ता पूर्वाधारको अभावले होटल सञ्चालनमा समस्या देखिएको ।
- विशेष गरी पहाडी क्षेत्रका होटलहरुमा दक्ष कामदारको अभावले एक दुई जना कर्मचारीहरुको भरमा होटल चलाउनुपर्दा सेवा प्रवाहमा ढिलाई हुने गरेको । भएका कामदारहरुलाई पनि उपयुक्त प्रशिक्षण दिई स्तरीय सेवा र सुविधा विस्तार गर्न नसकिएको । अनुभवी र अंग्रेजी भाषा बुझ्न र बोल्न सक्ने कर्मचारीको अभावमा विदेशी पर्यटकहरुसँग समन्वय गर्न कठिन देखिएको ।
- पहाडी क्षेत्रका होटलहरुमा सञ्चारका न्यूनतम सुविधा टेलिफोन वा ईन्टरनेटको समस्या रहेको ।
- पर्यटकहरुका लागि विकट धार्मिक स्थलका होटलहरुमा सफा भान्सा, शौचालय र स्नानगृहको व्यवस्था नभएको । होटलमा कार्यरत कर्मचारीहरुको पोशाक सफा, सुग्घर र आकर्षक नहुँदा पर्यटकहरुलाई होटलको सरसफाईलाई लिएर First Impression नै नकरात्मक हुने गरेको ।
- उपयुक्त पार्किङ्गको अभावले कतिपय पर्यटकहरुलाई सुरक्षित पार्किङ्ग गर्न असुविधा हुने गरेको ।

- मौसम अनुकुल हुँदा तथा धार्मिक चाँडपर्व र मेलाको समयमा होटलको क्षमता अपुग हुने तर अन्य समयमा होटलको Occupancy अत्यन्त न्यून/खाली हुने गरेको ।
- पर्यटकहरुले माग गरे बमोजिम खाद्य परिकार उपलब्ध गराउन नसकिएको ।
- प्रविधिको बढ्दो उपयोगलाई मध्यनजर गर्दै होटलहरुमा अनलाईन बुकिङ, अनलाईन भुक्तानी तथा होटल सम्बन्धी जानकारी प्राप्त गर्न प्रविधि मैत्री स्रोत साधनको उपयोगमा कमी देखिएको ।
- कतिपय होटलहरुमा मौसम अनुसार पंखा, हिटर वा ए.सी.तथा तातो वा चिसो पानीको सुविधा नहुँदा प्रतिकूल मौसमको समयमा पर्यटक आवागमन न्यून हुने गरेको ।
- प्राथमिक उपचार (फस्ट एड) को प्रबन्ध नहुँदा अप्रत्याशित घटना वा दुर्घटनाको समयमा तुरुन्तै उपचार गर्न कठिन हुने गरेको । होटलदेखि अस्पताल वा स्वास्थ्य चौकीसम्मको दुरी बढी भएको अवस्थामा होटलमै प्राथमिक उपचारको प्रबन्ध मिलाउन अत्यावश्यक देखिएको ।

## धार्मिकस्थलहरुमा यातायात सेवाको अवस्था

### *सवारी साधनमा पर्यटक आवागमनको स्थिति*

४.३७ त्रिपुरा सुन्दरी मन्दिरमा आषाढ शुक्ल अस्टमी र नवमी मा भगवतीको पूजा गरी ठुलो पर्वको रुपमा आषाढी जात्रा मनाइने गरेको, मेलौली भगवती मन्दिरमा भगवतीको मुख्य पूजा र जात्रा प्रत्येक वर्ष कार्तिक शूक्ल चतुर्दशी र पूर्णिमाको दिन गरिने गरेको, परशुराम धाममा नयाँ बर्ष र माघे संक्रान्तीमा मेला लाग्ने गरेको,  उग्रतारा भगवती मन्दिरमा कार्तिक शुक्ल पूर्णिमाको दिन महापूजा तथा ठूलो जात्रा लाग्ने गरेको, सिद्धबाबा मन्दिरमा फागुन होली पूर्णिमादेखि असार पूर्णिमासम्म विधिवत धार्मिक उत्तरायणी मेला लाग्ने गरेको, मालिकार्जुन मन्दिरमा विशेषगरी भदौमा गौरा पर्व र कार्तिक, मंसीर महिनामा विशाल जात्रा लाग्ने गरेको शैलेश्वरी मन्दिरमा कार्तिक शुक्ल पूर्णिमाको दिनमा मेला र प्रत्येक बर्ष जेठ र कार्तिक पुर्णिमाका दिन लक्षबहन महायज्ञ हुने गरेको र बेहडाबाबा मन्दिरमा गंगादशहरा, महाशिवरात्री, माघे संक्रान्ति, दशैं र चैते दशैंमा मेला लाग्ने गरेकाले विशेषत: मेला लाग्ने महिनाहरुमा पर्यटकको आवागमन सबैभन्दा बढी हुने गरेको देखिएको छ ।

४.३८ सर्वेक्षणमा सहभागी यातायात व्यवसायीका अनुसार छनोटमा परेका धार्मिकस्थललाई अन्तिम गन्तव्य बनाउने वा सो मार्ग भएर जाने यातायात व्यवसायीले वर्षमा औसतमा ३१ पटक धार्मिक पर्यटक लिएर रिजर्भमा जाने गरेको पाइएको छ । रिजर्भ संख्याका आधारमा उग्रतारासम्म वा सो मार्ग भएर जाने यातायात व्यवसायीले वर्षभरिमा औसतमा सबैभन्दा बढी १२८ पटकसम्म रिजर्भमा जाने गरेको पाइएको छ । त्यसैगरी डोटीको शैलेश्वरीसम्म जाने व्यवसायीले वर्षमा औसतमा ५० पटकसम्म रिजर्भमा जाने गरेको पाइएको छ । सिद्धनाथ मन्दिरसम्म जाने यातायात व्यवसायीले वर्षमा सबैभन्दा कम ३ पटक सम्ममात्र रिजर्भमा जाने गरेको पाइएको छ । यस धार्मिकस्थलसम्म सडक यातायातको सहज पहुँच रहेको तथा अधिकांश धर्मावलम्बी निजी सवारी साधनमा आउने जाने गरेकाले पनि यहाँ कम देखिएको हो ।

४.३९ सर्वेक्षणमा सहभागी यातायात व्यवसायीहरुको मासिक आय औसत रु.६९ हजार ४ सय रहेको देखिएको छ । स्थान विशेषका आधारमा सिद्धनाथ मन्दिरलाई आफ्नो मुख्य गन्तव्य बनाएर यातायात सञ्चालन गर्ने व्यवसायीको मासिक औसत आय सबैभन्दा कम रु.१९ हजार देखिएको छ भने बैतडीको मेलौली भगवतीलाई आफ्नो मुख्य गन्तव्य बनाएर जाने यातायात सञ्चालन गर्ने व्यवसायीको मासिक औसत आय सबैभन्दा बढी २ लाख १० हजार देखिएको छ। सिद्धनाथ मन्दिरमा विशेषगरी टेम्पो वा अटो जस्ता साना सवारी साधन चल्ने गरेकाले मासिक औसत आय सबैभन्दा थोरै भएको देखिएको छ । त्यसैगरी, मेलौली भगवती मन्दिर दूरीका हिसाबले टाढा रहेको हुँदा भाडाको दर बढी हुने गरेको, यातायात व्यवसायी थोरै संख्यामा रहेका हुँदा मासिक औषत आय बढी हुने गरेको देखिएको छ ।

### *यातायात क्षेत्रका मुख्य समस्याहरु*

- कतिपय धार्मिक स्थलसम्म पुग्न सडक सञ्जाल उपलब्ध नभएको । मौसम प्रतिकुल हुने समयमा पहिरोका कारण सवारी साधन बर्षै भरी सञ्चालन हुन नसकेको ।
- कच्ची राजमार्ग र जीर्ण ग्रामीण सडकका कारण सवारी साधनको दैनिक सञ्चालन खर्च तथा मर्मत खर्च अत्याधिक भई भाडादर महङ्गो भएको ।
- बर्षैभरी एकनासले सवारी साधन सञ्चालन नहुँदा यातायात व्यवसायीहरुलाई अफ सिजनमा व्यवसाय धान्न असहज हुने गरेको ।
- यातायातको उच्च लागतका कारण यस प्रदेशका धार्मिक गन्तव्य पर्यटकीय रोजाईमा नपरेका हुँदा मितव्ययी यातायातको व्यवस्था अपरिहार्य रहेको ।
- वातावरण मैत्री यातायातका साधनहरुको अभावमा प्राकृतिक सौन्दर्यमा ह्रास आउने सम्भावना रहेको । विद्युतीय सवारी साधनहरुको उपयोगलाई प्रोत्साहन गर्न आवश्यक देखिएको ।
- बसपार्कहरुमा डिजिटल जानकारी बोर्ड, प्राथमिक उपचार केन्द्र, आवश्यक पार्किङ्ग क्षेत्र, प्रतिक्षालयको सुविधा विस्तार गरी पर्यटक मैत्री यातायात प्रणालीको विकास गर्न आवश्यक देखिएको ।

### धार्मिकस्थलहरुको व्यवस्थापनको अवस्था

४.४० धार्मिक स्थलहरुमा चढाईने भेटी लगायत अन्य बहुमुल्य रत्नहरुको प्रभावकारी व्यवस्थापन मार्फत् सम्बन्धित स्थलहरुको विकासका निमित्त मन्दिर व्यवस्थापन विकास समिति गठन गर्ने गरिएको छ । नेपाल सरकारले धार्मिक तथा ऐतिहासिक महत्व बोकेका धार्मिकस्थलहरुको संरक्षण, विकास तथा व्यवस्थापन गर्नका लागि सँस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहने गरी विकास वा संरक्षण समिति गठन गरी कार्यान्वयनमा ल्याएको पाइएको छ । यस किसिमका समिति गठनले धार्मिकस्थलहरुको संरक्षण गर्न र भक्तजनहरुले चढाएका भेटी, दान, दातव्यको व्यवस्थित अभिलेखिकरण तथा कारोबारमा पारदर्शिता आउने देखिन्छ । धार्मिकस्थलमा संकलन भएको भेटी सम्बन्धित सरोकारवालाको सहमतिमा गणना गरी बैंकमा जम्मा गर्ने चलन रहेको देखिएको छ । धार्मिकस्थलको विकास तथा सञ्चालन गर्नका निम्ति प्राप्त हुने आयका मुख्य स्रोतहरु देहाय बमोजिम रहेका छन् ।

- भक्तजनहरुले चढाएको नगद भेटी तथा नगद दान
- भक्तजनहरुले मन्दिरको नाममा दिएको जग्गाजमिन, गर-गहना, सुन चाँदी तथा अन्य दान, दातव्य
- पूजा सामाग्री बेच्ने स्थान उपलब्ध गराए बापतको भाडा
- स्थानीय, प्रदेश र संघीय सरकारले दिने अनुदान
- धार्मिक कार्यहरु विवाह, व्रतबन्ध वापतको शुल्क
- मेला, पर्वमा व्यापारिक स्टलहरुबाट उठेको कर
- स्थानीयहरुबाट प्राप्त रकम

### *धर्म र जातियताको आधारमा प्रवेश निषेध*

४.४१ नेपालको संविधानमा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन भन्ने छुवाछुत विरुद्धको हकको व्यवस्था रहेको छ। यद्यपि भेदभाव पूर्णरुपमा निराकरण भईसकेको भने छैन। सर्वेक्षणमा सहभागी यातायात व्यवसायी मध्ये डडेलधुराको उग्रतारा मन्दिरमा धर्म र जातियताका आधारमा प्रवेश निषेध गरिएको पाईयो भने अन्य स्थानमा निषेध नगरिएको पाईयो।

**चार्ट ४.१२ : धर्म र जातियताको आधारमा प्रवेश निषेध**




### *धार्मिकस्थलमा संकलित भेटी तथा दान दातव्यको अवस्था*

४.४२ सर्वेक्षणमा सहभागी नौ धार्मिक स्थल मध्ये ७ वटा धार्मिक स्थलहरुको व्यवस्थापन समितिले मात्र संकलित रकमको अभिलेख राखेको पाईयो। संकलित रकम मध्ये आर्थिक वर्ष २०७८/७९ मा कञ्चनपुर स्थित सिद्धबाबा मन्दिरले रु. ९० लाख, बेहडाबाबा मन्दिरले ४६ लाख २१ हजार, उग्रतारा मन्दिरले १५ लाख ९८ हजार, शैलेश्वरी मन्दिरले ९७ हजार र मालिकार्जुन मन्दिरले ८५ हजार संकलन गरेको पाइएको छ। सर्वेक्षणमा सहभागी नौ धार्मिक स्थल मध्ये बेहडाबाबा मन्दिर, शैलेश्वरी मन्दिर र उग्रतारा मन्दिरमा सिक्का व्यवस्थापनमा कठिनाई भोग्नुपरेको पाईयो भने अन्य स्थानहरुमा सो सम्बन्धी समस्या नरहेको जानकारी प्राप्त भयो। भेटी र दक्षिणाका रुपमा संकलित सिक्का बैंकहरुले निक्षेपको

रुपमा स्वीकार नगर्ने, बजारमा सहजै कारोबार योग्य नहुने र वर्षेनी संकलित सिक्का थुप्रिदै जाँदा सिक्का व्यवस्थापन चुनौतीपूर्ण देखिएको जानकारी प्राप्त भयो ।

**चार्ट ४.१३.धार्मिक स्थलमा संकलित भेटी, दक्षिणा र प्रसादको स्थिति (रु.लाखमा)**




### *धार्मिकस्थलको खर्च संरचना*

४.४३ धार्मिक स्थलहरुले वार्षिक बजेटको रकम मन्दिर सञ्चालन र व्यवस्थापन, सरसफाई, अतिथि सत्कार, वार्षिक पर्व पूजा, सामुदायिक विकास, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा अनुदान दिई खर्च गर्ने गरेको पाईयो । आ.व. २०७८/७९ मा उग्रतारा क्षेत्र विकास समितिले संकलित रकमको ५६.८६ प्रतिशत रकम तलब भत्ता, १९.१५ प्रतिशत रकम अडिट शुल्कमा खर्च गरेको देखिएको छ । खप्तड राष्ट्रिय निकुञ्ज (सेक्टर कार्यालय), झिंग्राना, डोटीको आ.व. २०७८/७९ मा संकलित कुल रु. ९ लाख २० हजार रकम नै राजश्वको रुपमा बैंकमा जम्मा गरिएको पाईयो । त्रिपुरा सुन्दरी भगवती क्षेत्र सुधार समितिले वार्षिक संकलित रकमको अभिलेख नराखेको पाईयो । यद्यपि आ.व. २०७८/७९ मा पूजा पाठमा ५० हजार देखि १ लाखसम्म, भौतिक व्यवस्थापनमा १ लाखसम्म र सरसफाईमा १ लाख ५० हजारसम्म अनुमानित खर्च भएको विवरण प्राप्त भएको । बेहडा बाबा मन्दिर व्यवस्थापन सेवा समिति बमोजिम संकलित रकमको अधिकांश अंश महायज्ञ, होम गर्दा खर्च हुने गरेको र बाँकी रकम मेलामा दक्षिणा, मासिक सञ्चालन खर्चमा हुने गरेको पाईयो ।

### धर्मिक पर्यटनले स्थानीय स्तरमा भएको परिवर्तन

४.४४ सर्वेक्षणमा ९ वटा धार्मिक स्थलका १०/१० जना स्थानीय वासीलाई धार्मिक पर्यटनले स्थानीय तहमा पारेको समाजिक, आर्थिक र वावावरणीय प्रभावका वारेमा प्रश्नावली सर्वेक्षणका माध्यमबाट जानकारी लिईयो ।

### *स्थानीय वासीको उमेर समूह, लिङ्ग र धर्म*

४.४५ धार्मिक स्थल वरपरका स्थानीयवासी मध्ये ३० देखि ४९ वर्ष उमेर समूहका स्थानीयवासीको संख्या सबैभन्दा बढी ४२.२२ प्रतिशत रहेको छ भने ७० देखि ७९ वर्ष उमेर समूहका स्थानीयवासीको संख्या सबैभन्दा कम ५.५६ प्रतिशत रहेको छ । सर्वेक्षणमा सहभागी सम्पूर्ण स्थानीयवासी हिन्दु धर्मावलम्बी

रहेका छन् । सहभागी मध्ये ७८.८९ प्रतिशत पुरुष सहभागी थिए भने २१.११ प्रतिशत महिला सहभागी रहेका थिए ।

**चार्ट ४.१४. स्थानीय वासीको उमेर समूह (प्रतिशत)**




### *स्थानीयवासीको मुख्य पेशा*

४.४६ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ४१.११ प्रतिशत सहभागी कृषि पेशामा, २७.७८ प्रतिशत सहभागी व्यापारमा, १५.५६ प्रतिशत नोकरीमा, १४.४४ प्रतिशत अन्य र १.११ प्रतिशत सहभागी वैदेशिक रोजगारमा आवद्ध छन् ।

**चार्ट ४.१५ सर्वेक्षणमा सहभागी स्थानीय वासीको मुख्या पेशा (प्रतिशत)**




### *स्थानीय स्तरमा रोजगारको अवसर, जीवन शैलीको गुणस्तरमा परिवर्तन, आम्दानी तथा स्थानीयको आम्दानी र सम्पत्तिको अवस्था*

४.४७ सर्वेक्षणमा सहभागी ५७.७८ प्रतिशत स्थानीयवासीले धार्मिक स्थलका कारण वरपरका क्षेत्रमा रोजगारको अवसर बढेको र ४२.२२ प्रतिशत सहभागीले नबढेको जानकारी दिएका छन् । स्थान विशेषका आधारमा खप्तड क्षेत्रका शत प्रतिशत स्थानीयवासीले रोजगारको अवसर नबढेको जानकारी दिएका छन् । खप्तडमा पर्यटन पूर्वाधार विकास नभएको, सुरक्षित र भरपर्दो यातायात सेवाको अभाव, पर्यटन व्यवसायबाट प्राप्त लाभलाई समुदायको पहुँचमा ल्याउन नसक्नु, पदयात्रा पर्यटनको प्रचार प्रसारमा कमी लयागतका

कारणले सो क्षेत्रमा रोजगारको अवसर, त्यहाँका स्थानीय वासीको जीवन शैलीको गुणस्तरमा उल्लेख्य परिवर्तन भएको भने देखिदैन ।

४.४८ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये जीवनशैलीको गुणस्तरमा परिवर्तन आएको जनाउने ५५.५६ प्रतिशत छन् भने परिवर्तन नआएको जनाउने ४४.४४ प्रतिशत रहेका छन् । स्थान विशेषका आधारमा खप्तड क्षेत्रका शत प्रतिशत स्थानीयवासीले निजहरुको जीवन शैलीको गुणस्तरमा परिवर्तन नआएको जनाएका छन् । सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ५३.३३ प्रतिशतले सम्पत्ति, आम्दानीमा बृद्धि भएको जनाएका छन् भने ४६.६७ प्रतिशत सहभागीले सम्पत्ति, आम्दानीमा बृद्धि नभएको जनाएका छन् ।

**चार्ट ४.१६ स्थानीय स्तरमा परिवर्तन**




## *तीर्थस्थल र वरपरका क्षेत्रका पूर्वाधारहरुमा सुधार*

४.४९ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये तीर्थस्थल र वरपरका क्षेत्रका पूर्वाधारहरुमा सुधार भएको जनाउने सहभागी ८७ प्रतिशत छन् भने १३ प्रतिशत सहभागीहरुले सो क्षेत्रहरुमा सुधार नभएको जनाएका छन् ।

**चार्ट ४.१६७ तीर्थस्थल र वरपरका क्षेत्रका पूर्वाधारहरुमा सुधार**



### *स्थानीय व्यवसायीको व्यापार तथा तिर्थस्थल र वरपरका क्षेत्रमा बजारको विस्तार*

४.५० सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६८ प्रतिशत सहभागीले स्थानीय व्यवसायीको व्यापारमा वृद्धि भएको जनाएका छन् भने ३२ प्रतिशत सहभागीहरुले नभएको जनाएका छन् । त्यसैगरी, ७२ प्रतिशत सहभागीहरुले तीर्थस्थल र वरपरका क्षेत्रहरुमा बजारको विस्तार भएको जनाएका छन् भने २८ प्रतिशत सहभागीहरुले नभएको जनाएका छन् ।

**चार्ट नं :४.१८ स्थानीय व्यवसायीको व्यापार तथा तीर्थस्थल र वरपरका क्षेत्रमा बजारको विस्तार**




### *स्थानीय स्तरमा व्यापार, प्राकृतिक सम्पदाको अवस्था र देखासिकी प्रवृत्ति*

४.५१ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६१ प्रतिशतले तीर्थस्थल र वरपरका क्षेत्रमा व्यापार गर्न आउने प्रवृत्तिमा वृद्धि भएको जनाएका छन् भने ३९ प्रतिशतले नभएको जनाएका छन् ।

**चार्ट नं ४.१९ स्थानीय स्तरमा व्यापार, प्राकृतिक सम्पदा र देखासिकी प्रवृत्ति**




४.५२ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ११ प्रतिशतले विस्थापित भएको जनाएका छन् भने ८९ प्रतिशतले नभएको जनाएका छन् । त्यसै गरी सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये १७ प्रतिशतले तीर्थस्थल र वरपरका सम्पत्तिमा ह्रास आएको जनाएका छन् भने ८३ प्रतिशतले नआएको जनाएका छन् । सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये २९ प्रतिशत सहभागीहरुले तीर्थस्थल र वरपरका समुदायमा देखासिकी प्रवृत्ति हाबी भएको जनाएका छन् भने बाँकी ७१ प्रतिशतले सो नभएको जनाएका छन् ।

## *तीर्थस्थलमा आर्थिक क्रियाकलापको वृद्धिसंगै सरकारी सेवाको गुणस्तरको अवस्था*

४.५३ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ५१ प्रतिशत सहभागीहरुले तीर्थस्थलमा आर्थिक क्रियाकलापको वृद्धिसंगै सरकारी सेवाको गुणस्तरमा बृद्धि भएको जनाएका छन् भने बाँकी ४९ प्रतिशतले सो नभएको जनाएका छन् ।

**चार्ट ४.२० सरकारी सेवाको गुणस्तरमा बृद्धि भएको वा नभएको**




## *तीर्थस्थल र आसपासका क्षेत्रमा आपराधिक गतिविधिको स्थिति*

४.५४ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ७ प्रतिशत सहभागीहरुले तीर्थस्थल र आसपासका क्षेत्रमा अपराधिक गतिविधि बृद्धि भएको जनाएका छन् भने बाँकी ९३ प्रतिशतले सो नभएको जनाएका छन् ।

**चार्ट ४.२१ : तीर्थस्थल र आसपासका क्षेत्रमा अपराधिक गतिविधि**




## *बसाईसराईको अवस्था*

४.५५ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये २२ प्रतिशत सहभागीहरुले तीर्थस्थल र आसपासका क्षेत्रमा बसाई सराई वृद्धि भएको जनाएका छन् भने बाँकी ७८ प्रतिशतले सो नभएको जनाएका छन् ।

### चार्ट ४.२२ : तीर्थस्थल र आसपासका क्षेत्रमा बसाई सराई




### *लोपोन्मुख जीवजन्तुलाई नकरात्मक प्रभाव*

४.५६ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये १० प्रतिशत सहभागीहरुले लोपोन्मुख जीवजन्तुलाई नकरात्मक प्रभाव परेको जनाएका छन् भने बाँकी ९० प्रतिशतले सो नपरेको जनाएका छन् ।

### चार्ट ४.२३ : लोपोन्मुख जीवजन्तुलाई नकरात्मक प्रभाव




### *प्रदूषण, वन विनास र फोहोर मैला व्यवस्थापनको स्थिति*

४.५७ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ४७ प्रतिशत सहभागीहरुले प्रदूषण बढेको जनाएका छन् भने बाँकी ५३ प्रतिशतले नबढेको जनाएका छन् । त्यसै गरी १४ प्रतिशत सहभागीहरुले वन विनास बढेको जनाएका छन् भने बाँकी ८६ प्रतिशतले नबढेको जनाएका छन् ।

### चार्ट ४.२४ स्थानीय स्तरमा फोहोरमैला व्यवस्थापन, वन विनास र प्रदुषणको स्थिति



४.५८ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ४५ प्रतिशत सहभागीहरुले भूमी प्रदुषण बढेको जनाएका छन् भने बाँकी २९ प्रतिशतले जल प्रदुषण बढेको जनाएका छन् ।

चार्ट ४.२५. प्रदुषणका प्रकारमा वृद्धि




### *बाढी पहिरो र जलवायु परिवर्तन*

४.५९ सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६ प्रतिशत सहभागीहरुले बाढी पहिरोमा बृद्धि भएको र जलवायु परिवर्तनले नकरात्मक असर परेको जनाएका छन् भने बाँकी ९४ प्रतिशतले बाढी पहिरोमा वृद्धि नभएको र जलवायु परिवर्तनमा नकरात्मक असर नपरेको जनाएका छन् ।

चार्ट ४.२६ : बाढी पहिरो र जलवायु परिवर्तन




### बजेट विनियोजन

४.६० यस प्रदेशमा पर्यटन क्षेत्रसँग सम्बन्धित निकायको रुपमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय रहेको छ भने पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न पर्यटन विकास शाखा रहेको छ। यस अध्ययनका लागि छनोटमा परेका ९ वटा धार्मिकस्थलहरुमध्ये प्रदेश सरकारको तहबाट आर्थिक वर्ष २०७९/८० मा बेहडाबाबा धाममा २ करोड ९० लाख, उग्रतारा मन्दिरमा नेपाल सरकारबाट वार्षिक रु.७ हजार मात्र, खप्तड क्षेत्रमा मालिका मन्दिर व्यवस्थापनका लागि संघीय सरकारबाट रु. १८ लाख र स्थानीय तहबाट रु. ६ लाख, शैलेश्वरी मन्दिरमा रु. ७० लाख र त्रिपुरा सुन्दरी मन्दिरमा पर्खाल निर्माणका लागि रु.१ लाख बजेट विनियोजन भएको पाईएको छ । सरकार र अन्य निकायका तर्फबाट शिक्षा तर्फ

उग्रतारा मन्दिरमा रु. ५५ हजार तथा मालिकार्जुन मन्दिरमा रु. १० लाख सहयोग प्राप्त भएको देखिएको छ ।

## धार्मिक पर्यटनको प्रर्वद्धनमा सुदूरपश्चिम प्रदेश सरकारको भूमिका

४.६१ सुदूरपश्चिम प्रदेश सरकारले धार्मिक तथा पर्यटकीय स्थलको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने, भौतिक संरचना तथा पूर्वाधार निर्माण, प्राचीनता झल्किने गरी मन्दिरको जिर्णोद्वार, पर्यटन सहायता केन्द्र र व्यवस्थापन, पर्यापर्यटन प्रवर्द्धन, सांस्कृतिक तथा पर्यटन मेला महोत्सवमा सहकार्य, पर्यटकका लागि धर्मशाला निर्माण र पर्यटकहरुलाई आकर्षित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने कार्यहरु गर्दै आईरहेको छ । प्रदेश सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वृहत्तर कार्यक्षेत्रमध्ये एक प्रमुख क्षेत्रको रुपमा रहेको “पर्यटन” लाई उच्च महत्व दिँदै प्रत्येक आर्थिक वर्षहरुमा पर्यटनसँग सम्बन्धित थुप्रै कार्यक्रमहरु प्राथमिकताका साथ बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिन्छ ।

४.६२ प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मातहत रहेको प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाई मार्फत स्वीकृत कार्यक्रमहरु छिटो छरितो सम्पादन तथा सेवा प्रवाहको लागि अख्तियारी दिइएको छ । आर्थिक वर्ष २०७८/७९ मा धार्मिक सांस्कृतिक पर्यटन पूर्वाधार निर्माण तर्फ रु.२ करोड ३५ लाख १२ हजार ७२ खर्च गरी २५३ वटा आयोजनाहरु सम्पन्न गरिएको छ ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्षमा पर्यटनसँग सम्बन्धित देहायबमोजिम कार्यक्रमहरु प्राथमिकताका साथ सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

- पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माण गर्ने ।
- पर्यटकीय स्थलको प्रचार प्रसारको लागि वृत्तचित्र निर्माण गर्ने ।
- भिजिट सुदूरपश्चिम एपको नियमित सुधार गर्ने ।
- पर्यटन सहायता केन्द्र र व्यवस्थापन ।
- धार्मिक, सांस्कृतिक तथा पर्यटन मेला महोत्सवमा सहकार्य गर्ने ।
- Spiritual/Wellness Tourism प्रवर्द्धनका लागि क्याम्प सञ्चालन गर्ने ।
- होमस्टे तालिम तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
- पर्यटन व्यवसायीहरुको समन्वयात्मक भ्रमण कार्यक्रम गर्ने ।
- प्रदेशको नाकाहरुमा पर्यटकीय सूचना सहितको डिस्प्ले बोर्ड स्थापना गर्ने ।
- डडेलधुरा जिल्लाको परशुराम धाम क्षेत्रमा योग, ध्यान तथा सभा सम्मेलन केन्द्र निर्माण गर्ने ।
- प्रदेश पर्यटन सूचना प्रणाली विकास तथा जडान गर्ने ।

४.६३ धार्मिक सांस्कृतिक पर्यटन पूर्वाधार निर्माण बाहेक प्रदेश सरकारले भ्यू टावर निर्माण, पर्यटन पदमार्ग निर्माण, पार्क तथा पिकनिक स्पट निर्माण, अध्ययन अनुसन्धान र अन्य पूर्वाधार जस्तै धर्मशाला, अतिथिगृह, संग्रहालय, स्वागतद्वार निर्माण आदी विभिन्न कार्यहरु सञ्चालन गरेको देखिन्छ ।

**चार्ट ४.२७ : जिल्लागत धार्मिक पर्यटन पूर्वाधार निर्माण संख्या**




*स्रोत: प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९)।*

४.६४ धार्मिक पर्यटन पूर्वाधार निर्माण संख्याका आधारमा चार आर्थि वर्षको तथ्याङ्क हेर्दा सबैभन्दा बढी कैलाली जिल्लामा १३० वटा र सबैभन्दा कम डडेलधुरा जिल्लामा १२ वटा निर्माण गरिएको छ । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ मा सबैभन्दा बढी पूर्वाधार निर्माण भएको र त्यसपछिका आर्थिक वर्षहरुमा क्रमैसँग घट्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा कैलाली र कञ्चनपुर जिल्लामा मात्रै जम्मा ३० वटा पूर्वाधार निर्माण सम्बन्धी कार्य गरिएको छ ।

**चार्ट ४.२८ : धार्मिक पर्यटन पूर्वाधार निर्माणमा जिल्लागत खर्च बिवरण (रु. लाखमा)**




*स्रोत: प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९)।*

४.६५ धार्मिक पर्यटन पूर्वाधार निर्माणमा जिल्लागत खर्च बिवरण हेर्दा वार्षिक रुपमा घट्दै गइरहेको छ । आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा बढी रु.८ करोड ४८ लाख १६ हजार भएकोमा आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु.२ करोड ३५ लाख १२ हजार खर्च भएको छ **(चित्र नं ३)** । चार आर्थिक वर्षमा

जिल्लागत रुपमा सबैभन्दा बढी खर्च कैलाली जिल्लामा रु. ९ करोड १९ लाख ९० हजार भएकोमा सबैभन्दा कम डडेलधुरा जिल्लामा रु. ८२ लाख ८० हजार खर्च भएको छ ।

**चार्ट ४.२९ : धार्मिक पर्यटनमा वार्षिक खर्च बिवरण (रु.लाखमा)**




*स्रोतः प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९) ।*

**चार्ट ४.३० आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म जिल्लागत धार्मिक पर्यटनमा खर्च रकम (प्रतिशतमा)**




*स्रोतः प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९) ।*

४.६६ आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म धार्मिक पर्यटन प्रादेशिक खर्चको तथ्याङ्क हेर्दा कैलाली जिल्लामा ३६ प्रतिशत, कञ्चनपुर जिल्लामा १८ प्रतिशत, बैतडी जिल्लामा ९ प्रतिशत, अछाम जिल्लामा ८ प्रतिशत, डोटी र बाजुरा जिल्लामा ६ प्रतिशत, बझाङ्ग र दार्चुला जिल्लामा ६ प्रतिशत एवम् डडेलधुरा जिल्लामा ३ प्रतिशत भएको छ । धार्मिक पर्यटन खर्च कैलाली र कञ्चनपुर मात्र केन्द्रित रहेको र सुदूरपश्चिम प्रदेशका अन्य जिल्लाहरुमा पनि प्रवर्द्धन खर्च समानुपातिक रुपमा बढाउन आवश्यक रहेको छ ।

**चार्ट ४.३१ : आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म जिल्लागत पर्यटन पदमार्ग निर्माणमा खर्च रकम**




*स्रोत: प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, कैलाली (२०७९)।*

४.६७ आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म जिल्लागत पर्यटन पदमार्ग निर्माणमा खर्च हेर्दा सबैभन्दा बढी कञ्चनपुर जिल्लामा ३८ प्रतिशत र सबैभन्दा कम बझाङ जिल्लामा १ प्रतिशत मात्र रहेको छ। रकमका आधारमा कञ्चनपुर जिल्लामा रु.१ करोड १३ लाख ९३ हजार र बझाङ जिल्लामा रु.३ लाख ११ हजार मात्र पदमार्ग निर्माणमा खर्च गरिएको छ। डोटी, अछाम, बाजुरा र बझाङ्ग जिल्ला समेटिएको खप्तड पर्यटकीय क्षेत्रमा पदमार्ग निर्माणमा बढी रकम खर्च गर्नुपर्ने आवश्यकता देखिएको छ।

## पर्यटकहरुबाट आम्दानी

४.६८ अध्ययनका लागि छनोटमा परेका ९ वटा धार्मिकस्थलहरुमध्ये तथ्याङ्क प्राप्त ६ वटा धार्मिक स्थल र वरपरका क्षेत्रमा आउने पर्यटकहरुबाट कुल वार्षिक आम्दानी रु. ३३ लाख ५० हजार हुने गरेको देखिएको छ।

## धार्मिक स्थल प्रवर्द्धनका निमित्त भविष्यका योजनाहरु

| **बेहडाबाबा मन्दिर, कैलाली।** | **परशुरामधाम, डडेलधुरा।** |
|---|---|
| • बेहडाबाबा मन्दिर जोड्ने चौतर्फी सडकहरुको निर्माण।<br>• स्वच्छ खानेपानीको व्यवस्था गर्ने।<br>• मन्दिर परिसरमा लाईट जडान गर्ने।<br>• बेहडाबाबा वरिपरि रहेका ठाउँहरुलाई धार्मिक क्षेत्रमा परिणत गर्ने। | • पार्किङ स्थल, परशुरामधाम उद्यान एवम् पार्क निर्माण गर्ने।<br>• महाकाली नदी कटान नियन्त्रण गर्ने, तटबन्ध निर्माण गर्ने, खानेपानी व्यवस्थापन गर्ने।<br>• परशुरामधाममा विभिन्न देवी देवताका मन्दिर निर्माण एवम् प्रवर्द्धन गर्ने।<br>• प्रतीक्षालय, आवासगृह, सभाहल, भजनकिर्तन गर्ने घर, मण्डप, गौशाला, शौचालय निर्माण गर्ने। |
| **उग्रतारा मन्दिर, डडेलधुरा।** | **खप्तड क्षेत्र।** |

| | |
|---|---|
| • यस धार्मिक स्थल प्रवर्द्धनका लागि नेपाल सरकार र स्थानीय सरकारकारबाट प्रचारप्रसार गरी पर्यटकहरुलाई आकर्षित गर्ने । | • बगलेखलाई मिनि पर्यटक क्षेत्र बनाउने ।<br>• झिग्राना देखि विचपानीसम्म सडक विस्तार गर्न संघीय सरकार र प्रदेश सरकारलाई बजेट माग गर्ने ।<br>• होमस्टे, धर्मशालाका लागि अनुदान माग गरिने ।<br>• स्थानीय कला संस्कृति प्रवर्द्धन गर्न प्रचारप्रसार गरिने र पर्यटकहरुलाई स्थानीय कला संस्कृति देखाउने । |
| **शैलेश्वरी मन्दिर, डोटी ।** | **मेलौली मन्दिर, बैतडी ।** |
| • पर्यटकका लागि सामुदायिक भवन निर्माण गर्ने । | • गेट निर्माण<br>• पर्खाल निर्माण<br>• वृक्षारोपण |
| **त्रिपुरा सुन्दरी मन्दिर, बैतडी ।** | **मालिकार्जुन मन्दिर, दार्चुला ।** |
| • भगवती मन्दिर देखि कापडी गाउँसम्म सवारी बाटो निर्माण गर्ने । | • पूर्वाधार निर्माण गर्ने । |

## सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको सम्भावना :

- विविध धार्मिक सांस्कृतिक परम्परा, मिश्रित रितीरिवाज, थारु संस्कृति, डेउडा, छलिया नाच, खप्तड दह, रामारोशन, उग्रतारा, त्रिपुरासुन्दरी, निङ्गलाशैनी, डिलाशैनी, उदयदेव, मेलौली, पाटन उपत्यका, श्रीभावर क्षेत्र, पत्तालभुमेश्वर क्षेत्र लगायत अन्य ताल तलैयाहरु धार्मिक पर्यटन विकासका लागि परिणत गर्न सकिने ।

- धार्मिक तथा हिमाली जैविक विविधताको रुपमा परिचित खप्तड राष्ट्रिय निकुञ्ज जस्ता क्षेत्र साहसिक पर्यटनको लागि प्रबल सम्भावना रहेको ।

- हिमाली प्राकृतिक सुन्दरता, महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक सम्पदाहरु रहेको ।

- धार्मिक पर्यटन प्रवर्द्धन मार्फत रोजगारी सिर्जना, गरिवी निवारण र जनताको जीवनस्तरमा वृद्धि ल्याई आर्थिक समृद्धिमा समेत सहयोग पुऱ्याउने सम्भावना रहेको ।

- “पर्यटन पूर्वाधार समृद्ध प्रदेशको आधार” भन्ने नाराका साथ संघीय सरकार, स्थानीय तह र नीजि क्षेत्रसंगको सहकार्यमा पर्यटन गुरुयोजना तयार गरिने भनेर नीति तथा कार्यक्रममा उल्लेख गरिएकोले यसबाट पर्यटन पूर्वाधार विकास निर्माणले पर्यटनमा टेवा पुग्ने सम्भावना रहेको ।

- छिमेकी मुलुक भारतका राज्यहरु जस्तै उत्तरप्रदेश, उत्तराखण्ड, हिमाचल प्रदेशमा यस प्रदेशको धार्मिक पर्यटन प्रवर्द्धनका लागि व्यापक प्रचारप्रसार गरेमा यस प्रदेशमा भारतीय तथा विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि भई आय आर्जन गर्न सकिने ।

- यस प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीय सम्भावना भएका क्षेत्रमा सडक, विजुली, बत्ती, नेटवर्क लगायत पर्यटकीय पूर्वाधारहरुको विस्तार गर्न सकिएमा आन्तरिक पर्यटकका साथै विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि हुन सक्ने सम्भावना रहेको ।

- स्तरीय होटल, पर्यटकहरुको सुरक्षाको प्रत्याभूति लगायत विभिन्न धार्मिक टुर प्याकेजहरुको व्यवस्था गर्न सकेमा यस प्रदेशका पर्यटकहरुको आगमनमा वृद्धि हुन सक्ने ।

- यस प्रदेशका हरेक जिल्लामा विमानस्थलको व्यवस्था, पहाडी तथा हिमाली क्षेत्रमा हवाईमा नियमितता एवं सुरक्षित र भरपर्दो उडानको व्यवस्था गर्न सके आन्तरिक तथा विदेशी पर्यटक भित्रिन सक्ने सम्भावना ।

- सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा रहेको बडीमालिका धार्मिक तथा प्राकृतिक पर्यटनको दृष्टिबाट प्रचुर सम्भावना नै सम्भावना बोकेको पर्यटकीय क्षेत्र भएकोले पर्याप्त विकास तथा प्रचार-प्रसार गर्न सके धार्मिक पर्यटकको संख्यामा वृद्धि गर्न सकिने ।

- सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।

- धार्मिक पर्यटनसँगै यस प्रदेशको प्राकृतिक भुबनोट तथा आकर्षणको आधारमा भ्रमण, पदयात्रा, माइस पर्यटन, राफ्टिङ्ग, हाइकिङ्ग, फिसिङ्ग, गुफा अवलोकन, समुदायमा आधारीत होमस्टे, साइकिलिङ्ग, चराचुरुङ्गी तथा वन्यजन्तु अवलोकन, हिमाल आरोहण जस्ता विभिन्न पर्यटकीय क्रियाकलापहरु उपलब्ध छन् भने प्याराग्लाइडिङ्ग, केबलकार, क्यानोनिङ्ग, बंजी जम्पिङ्ग, स्किईङ्ग, गल्फ, आदि पर्यटकीय गतिविधिहरुको सम्भावना ।

## सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको चुनौती :

- पर्यटकीय सेवा तथा सुविधाका लागि आवश्यक आधारभूत पूर्वाधारहरुको कमीको कारणले गर्दा पर्यटकहरुलाई पर्यटनको उत्कृष्ट अनुभवको कमी मात्र नभई बेलाबखत नकारात्मक अनुभव समेत हुन गई त्यसले गन्तब्यको छविलाई झनै कमजोर बनाइ प्रत्युत्पादक भइरहेको चुनौती ।

- यस प्रदेशका प्राकृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी यस प्रदेशलाई पर्यटकीय दृष्टिकोणले आकर्षक गन्तव्य स्थलको रुपमा विकास गरी सर्वसाधारणको जीविकोपार्जनका लागि रोजगारीका अवसरमा वृद्धि, जीवनस्तरमा सुधार ल्याई आर्थिक वृद्धिमा योगदान गर्नु ।

- अत्यावश्यक तथा स्तरीय पर्यटन मैत्री पुर्वाधारहरु जस्तै प्रादेशिक आन्तरिक हवाइसेवा, धार्मिक तथा पर्यटकीय गन्तब्यहरु जस्तै खप्तड, रामारोशन तथा बडीमालिका पदमार्गमा यथेष्ट आरामदायी आवासगृह तथा रेष्टुरेण्ट, आधुनिक पर्यटन सुचना केन्द्रहरु, गन्तब्य नजिकै स्वास्थ्य केन्द्र, आपतकालीन पर्यटक खोज तथा उद्दार केन्द्र तथा उपकरण, पर्यटक प्रहरीको न्यूनता ।

- प्रदेशका ग्रामीण क्षेत्रमा स्थानीय समुदायको स्वामित्वमा प्रतिस्पर्धा र गुणस्तरीय धार्मिक पर्यटन सेवाको विकास गरी विद्यमान पर्यटकीय पूर्वाधार सञ्चालनमा सुधार ल्याउन ।

- प्रादेशिक तथा स्थानीय स्तरमा धार्मिक पर्यटकीय गन्तब्यको प्रणालीगत तथा व्यवस्थित विकासको लागी पर्याप्त अध्ययन तथा अनुसन्धान, पर्यटन गुरुयोजना, रणनीतिक निर्देशिका तथा आयोजनाहरु निर्माण गरी कार्यान्वयन गर्नु ।

- प्रदेश भित्रका धार्मिक पर्यटकीय पूर्वाधार विकासतर्फ लगानी प्रवर्द्धन गर्नुका साथै पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।

- विकट तथा दुर्गम स्थानमा अवस्थित धार्मिक पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण कार्य स्थानीय वासीलाई समेत सम्मिलित गराई योजना कार्यान्वयन गर्नु ।

- धार्मिकस्थलको भ्रमणमा स्थलमार्गबाट आउने भारतीय पर्यटकहरु तथा आन्तरिक पर्यटकहरुको तथ्याङ्क संकलन गर्ने कार्यको उचित संयन्त्र निर्माण गर्नु ।

- विद्यमान धार्मिक पर्यटकीय स्थलहरूको बजारीकरण एवं नयाँ स्थानहरुको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी प्रचार प्रसार गर्नु ।

- आन्तरिक, भारतीय तथा अन्य बाह्य बजारमा सुदूरपश्चिम प्रदेश स्थित प्रसिद्ध धार्मिक पर्यटकीय स्थललाई उच्च प्राथमिकताका साथ प्रचार-प्रसार र प्रवर्द्धन गर्ने र धार्मिक पर्यटकहरूको आगमनलाई अधिकतम बनाउने ।

# परिच्छेद ५ : निष्कर्ष तथा सुझाव

## निष्कर्ष

धार्मिकस्थलहरुको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, स्थानीय व्यवसायी, उद्यमी, जनप्रतिनिधी तथा धार्मिक पर्यटनसँग सम्बन्धित सरोकारवाला निकायसँगको छलफल पश्चात् प्राप्त सूचना तथा जानकारीहरुको विश्लेषणका आधारमा अध्ययनका निष्कर्ष देहाय बमोजिम रहेका छन् ।

- धर्मिक स्थलहरुको अवलोकनको क्रममा खप्तड क्षेत्र बाहेक अन्य स्थलहरुमा सडक सञ्जाल तथा यातायातका पूर्वाधार रहेको देखिन्छ । खप्तड क्षेत्रसम्म पुग्न भने बझाङ्गको दारु गाउँ वा डोटीको झिङ्गग्रानासम्म सडक सञ्जाल तथा यातायातको साधन उपलब्ध छ भने बाँकी पैदल मार्ग रहेको छ ।

- धार्मिक स्थलको भ्रमण गर्ने २६ देखि ३५ वर्ष उमेर समूहका आन्तरिक पर्यटकहरुको संख्या सबैभन्दा बढी रहेको छ भने पेशागत रुपमा सबैभन्दा धेरै नोकरी/जागिरमा आवद्ध भएका पर्यटकले धार्मिकस्थलको भ्रमण गरेको देखिएको छ ।

- सीमित स्रोतबाट प्राप्त तथ्याङ्क बिश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा आ.व.२०७८/७९ मा धार्मिक पर्यटकस्थलको भ्रमण गर्ने पर्यटकको संख्या ३ लाख ५ हजार २९ रहेको छ जुन अघिल्लो आ.व.२०७७/७८ को तुलनामा २७१.८१ प्रतिशतले बढी हुन आउँछ । कोभिड-१९ को महामारी अन्त्यपछि पर्यटन क्षेत्र पनि खुकुलो बन्दै गएको कारण पर्यटक आगमनको संख्यामा उल्लेख्य वृद्धि भएको दखिएको छ । यद्यपि, चालु आ.व. मा हेली टुर प्याकेज मार्फत खप्तड जाने पर्यटकको संख्यामा भने ह्रास आएको देखिएको छ ।

- धार्मिकस्थलहरुको भ्रमण गर्ने अधिकांश पर्यटकहरुले सामुहिक वा पारिवारिक रुपमा भ्रमण गर्ने गरेको देखिएको छ भने एकल रुपमा भ्रमण गर्ने पर्यटकको संख्या न्यून रहेको छ । धार्मिक स्थलहरु भ्रमणको मुख्य उद्देश्य धार्मिक आस्था तथा मनोकांक्षा प्राप्तिको लागि गरेको भाकल पूरा गर्ने रहेकाले पनि पारिवारिक रुपमा भ्रमण गर्ने गरेको देखिएको हो ।

- सर्वेक्षणमा सहभागी आन्तरिक धार्मिक पर्यटकहरुले धार्मिकस्थलहरुमा आवतजावतको लागि निजी, सार्वजनिक र विशेष गरी खप्तड क्षेत्रमा पैदल यात्रा गर्ने गरेको पाइएको छ भने रिजर्भ सवारी साधनको माध्यमबाट भ्रमण गर्ने पर्यटकको संख्या अत्यन्त न्यून रहेको देखिएको छ ।

- सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरु बमोजिम औसत भ्रमण अवधि २.६ दिन रहेको तथा प्रति पर्यटक औसत खर्च रु.१६ हजार ५ सय ६७ देखिएको छ ।

- सर्वेक्षणमा सहभागी भएका आन्तरिक पर्यटकहरुको कुल भ्रमण खर्चमध्ये यातायातमा सबैभन्दा बढी ४६ प्रतिशत खर्च भएको देखिएको छ ।

- सर्वेक्षणमा सहभागी होटलहरुको मासिक औषत अकुपेन्सी चालीस प्रतिशत रहेको छ । अधिकतम होटलहरुको सञ्चालक पुरुष रहेको देखिएको छ भने शत प्रतिशत व्यवसायीहरु स्थानीयवासी रहेका छन् ।

- काउन्टरबाट सोझै होटल बुकिङ्ग गर्ने पर्यटकको संख्या सबैभन्दा बढी रहेको छ। होटलले सेवा प्रदान गरे वापत प्राप्त गर्ने भुक्तानीको ३८.३० प्रतिशत भुक्तानी नगदमै, २७.६६ प्रतिशत भुक्तानी QR Code को माध्यमबाट हुने गरेको, १२.७७ प्रतिशत भुक्तानी ईन्टरनेट बैंकिङ्गबाट तथा बाँकी भुक्तानी कार्ड र डिजिटल खल्तीबाट हुने गरेको देखिएको छ ।

- सर्वेक्षणमा सहभागी धार्मिक पर्यटन स्थल वरपर सञ्चालनमा रहेका होटलहरुको औसत मासिक बिक्री रु.१ लाख ४० हजार रहेको छ ।

- सर्वेक्षणमा सहभागी होटलहरुमध्ये ४२ प्रतिशत होटलहरु केवल सुविधा विस्तार गर्ने र ३९ प्रतिशत होटलहरु क्षमता विस्तार गर्ने योजनामा रहेको देखिएको छ भने १५ प्रतिशत मात्र हालको अवस्थामा यथावत रुपमा होटल सञ्चालन गर्ने योजनामा रहेको देखिएको छ ।

- सर्वेक्षणमा सहभागी होटलहरुमध्ये ११ प्रतिशत होटलहरुले Chain होटल (Franchise) मा आवद्ध हुन चाहेको जानकारी दिए भने बाँकी ८९ प्रतिशत होटलहरुले सोमा आवद्ध हुने चाहना नभएको जानकारी दिए ।

- सर्वेक्षणमा सहभागी ५७.७८ प्रतिशत स्थानीय वासीले धार्मिक स्थलका कारण वरपरका क्षेत्रमा रोजगारको अवसर बढेको र ४२.२२ प्रतिशत सहभागीले नबढेको जानकारी दिएका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये जीवनशैलीको गुणस्तरमा परिवर्तन आएको जनाउने ५५.५६ प्रतिशत छन् भने परिवर्तन नआएको जनाउने ४४.४४ प्रतिशत रहेका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये तीर्थस्थल र वरपरका क्षेत्रका पूर्वाधारहरुमा सुधार भएको जनाउने सहभागी ८७ प्रतिशत छन् भने १३ प्रतिशत सहभागीहरुले सो क्षेत्रहरुमा सुधार नभएको जनाएका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६८ प्रतिशत सहभागीले स्थानीय व्यवसायीको व्यापारमा वृद्धि भएको जनाएका छन् भने ३२ प्रतिशत सहभागीहरुले नभएको जनाएका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६१ प्रतिशतले तीर्थस्थल र वरपरका क्षेत्रमा व्यापार गर्न आउने प्रवृत्तिमा वृद्धि भएको जनाएका छन् भने ३९ प्रतिशतले नभएको जनाएका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ५१ प्रतिशत सहभागीहरुले तीर्थस्थलमा आर्थिक क्रियाकलापको वृद्धिसंगै सरकारी सेवाको गुणस्तरमा बृद्धि भएको जनाएका छन् भने बाँकी ४९ प्रतिशतले सो नभएको जनाएका छन् ।

- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ७ प्रतिशत सहभागीहरुले तीर्थस्थल र आसपासका क्षेत्रमा अपराधिक गतिविधि बृद्धि भएको जनाएका छन् भने बाँकी ९३ प्रतिशतले सो नभएको जनाएका छन् ।
- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये २२ प्रतिशत सहभागीहरुले तीर्थस्थल र आसपासका क्षेत्रमा बसाई सराई बृद्धि भएको जनाएका छन् भने बाँकी ७८ प्रतिशतले सो नभएको जनाएका छन् ।
- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये १० प्रतिशत सहभागीहरुले लोपोन्मुख जीवजन्तुलाई नकरात्मक प्रभाव परेको जनाएका छन् भने बाँकी ९० प्रतिशतले सो नपरेको जनाएका छन् ।
- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ४७ प्रतिशत सहभागीहरुले प्रदूषण बढेको जनाएका छन् भने बाँकी ५३ प्रतिशतले नबढेको जनाएका छन् । त्यसै गरी १४ प्रतिशत सहभागीहरुले वन विनास बढेको जनाएका छन् भने बाँकी ८६ प्रतिशतले नबढेको जनाएका छन् ।
- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ४५ प्रतिशत सहभागीहरुले भूमी प्रदुषण बढेको जनाएका छन् भने बाँकी २९ प्रतिशतले जल प्रदुषण बढेको जनाएका छन् । त्यसै गरी १३ प्रतिशतले क्रमशः ध्वनी प्रदुषण र वायु प्रदुषण बढेको जनाएका छन् ।
- सर्वेक्षणमा सहभागी स्थानीयवासी मध्ये ६ प्रतिशत सहभागीहरुले बाढी पहिरोमा बृद्धि भएको र जलवायु परिवर्तनकम नकरात्मक असर परेको जनाएका छन् भने बाँकी ९४ प्रतिशतले बाढी पहिरोमा वृद्धि नभएको र जलवायु परिवर्तनमा नकरात्मक असर नपरेको जनाएका छन् ।

## सुझावहरु

- सुदूरपश्चिममा प्रदेशमा अवस्थित प्रसिद्ध सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न आवश्यक गुरुयोजना तथा रणनीति निर्माण गर्नुपर्ने ।

- धार्मिक तथा पर्यटकीय गन्तव्यहरु जस्तै खप्तड, रामारोशन तथा बडीमालिका पदमार्गमा यथेष्ट आरामदायी आवासगृह तथा रेष्टुरेण्ट, आधुनिक पर्यटन सूचना केन्द्र, गन्तब्य नजिकै स्वास्थ्य केन्द्र, आपतकालीन पर्यटक खोज तथा उद्दार केन्द्र तथा उपकरण, पर्यटक प्रहरीको सुनिश्चितता हुनुपर्ने ।

- यस प्रदेशमा रहेका प्रमुख धार्मिक पर्यटकीय सम्भावना भएका क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै सडक, विजुली, बत्ती, खानेपानी, नेटवर्क लगायत पर्यटकीय पूर्वाधारहरुको विस्तार गर्न सकिएमा आन्तरिक पर्यटकका साथै विदेशी पर्यटकहरुको आवागमनमा वृद्धि गर्न सकिने ।

- प्रदेश सरकारले धार्मिक पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माणमा गर्ने पुँजीगत खर्च क्रमश घट्दै गईरहेकोले उपर्युक्त शीर्षकमा यथोचित र पर्याप्त बजेट विजियोजन गरी प्रदेशको धार्मिक पर्यटन विकास तथा विस्तारमा अग्रणी भूमिका निभाउनुपर्ने ।

- प्रदेशका विभिन्न धार्मिक पर्यटकीयस्थलमा वार्षिक/अर्ध-वार्षिक रुपमा आयोजना हुने सांस्कृतिक चाडपर्व तथा मेला उत्सवको वार्षिक क्यालेण्डर प्रकाशन एवं प्रचार-प्रसार गर्ने । पर्यटन प्रवर्द्धनका लागि प्रमुख वार्षिक मेला तथा उत्सव (पोर्टफोलियो) छनोट गरी तिनको प्रवर्द्धन र कार्यान्वयनमा सघाउने ।

- स्थानीय मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अभिलेख तयार पारी तिनलाई धार्मिक पर्यटन प्रवर्द्धनका क्रियाकलापसँग आबद्ध गरी स्थानीय जनतालाई आय तथा रोजगारीका अवसरहरू सृजना गर्ने ।

- धार्मिक पर्यटनलाई ग्रामीण पर्यटनसँग आबद्ध तथा प्रवर्द्धन गरी स्थानीयस्तरमा साना तथा मझौला उद्यम विकास गर्ने र निर्यातजन्य सामग्री तथा सेवा उत्पादन गर्ने ।

- धार्मिक पर्यटनमा आउने पर्यटकहरुको बसाई अवधि तथा दैनिक खर्च सीमा वृद्धि गर्न पर्यटन सेवाको विविधिकरण तथा आधुनिकीकरणमा ध्यान दिनुपर्ने ।

- प्रमुख धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूमा तीर्थालुहरूका लागि आवास (धर्मशाला) तथा विश्रामस्थल निर्माण गर्ने ।

- तीर्थयात्रा अर्थात् धार्मिक पर्यटनका लागि नेपाल आउने पर्यटकहरू नेपाली पर्यटनका तेस्रो ठूलो भाग हुन् । सुदूरपश्चिम प्रदेशबाट विदेशी मुलुकमा बसोबास गरेका गैरआवासीय नेपाली र उनीहरूको संस्थालाई यस प्रदेशमा रहेका प्रसिद्ध धार्मिक पर्यटकीय स्थलको प्रबर्द्धन र प्रचारप्रसारमा उपयोग गर्नुपर्ने ।

- छिमेकी देश भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यमा हिन्दु धर्मावलम्बीको संख्या करिब १५ करोड भन्दा माथि छ । त्यसैले, सुदूरपश्चिम प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने विशिष्ट प्रकारको प्रचार-प्रसार संयन्त्र तथा बजारीकरणको रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने ।

- सुदूरपश्चिम प्रदेश सरकारद्धारा निर्माण गरिएको पर्यटनसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधिको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।

- नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६-२०२५) सँग मिल्ने गरी प्रादेशिक गुरुयोजना तयार गर्ने ।

- धार्मिकस्थलको भ्रमणमा स्थलमार्गबाट आउने बाह्य तथा आन्तरिक पर्यटकहरुको तथ्याङ्क संकलनको लागि उचित संयन्त्र निर्माण गर्ने ।

- प्रदेशका हरेक जिल्लामा विमानस्थलको व्यवस्था, पहाडी तथा हिमाली क्षेत्रमा हवाई नियमितता एवं सुरक्षित र भरपर्दो उडान सञ्चालन गर्नुपर्ने ।

- विविध प्रकारका सामाजिक सञ्जालको माध्यम (जस्तै Facebook, Youtube, Instagram, Twitter आदि) बाट यस प्रदेशमा अवस्थित प्रसिद्ध धार्मिक पर्यटकीयस्थलको बारेमा श्रव्य-दृश्य मिश्रित जानकारी तथा सूचना प्रवाह गरी प्रचार प्रसारलाई Digitally रुपान्तरण गर्नुपर्ने ।

- यस प्रदेशका धार्मिक, प्राकृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी प्रदेशलाई पर्यटकीय दृष्टिकोणले आकर्षक गन्तव्यस्थलको रुपमा स्थापना गर्नुपर्ने ।

- प्रदेशमा रहेका पर्यटकस्तरीय होटल तथा होमस्टले प्रदान गर्ने सेवाको स्तरोन्नति गर्नुपर्ने, अग्रिम बुकिङ्ग तथा सेवा सुविधा सम्बन्धी जानकारीको लागि पर्यटकहरुले विद्युतीय माध्यमबाट सबै सूचना हासिल गर्न सक्ने गरी होटल व्यवसायीहरुले स्तरवृद्धि गर्नुपर्ने ।

- धार्मिकस्थलमा रहेका दानपेटिका, होटल तथा स्थानीय बजारमा भुक्तानीको लागि आधुनिक भुक्तानीका माध्यमहरु जस्तैः QR, मोवाइल बैकिङ्ग तथा अन्य विद्युतीय भुक्तानीका माध्यमको प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने ।

- प्रसिद्ध धार्मिक पर्यटकस्थलहरुमा मेला, पर्व, जाँत आदी समारोहमा अत्याधिक भीड हुने भएकोले उक्त समयमा शान्ति तथा सुरक्षाको दृष्टिकोणले सुरक्षा निकायको बाक्लो उपस्थिति, सि.सि.टि.भि. निगरानी तथा अग्नि नियन्त्रक उपकरणहरुको व्यवस्थामा ध्यान दिनुपर्ने ।

- यस प्रदेशको मुख्य नाकाहरु जस्तै गड्डाचौकी र त्रिनगर भन्सारमा प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्रहरुको संक्षिप्त जानकारी तथा फोटो सहितको Display Board स्थापना गर्नुपर्ने ।

- कानुनी रुपमा दर्ता नगरी अनौपचारिक रूपमा सञ्चालित रेष्टुरेन्ट, होमस्टे, लज, धर्मशाला आदिको मापदण्ड तयार गरी वर्गीकरण गर्ने प्रबन्ध मिलाउने । यसबाट अनौपचारिक क्षेत्रमा सञ्चालित व्यवसायहरु औपचारिक दायरामा ल्याउन सकिने ।

- धार्मिक पर्यटनको सम्भावनालाई बढाउन लैङ्गिक मूलप्रवाहीकरण तथा अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने ।

## सन्दर्भ सामग्री


नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०२०/२१ ।

केन्द्रीय तथ्याङ्क विभाग, प्रादेशिक राष्ट्रिय लेखा, २०२१ ।

केन्द्रीय तथ्याङ्क विभाग, Analytical Report Tourism २०२१ ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन नीति २०६५, सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५, सिंहदरबार काठमाण्डौ ।

सुदूरपश्चिम सरकार, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेशको पर्यटन गुरुयोजना २०७९/८० देखि २०८९/९० ।

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय, प्रदेश नं १ मा धार्मिक पर्यटनको स्थिति, सम्भावना तथा चुनौतीहरु, विशेष अध्ययन प्रतिवेदन २०७७/७८ ।

Cheng et al., (2015).The mediating effect of situation involvement of novelty seeking and satisfaction for Yanshuei Fireworks Festival in Taiwan", International Journal of Culture, Tourism and Hospitality Research, Vol. 9 Iss 2 pp. 154 – 167

Choe, J., & O'regan, M. (2015). Religious Tourism Experiences in South East Asia. Institute for Tourism Studies, Macao, China.

Griffin, K., & Raj, R. (2017). The Importance of Religious Tourism and Pilgrimage: reflecting on definitions, motives and data. International Journal of Religious Tourism and Pilgrimage, Volume 5(3).

Gurung, R. (2016). Marketing Religious Tourism Destination. Thesis, Centria University of Applied Sciences

Kartal et al. (2015). Examining the religious tourism potential of Manisa, Turkey with a marketing perspective. Tourism Review, Vol. 70 Iss 3 pp. 214 – 231

Okech, R.N. (2011), Promoting sustainable festival events tourism: a case study of Lamu Kenya, Worldwide Hospitality and Tourism Themes, Vol. 3 No. 3, pp. 193-202.

Orekat, F. (2016). Understanding Visitors' Experiences at Religious Heritage Sites: A Case Study from Jordan. University of Sydney, Jordan

Rashid, A.G. (2018), "Religious tourism – a review of the literature", Journal of Hospitality and Tourism Insights, Vol. 1 No. 2, pp. 150-167

Rojas-Méndez, (2013). The nation Brand Molecule. Journal of Product and Brand Management

Sutihar, D. N. (2013). An Analysis of Religious Tourist Growth in Nepal. Prithivi Narayan Campus T.U., Pokhara.

Tripathi et al. (2010) What do the tourists want? The case of the golden temple, Amritsar.Worldwide Hospitality and Tourism Themes.

UNWTO. (2017). International Congress on Religious Tourism and Pilgrimage. The Potential of Sacred Places As a Tool For Sustainable Tourism. Fatima, Portugal.

UNWTO. (2020, August/September). International tourism down 65% in first half of 2020. World Tourism Barometer, vol. 18(5), pp. 2-36

Yadav et al. (2010). Exploring the relationship between socio-cultural factors and tourist satisfaction: a study of Lotus Temple, New Delhi, India", Worldwide Hospitality and Tourism Themes, Vol. 2 No. 5, pp. 554-558.

(अनुसूची-१)

## १. धार्मिक स्थल सम्बन्धी जानकारी :

### (क) त्रिपुरा सुन्दरी मन्दिर, बैतडी

पौराणिक कथा अनुसार देवासुर संग्राममा भगवती दुर्गाले देवताहरूको पक्ष लिएकी र उक्त संग्राममा देवता विजयी भएको प्रसङ्ग अनुसार रणमा सैन्यको काम गरेकीले उक्त भगवतीको नाम रणसैन्याबाट अपभ्रंश भई बैतडेली भाषामा 'रणसैनी' हुन गएको मानिन्छ। यहाँ लाग्ने मेलामा बैतडीसँगै भारतको उत्तराखण्ड क्षेत्रबाट समेत उल्लेख्य मात्रामा भक्तजनहरु मन्दिरमा आउने गरेका छन्।

यहाँको मौसम सामान्यतया मध्यम किसिमको रमणीय छ। यहाँ दर्शन गरेपछि मनले सोचको पूरा हुने, सुख शान्ति प्राप्त हुने जन विश्वास छ। यस स्थानमा आषाढ शुक्ल अष्टमी र नवमीमा त्यस्तै आश्विन महिनाको नव रात्री र दशमीमा जात्रा लाग्दछ। आषाढ शुक्ल अष्टमी र नवमीमा भगवतीको पूजा गरी ठूलो पर्वको रुपमा आषाढी जात्रा मनाइन्छ। आश्विन नवरात्रीमा, दशमीमा हुने प्रत्येक जात्रामा भगवतीको 'भणार जात्रा' हुन्छ र सो जात्रामा कापडी गाउँको मन्दिरबाट 'डोटीमा' प्याउलो अर्थात् भगवतीको स्वर्ण प्रतिमा राखी मन्दिरको देवलमा ल्याइन्छ। मानिसहरुले यस स्थानको आषाढको मेला र आश्विनको नवरात्री मेलामा बढी भ्रमण गर्दछन्। यहाँ दैनिक ३०-४० जना र मेला पर्वमा २०-२५ हजार मानिसहरु भेला हुन्छन्। यस स्थलमा बार्षिक सरदर ५०-६० हजार मानिसहरुले भ्रमण गर्दछन्। ती भ्रमण गर्ने मानिसहरु प्राय बैतडी जिल्ला र छिमेकी जिल्लाका साथै भारतबाट पनि आउने गर्छन। मेलाका बेला बैतडीबाट अन्यत्र गएका स्थानीय त्यहाँ आउने गर्दछन् भने कुमाउँतिरबाट पनि प्रशस्त मात्रामा भक्तालुहरू आउँछन्। त्यसबेला राँगो वा बोकाको बलि दिने गर्दछन्। कुनैबेला त्यहाँ देउकी प्रथा थियो र उक्त प्रथा हाल हटिसकेको छ।

यस मन्दिरको खास विशेषता भनेको मन्दिरको भित्ताको खोपामा सिहंवाहिनी त्रिपुरासुन्दरीको शिला मुर्ति रहेको, मन्दिरको प्राङ्गणमा स्तम्भ माथि चामुण्डा र बराहको मुर्तिहरु रहेका हुन्। बराहाले पृथ्वीदेवीलाई उठाएर उद्धार गरिरहेको बराहको मुर्ति १४ र १५ औ शताब्दी तिरको मानिएको छ। यस मन्दिरमा पूजारी बाहेक अरुलाई प्रवेश निषेध छ। प्यागोडा शैलीमा निर्माण गरिएको यस मन्दिरको छाना ताम्रपात्रले बनाइएको छ। यस मन्दिरमा वर्षमा ६२ दिन पूजा लाग्ने र प्रत्येक औंसी, पूर्णिमा, संक्रान्ति एवं चारवटा नवरात्रीमा पूजा लाग्ने गर्दछ। भगवति उत्पत्तिका विषयमा विभिन्न किंवदन्ती पाईन्छन्।

उत्तर दक्षिण भएर करिब ३०० मिटर लामो र ५० मिटर जति चौडा भएको चउरको मध्य भागमा त्रिपुरासुन्दरी मन्दिर निर्मित छ। डोटेली शासक नागी मल्लको शासनकालभन्दा तीन पुस्ता अगाडि नै मन्दिर स्थापित भएको मानिन्छ। सानोतिनो वनसहितको उक्त मन्दिरको परिसरमा भगवान शिव, गणेश, सिंहका मूर्ति एवं नगरा राखिएका छन् भने मन्दिर वरपर भक्तजनहरूको आआफ्नो अभिष्ट सिद्धिका लागि घण्टहरू चढाएको देखिन्छ। मन्दिर बाहिर विशाल काठे झुला (पिङ) राखिएको छ।

### (ख) मेलौली भगवती मन्दिर, बैतडी

यो मन्दिर समुद्री सतहबाट लगभग एक हजार सात सय मिटरको उचाइमा अवस्थित छ । बैतडी जिल्लामा यतिको उचाइमा सम्म परेको दुबोचौरले भरिपूर्ण एक मात्र स्थल यही मेलौली मन्दिर परिसर मात्रै हो । यहाँको हावापानी बाह्रै महिना समशीतोष्ण रहन्छ । इतिहासमा विभिन्न राज्यहरुको आरोह-अवरोहसँगै यस मन्दिरको पुनर्निर्माण कार्य पनि हुदैं आइरहेको पाइन्छ । मेलौली भगवती मन्दिरको मुख्य पूजा र जात्राको अवसरमा करिब दुई सयदेखि पाँचसयसम्म ठूला राँगा र सोही संख्यामा बोकाको बलि दिइने गरिन्छ । नेजा, ध्वजा, भाना, भोक्कर, झाँजलगायत दाइन-दमाहाको बाजा-गाजासहित श्वेत फेटा र बागो लगाई सुन चाँदीको गहनामा सुशोभित हातमा चामर लिएर मेलौली र उदयदेवका धामीहरुले दशौं व्यक्तिहरुले बोक्ने चक्डोलमा सवार भइ पूर्णिमाको बिहान सूर्योदयको मुहूर्तमा लगभग एक घण्टासम्म काँप्ने गरेको अनुपम दृश्यले दर्शकहरुलाई मन्त्रमुग्ध तुल्याउँछ ।

यो अवसरलाई धामी काँप्ने, डेउडा खेल्ने, आफन्त तथा इष्टमित्रहरुसँग भेटघाट हुने अवसरका रूपमा पनि लिने गरिन्छ । यसका अलावा यस मन्दिरमा चैते नवरात्र र असोजका नवरात्रमा पनि नित्य पाठपूजा र बलि चढाइने गरिन्छ । श्रावण र भाद्र महिनामा पर्ने सुदूरपश्चिमको प्रसिद्ध चाड गौरापर्वमा समेत यहाँ ठूलो मेला लाग्ने गर्दछ ।

गौरापर्वमा स्थानीय देवी-देवता, वीरपुरुषहरु, भगवती, कौरव, पाण्डव तथा रामका कथाहरु ढोल र मजुरा बजाई ठाडो खेलको रुपमा युवा-युवतीहरु तथा वृद्धहरु ठूलो श्रद्धाका साथ खेल्ने गर्दछन । यी जात्राहरुमा महिलाले लगाउने पुरानो समयको पहिरन अंग्रेज कालका चाँदीका भिक्टोरियन कम्पनीमाला, झुमझुमी बाला, नथु, मुदडा, कन्नी पैडा, आङ्गडो, घाँगरो, पिछौडा, गामन इत्यादि आफ्नो पारम्परिक पोसाकहरुका साथ सुसज्जित महिलाको समूह अत्यन्तै रोचक र मनमोहक लाग्ने गर्दछ । मेलौली भगवतीमा लाग्ने जात्रालाई स्थानीय भाषामा देहीजात भन्ने गरिन्छ । यो जात्रामा स्थानीय कृषि उपजहरुले राम्रो बजार पाउने गरेका छन् ।

मेलौली भगवती उत्पत्तीका सम्बन्धमा विभिन्न किंवदन्तीहरु छन् । एघारौं शताब्दितिर मुस्लिम शासकहरुले त्यहाँका रैथाने जनतालाई इस्लाम धर्म कबुल गर्न वा देश छोड्न चेतावनी दिए । वर्तमान उत्तराञ्चलको कुमाउँमा पर्ने कत्यूर भन्ने ठाउँमा निवास गर्दै आईरहेका कत्युरा हिन्दुहरु ईश्लाम धर्म मान्न नसकेर महाकाली नदीपार बैतडी जिल्लाको ग्वाल्लेक केदारको धुरामा आई जंगली पाराले हिंसाबृत्ति वा शिकार गरी जीवनयापन गर्न थाले । बसाई सराई गर्दै जाँदा अन्ततः हालको मेलौली भन्ने स्थानमा बस्न थाले । यसरी बसोबास गर्दै आएका एकजना कत्युराको दुधारु गाईले सधैंजसो केदारको धुरामा रहेको मेलौली शिलामा दुध चढाउने गर्दथ्यो । गाई गोठालोलाई बनमै दुध दोएको आरोप लागेपछि निजले गाईको पिछा गर्दा ग्वाल्लेक धुराको एक शिलामा गाईले दुध चढाइरहेको देखेर सो वृतान्त मालिकलाई सुनाए । मालिक सहित गाउँका सबै जनाले उक्त स्थानमा शिला भेटी सो शिलालाई महाकाली नदीमा बिसर्जन गर्ने निर्णय गरियो । सुकेको मेलको लट्ठी टेक्दै महाकाली नदी तर्फ प्रस्थान गरेका गाई मालिक पोखर्याललाई बैतडीको देही भन्ने स्थानमा शौच गर्न र शुद्ध भई पानी पिउने ईच्छा भयो । मेलको लट्ठी नजिकै जमिनमा गाडी शौच गरे पश्चात निजले पानी भने भेटेनन् । भएको पानी पनि सुक्दै गएको र मेलको लट्ठी समेत पलाएर हराभरा रुखमा परिणत भएको देखेपछि निज के गर्ने कसो गर्ने असमञ्जसमा परेका बखत शिलाबाट शिलालाई कहीँ नलिई त्यही छोड्ने आदेश आयो । सो आदेश मानी

हुन्छ प्रभु भन्ने वितिक्कै नजिकैको ढुङ्गामा काग आई बसेर कराएको र सो ढुङ्गामा चिरा परी पानी आएको किंबदन्ती रही आएको छ । यो घटनाको जानकारी अन्यले पनि पाए पछि सो शिला र मेलको लट्ठीको पूजा आजा गर्न थालियो । सुकेको मेलको लट्ठीलाई आफ्नो शक्तिले तुरुन्तै हरभरा गर्न समर्थ भएकोले उक्त दैवीय शक्तिलाई मेलौली नामाकरण गरियो । त्यो मेलको बोट हाल पनि उक्त स्थानमा यथावत छ । यही कारणले गर्दा कालान्तरमा उक्त स्थानको नाम पनि मेलौली रहन गएको हो भन्ने मान्यता रहेको छ ।

**(ग) खप्तड क्षेत्र (बाजुरा, बझाङ, अछाम, डोटी)**

खप्तड क्षेत्रलाई प्राचिन समयमा **खापर तड (खापर-देवता र तड-पाटन)** अर्थात् खापर देवताको पाटन वा फाँट भनेर चिनिन्थ्यो । विस्तारै विस्तारै उक्त नाम अपभ्रंश हुदै यस क्षेत्रको नाम **खप्तड** रहन गएको किंबदन्ती रहेको छ । यो राष्ट्रिय निकुञ्जको रुपमा वि.स. २०४० (सन् १९८४) देखि नै स्थापना भएतापनि वि.स. २०४३ असाढ ९ गते (सन् १९८६) मात्रै राजपत्रमा प्रकाशित भएको हो । नेपालको सुदूरपश्चिम प्रदेशका चार जिल्ला डोटी, बझाङ, अछाम र बाजुराको आंशिक भू-भागको प्रतिनिधित्व गर्ने यो निकुञ्जको मुख्यालय खप्तड बाजुरामा रहेको छ ।

यस राष्ट्रिय निकुञ्जले मध्य पहाडी वातावरण, वनस्पति र वन्यजन्तुको प्रतिनिधित्व गर्दछ । यहाँ सल्ला, खसु र निगोलाका जंगलहरुको साथै वन्यजन्तुका लागि उपयुक्त घाँसे मैदान रहेका छन् । निकुञ्जमा कस्तुरी मृग, चरी बाघ र ब्वाँसो जस्ता वन्यजन्तुका साथै रतुवा, मृग, घोरल, चितुवा, जंगली कुकुर, जंगली विरालो, रातो बाँदर, बँदेल लगायत २३ प्रजातीका स्तनधारी वन्यजन्तु पाइन्छन् । यहाँ डाँफे, मुनाल, चीर, कालिज लगायत २८७ प्रजातीका पंक्षीका अभिलेखिकरण भएको छ ।

यो राष्ट्रिय निकुञ्ज धार्मिक दृष्टिकोणले पनि निकै महत्वपुर्ण छ । त्रिवेणी क्षेत्र, खप्तड दह, बाबा आश्रम, नागढुङ्गा, केदारढुङ्गा, माईकाथान, सहस्रलिङ्ग लगायतका धार्मिक स्थानहरु रहेका छन् । यहाँ जेठ महिनाको शुक्लपक्षको दशमी तीथिमा गँगा दशहरा मेला, जनैपुर्णिमा लगायतका धार्मिक पर्वमा हजारौको संख्यामा तीर्थयात्रीहरु आउने गर्दछन् । यो क्षेत्र पर्यापर्यटनको प्रचुर सम्भावना भएतापनि भौगोलिक विकटता, यातायातको असूविधा, प्रचार प्रसारको कमीका साथै भौतिक सेवा सुविधाको अभावले गर्दा पछाडी परेको छ । मध्यवर्ती क्षेत्रको मुख्य आम्दानीको स्रोत नै निकुञ्जको पर्यापर्यटन भएकोले मध्यवर्ती क्षेत्रको आम्दानी पनि न्यून रहेको छ ।

पर्यटकहरुको प्रमुख रोजाई भएपनि आवश्यक पर्यटकीय र अन्य पूर्वाधारको कमीले पर्यटकहरुलाई खान बस्नको समेत समस्या रहेको छ । नेपाल सरकारले देशभर छानेका सय वटा गन्तव्य स्थलमा खप्तड पनि पर्दछ । यस क्षेत्र पुग्न डोटी, अछाम, बझाङ र बाजुराको प्रवेशद्वारहरुबाट एकदिन लाग्छ । चारवटै जिल्लाबाट जान सकिने भएपनि खासगरी बझाङ र डोटीबाट खप्तड जान पर्यटकलाई सहज छ । पछिल्लो समय बझाङको लामातोलासम्म कच्ची सडक पुगेकाले सो स्थानबाट खप्तड जान सहज भएको छ ।  फर्किदा डोटीको झिंग्राना हुँदै सिलगढी आउन सकिन्छ । यसले यात्रालाई अझ रमाईलो बनाउंछ । बाटोमा रहेका विभिन्न फुल तथा बोट विरुवाका कारण पनि खप्तड यात्रा अझ रोमाञ्चकारी हुन पुगेको छ ।

पुराण अनुसार महादेवले खप्तडको जडिबुटि प्रयोग गरी विरामी निको पार्ने गरेकोले उनलाई बैद्यनाथ भनिन्छ । यस क्षेत्रमा विभिन्न सांस्कृतिक मेलाहरु लाग्ने गर्छन् । ज्येष्ठ शुक्ल पक्षको गंगा दशहरा तिथिमा यहाँ हरेक

वर्ष ठूलो मेला लाग्ने गर्छ । हजारौ तिर्थयात्री र आन्तरिक पर्यटहरु यस अवसरमा खप्तड आई त्रिवेणी धाममा स्नान गरी सुदूरपश्चिमकै प्रसिद्ध हुड्के नाँच हेरी देउडा खेलेर रमाउने गर्दछन् ।

